महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको
छैटौं वार्षिक प्रतिवेदन
२०८१

बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं: १३३२८

पत्र संख्या : २०८०।८१
च.नं. : १४९

मिति : २०८१।२।१३

विषय : वार्षिक प्रतिवेदन ।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

(तोयम राया)
महालेखापरीक्षक

फोन नम्बर: ५९१९१६३ फ्याक्स: ४२६८३०९ इमेल: oagnep@ntc.net.np/info@oag.gov.np वेब: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति.....**	९
	खण्ड - १ : प्रदेश मन्त्रालय तथा निकाय	
	१. प्रदेश सभा सचिवालय	१७
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१९
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय.....	२४
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	२७
	५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३५
	६. खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय.....	४०
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय.....	४५
	८. वन तथा वातावरण मन्त्रालय	५२
	९. श्रम, रोजगार तथा यातायात मन्त्रालय	५७
	१०. संस्कृति तथा पर्यटन मन्त्रालय	६०
	११. सामाजिक विकास मन्त्रालय	६५
	१२. स्वास्थ्य मन्त्रालय	७२
	१३. प्रदेश नीति तथा योजना आयोग	७७
	१४. प्रदेश लोक सेवा आयोग	८०
	१५. मुख्य न्यायाधिवक्ताको कार्यालय	८२
	खण्ड - २ : स्थानीय तह	८५
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति.....**	९१
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार.....**	९३
	अनुसूचीहरू.....	९७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना तथा असल अभ्याससमेतको आधारमा प्रदेश सरकारका निकायको आर्थिक वर्ष २०७९।८० र बक्यौतासमेत विनियोजन, राजस्व, धरौटी, र अन्य कोषहरूको लेखापरीक्षण सम्पन्न गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रदेश सरकारतर्फ यो छैटौं वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ ।

यो वर्ष जोखिम सूचकका आधारमा विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत् लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ । लेखापरीक्षणको गुणस्तर कायम गर्न एवं प्रदेशगत रुपमा प्रतिवेदनमा एकरुपता कायम गर्ने प्रयास गरिएको छ। लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृतलगायत सम्बद्ध पक्षसँग छलफल गरी प्राप्त राय, सल्लाह र सुझावसमेतलाई आधार लिई प्रतिवेदन तयार गरिएको छ ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्था समेत २२० निकायको रू.८४ अर्ब २२ करोड ८२ लाख २ हजारको लेखापरीक्षण सम्पन्न भई रू.९६ करोड ४९ लाख १४ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.१४ प्रतिशत रहेको छ । गत वर्ष लेखापरीक्षण अङ्कको १.३७ प्रतिशत बेरुजु कायम भएको थियो । म्याद नाघेको पेश्कीलाई लगती बेरुजु कायम गरिएको छ ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, संगठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा संघीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वर्षेनी वृद्धि हुँदै गएको, उत्पादनशिल क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भईरहेको, संगठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता एकिन गर्न नसकेको अवस्था छ । आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचानबेगर सामान खरिद भएको तर उपयोग हुन नसकेको देखिन्छ ।

लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो । कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षण वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत् सार्वजनिक लेखा समितिमा छलफल भएपनि समितिले दिएको निर्देशन पालना गरी वित्तीय अनुसशान कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु । लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अङ्ग, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत २२० निकायको २०७९।८० को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १७९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ४१ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ । विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत् लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१५ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्य गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal/Anamnagar, Kathmandu, Nepal
(शासकीय लेखापरीक्षण विभाग)

पत्र सख्या: २०८०।८१
चलानी नम्बर: 666

मिति: २०८१।२।७

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

विषयः एकीकृत वित्तीय विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

१. **कैफियतसहितको राय -** हामीले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को प्राप्ति तथा भुक्तानीको एकीकृत तथा वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति तथा भुक्तानीको एकीकृत एवम् वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको प्रदेश सरकारको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार -**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रू.९६ करोड ४९ लाख १४ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू.६ करोड ९५ लाख ३५ हजार, नियमित गर्नुपर्ने रू.७१ करोड ३२ हजार र पेस्की बाँकी रू.१८ करोड ५३ लाख ४७ हजार रहेको छ ।

२.२. प्रदेश सरकार र मातहतको रू.६ अर्ब २८ करोड ५६ लाख ९८ हजार स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ । ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन ।

२.३. प्रदेश सरकारको लागि रू.८ अर्ब २१ करोड २५ लाख सर्शत अनुदान, रू.१ अर्ब ४ करोड समपुरक अनुदान र रू.७९ करोड विशेष अनुदान प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.३ अर्ब ८२ करोड ६५ लाख बचत रहेको छ। उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता भएको छ ।

२.४. राजस्व बाँडफाँट अन्तर्गत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तशुल्क, प्राकृतिक स्रोतको रोयल्टी बापतको रकम आर्थिक वर्षको अन्त्यसम्म पनि रू.७५ करोड ७६ लाख प्राप्त भएको छैन ।

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

२.५. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सर्शत, समपुरक र विशेष अनुदानमध्ये २०८० आषाढ मसान्तसम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई रू.७० करोड बाँकी रहेको छ । उक्त रकम प्रदेश सरकारबाट स्थानान्तरण भई स्थानीय तहको खातामा मौज्दात रहेको अवस्थामा प्रदेश सञ्चित कोषमा खर्च देखाएको छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले लेखापरीक्षण गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको अभिलेख र संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग बजेट व्यवस्थापन, राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृती र कार्यान्वयन, उपभोक्ता समितिबाट भएको कार्य, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ । मन्त्रालयका लेखाउत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

५. **वित्तीय विवरणको परीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्ततालै उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजीजन्य वा अन्य गल्तीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

.....

(विन्दु विष्ट)

उप-महालेखापरीक्षक

परिच्छेद

९



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम (रू. हजारमा)
१.	प्रदेश मन्त्रालय तथा निकाय	२०६	७८९९२७७१
२.	समिति तथा अन्य संस्था	१४	५२३५४३१
	जम्मा	**२२०**	**८४२२८२०२**

यो वर्ष २०६ प्रदेश मन्त्रालय तथा निकायको रू.७८ अर्ब ९९ करोड २७ लाख ७१ हजार र १४ समिति र अन्य संस्थाको रू.५ अर्ब २३ करोड ५४ लाख ३१ हजार समेत रू.८४ अर्ब २२ करोड ८२ लाख २ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची-१, १(क) र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष २०६ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न रकम (रू. हजारमा)
१.	विनियोजन खर्च	४६८६१९६८
२.	राजस्व	२७३९७५००
३.	धरौटी	३२०८७९९
४.	अन्य कारोबार	१५२४५०४
जम्मा		**७८९९२७७१**

लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १४ समिति अन्य संस्थाको रू.५ अर्ब २३ करोड ५४ लाख ३१ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय तथा निकायगत व्यहोरामा समावेश छ । लेखापरीक्षण गरिएका निकायको विस्तृत विवरण **अनुसूची-४** मा उल्लेख छ ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र. सं.	शीर्षक/क्षेत्र	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		
				बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
१.	चालु (वित्तीय हस्तान्तरण समेत)	१४१८६६०३	१५६९९९०६	२३०८३८३८	१७९८२४००	७७.९०
२.	पूँजीगत	२०००८२३९	२०९९५०५७	४५८५५४५३	२८२७९५६८	६१.६७
३.	वित्तीय व्यवस्था	१४०००००	१३०००००	२०००००	६०००००	३०.००
	कुल जम्मा	**३५५९४८४२**	**३७९९४९६३**	**७०९३९२९१**	**४६८६१९६८**	**६६.०५**

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल खर्चको (चालु र पूँजीगत) विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय/केन्द्रीय निकायको नाम	अन्तिम कायम बजेट				यथार्थ खर्च				खर्च प्रतिशत
		चालु	पूंजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा	चालु	पूँजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा खर्च	
१	प्रदेश व्यवस्थापिका	२९०२३८	६९३७२		३५९६१०	१६०७९०	२५८१६	०	१८६६०६	५१.८९
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	५४५४८१	७३५१०		६१८९९१	३३१९८६	१७९६८	०	३४९९५४	५६.५४
३	आन्तरिक मामिला तथा कानून मन्त्रालय	१५६०७४	६०४६७३		७६०७४७	९३३१०	४०९०५२	०	५०२३६२	६६.०४
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	२०८३५७	३१७१४		२४००७१	१३८०००	७६१५	०	१४५६१५	६०.६५
५	उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय (साविक)	३४८४०७	२३७३६९		५८५७७७	२४२४८०	६३०४८	०	३०५५२८	५२.१६
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३१६०००१	७१७०७०		३८७७०७१	२२६३३७७	४०७३८३	०	२६७०७६०	६८.८९
७	खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय	३९७८०९	८७८०२७०		९१७८०७९	३२३१०८	७४१९८४३	०	७७४२९५१	८४.३६
८	भूमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालय (साविक)	८५०६७	३२८८७		११७९५४	७६३२९	३००३७	०	१०६३६६	९०.१८
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	३९७८८६	२१५९१०९०		२१९८८९७६	२७२३७७	१५०९९७१८	०	१५३७२०९५	६९.९१
१०	युवा तथा खेलकुद मन्त्रालय (साविक)	४२०१७९	८३०२५५		१२५०४३४	३०५५३१	४८७३४५	०	७९२८७६	६३.४१
११	वन तथा वातावरण मन्त्रालय	१२७६५१२	२०५६७८२		३३३३२९३	८९६८९६	१६५७७२७	०	२५५४६२३	७६.६४
१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	६२०१८५	१८६९७१		८०७१५६	४७०१९२	३४१६२	०	५०४३५४	६२.४९
१३	संस्कृति तथा पर्यटन मन्त्रालय	२०७७८०	१६६५४९०		१८७३२७०	९८०२२	११५८७२६	०	१२५६७४८	६७.०९
१४	सामाजिक विकास मन्त्रालय	२७३५८४७	१०४७८०२		३७८३६४८	२०१००८६	८५२३५३	०	२८६२४३९	७५.६५
१५	स्वास्थ्य मन्त्रालय	३६४०३२०	९२३७९७		४५६४११७	२५३५०४२	५९९८७१	०	३१३४९१३	६८.६९
१६	प्रदेश नीति तथा योजना आयोग	३७६६५	१३५०		३९०१५	२४४६७	१२८२	०	२५७४९	६६.००
१७	प्रदेश लोक सेवा आयोग	१०९९४२	६८९८		११६८४०	६२५७४	६५०२	०	६९०७६	५९.१२
१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	१८९९२	११६५		२०१५७	१२८६३	११२०	०	१३९८३	६९.३७
१९	वित्तीय व्यवस्था	०	०	२००००००	२००००००	०	०	६०००००	६०००००	३०.००
२०	अर्थ - विविध	३५०९३८९	३२४००८३		६७४९४७१	०	०	०	०	०.००
२१	स्थानीय तह	८६७४६१३	०		८६७४६१३	७६६४९७०	०	०	७६६४९७०	८८.३६
कूल जम्मा		**२६८४०७४४**	**४२०९८५४८**	**२०००००**	**७०९३९२९०**	**१७९८२४००**	**२८२७९५६७**	**६००००**	**४६८६१९६८**	**६६.०५**

माथिको तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रू.१७ अर्ब ९८ करोड २४ लाख अर्थात् विनियोजनको ६७ प्रतिशत र पूँजीगततर्फ रू.२८ अर्ब २७ करोड ९५ लाख ६७ हजार अर्थात् विनियोजित बजेटको ६७.१७ र वित्तीय व्यवस्था तर्फ रू.६० करोड खर्च गरेको छ । प्रदेश सरकारले समग्रमा विनियोजन भएको बजेट रू.७० अर्ब ९३ करोड ९२ लाख ९० हजार मध्ये ६६.०५ प्रतिशत अर्थात् रू.४६ अर्ब ८६ करोड १९ लाख ६९ हजार खर्च गरेको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालु तर्फबाट रू.८ अर्ब ६७ करोड ४६ लाख १३ हजार व्यवस्था गरेकोमध्ये रू.७ अर्ब ६६ करोड ४९ लाख ७० हजार अर्थात् ८८.३६ प्रतिशत खर्च गरेको छ ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारको २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

स्रोत	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ यथार्थ को खर्च	२०७९/८० को			अनुमानको तुलनामा खर्च प्रतिशत
			अनुमान	प्राप्ति	यथार्थ खर्च	
१. संघीय सरकार अनुदान						
१.१ समानीकरण अनुदान	५९१७५४०	५८५४३६३	८४०४६००	७३५४०२५	६७५०७३४	८०.३२
१.२ सशर्त अनुदान	६०००००५	४७६९२५९	१०८३४१५०	८२१२५३७	५३८९१९३	४९.७४
१.३ विशेष अनुदान	२७०५४७	२३२७१४	७९००००	७९००००	४१८१६९	५२.९३
१.४ समपुरक अनुदान	४४०१९०	२१८१९४	१०४००००	१०४००००	४०८५८९	३९.२८
जम्मा	**१२६२८२८२**	**११०७४५३०**	**२१०६८७५०**	**१७३९६५६२**	**१२९६६६८७**	**६१.५४**
२. प्रदेश सरकार	२२९६६५६०	२६९२०४३३	४९८७०५४१	५९४४९९९७	३३८९५२८१	६७.९६
कुल जम्मा	**३५५९४८४२**	**३७९९४९६३**	**७०९३९२९१**	**७६८४६५५९**	**४६८६१९६८**	**६६.०५**

२.३.१. यो वर्ष प्रदेश सरकारको कुल खर्च रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजारमध्ये संघीय सरकारको अनुदानबाट २७.६६ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ७२.३३ प्रतिशत व्यहोरेको छ।

२.३.२. संघीय सरकारबाट प्राप्त हुने प्रक्षेपण गरेको सशर्त अनुदान कम प्राप्त भएको छ । गतवर्षको मौज्दात रकम यसवर्ष खर्च गर्न नसकेको कारण अनुमानभन्दा बढी नगद मौज्दात देखिएको छ । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्य सम्पादन नतिजामा असर परेको छ ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ असुली तथा २०७९।८० को अनुमान र यथार्थ असुलीको अवस्था निम्न अनुसार छ । यो वर्षको राजस्व असुली विवरण **अनुसूची-८** मा छ ।

(रकम रू. हजारमा)

क्र. सं.	स्रोत	२०७७।७८ को यथार्थ असुली	२०७८।७९ को यथार्थ असुली	२०७९।८० को		प्रतिशत
				अनुमान	प्राप्ति	
१.	कर राजस्व	२०६५०५५५	२५७०९१५६	२६९७११७०	२१०३०४०५	७७.९७
२.	गैर कर	५९५०७६२	६३२३२८४	१०५५०००	१४५९३६१	१३८.३२
३	अन्य राजस्व	०	१४३४४०८	६२२४३७१	४०९७७३४	६५.८३
	जम्मा	**२६६०१३१७**	**३३४६६८४८**	**३४२५०५४१**	**२७३९७५००**	**७९.९९**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १८.१३ प्रतिशतले घटेको देखिन्छ । आर्थिक वर्ष २०७९।८० को राजस्व असुलीमा गत वर्षको नगद मौज्दात रू.३१ अर्ब ९४ करोड १३ लाख ७७ हजार र सङ्घीय सरकारबाट प्राप्त अनुदान रू.१३ अर्ब ५६ करोड ९९ लाख ७७ हजारसमेत रू.४५ अर्ब ५१ करोड १३ लाख ५४ हजार समावेश छैन ।

३. **वित्तीय हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रकम रू. हजारमा)

स्रोत	बजेट	हस्तान्तरण	खर्च प्रगति प्रतिशत
समानीकरण अनुदान	१७५००००	१७४३६१३	९९.६३
सशर्त अनुदान	३३११२८८	२९५००८६	८९.०९
समपुरक अनुदान	२८२४०२५	२३०६३३४	८१.६६
विशेष अनुदान	७८९३००	६६४९३७	८४.२४
जम्मा	**८६७४६१३**	**७६६४९७०**	**८८.३६**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् यो वर्ष ११९ स्थानीय तहमा रू.७ अर्ब ६६ करोड ४९ लाख ७० हजार उपलब्ध गराएको छ । अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरण बाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क सङ्कलन गरेर प्रदेश सञ्चित कोषमा सबै रकम फिर्ता गराउने कार्य बाँकी रहेको छ ।

४. **अन्तर सरकारी अख्तियारी -** बागमती प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पूँजीगत तर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा सहकारी मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकाय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकार मातहतका मन्त्रालयले यो वर्ष नेपाल सरकारका ७० निकायलाई अन्तर सरकारी अख्तियारी मार्फत प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन लागि रू.३१ करोड ३२ लाख ९८ हजार बजेट विनियोजन गरी रू.२५ करोड ६३ लाख ३७ हजार खर्च गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन । यसैगरी प्रदेश विनियोजन ऐन विपरित चालु खर्च तर्फ पनि बजेट विनियोजन गरी खर्च गरेको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित निकायको प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यससम्बन्धी कानुनमा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ । नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समुहमा वर्गीकरण गरेको छ । पेश्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेश्कीमा वर्गीकरण गरिएको छ ।

प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०७९।८०) को लेखापरीक्षणबाट औँल्याइएको बेरुजु निम्नानुसार रू.९६ करोड ४९ लाख १४ हजार रहेको छ ।

(रकम रू. हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**८६९०३७**	**९५८७७**	**९६४९१४**	**१००.००**
१. असुल गर्नुपर्ने	**६०९८२**	**८५५३**	**६९५३५**	**७.२१**
२. नियमित गर्नुपर्ने	**६२६४७३**	**८३५५९**	**७१००३२**	**७३.५९**
• अनियमित भएको	१४६६६७	६५८७६	२१२५४३	२२.०३
• प्रमाण कागजात पेस नभएको	४७७००४	१७६६९	४९४६७३	५१.२७
• सोधभर्ना नलिएको	२८०२	१४	२८१६	०.२९
३. पेश्की	**१८१५८२**	**३७६५**	**१८५३४७**	**१९.२१**

द्रष्टव्यः *उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन ।*

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९, १०** मा छ ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय र अन्य संस्था तथा समितिसमेत २२० निकायको रू.८४ अर्ब २२ करोड ८२ लाख २ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । जसमा बेरुजु रू.९६ करोड ४९ लाख १४ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको १.१४ प्रतिशत हुन आउछ ।

(रकम रू. हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	२०६	७८९९२७७१	८६९०३७	१.१०
२.	समिति र अन्य संस्था	१४	५२३५४३१	९५८७७	१.८३
	जम्मा	**२२०**	**८४२२८२०२**	**९६४९१४**	**१.१४**

३. **हालसम्मको बाँकी बेरुजु -** प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाहरूतर्फ अद्यावधिक बेरुजु रू.४ अर्ब २८ करोड ५ लाख ६१ हजार कायम भएको छ । अद्यावधिक बेरुजु गत वर्ष भन्दा २७.७७ प्रतिशतले बढेको छ । यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

(रकम रू. हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
१.	प्रदेश सरकारी निकायहरू	३२४७२१०	-	३४६०३	३२१२६०७	८६९०३७	४०८१६४४
२.	समिति तथा अन्य संस्थाहरू	१०३०४०	-	०	१०३०४०	९५८७७	१९८९१७
	जम्मा	**३३५०२५०**	**-**	**३४६०३**	**३३१५६४७**	**९६४९१४**	**४२८०५६१**

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

४.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७९।८० को बेरुजु फर्स्यौट नभएकाले उक्त व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-१५** मा रहेको छ ।

४.२ यो वर्ष रकमगत आधारमा मन्त्रालयहरूको बेरुजु निम्नानुसार रहेको छः

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम		बेरुजु			जम्मा	कुल बेरुजु प्रतिशत	ले.प. अङ्कको तुलमा बेरुजु प्रतिशत
		लेखापरीक्षण अङ्क	असुल गर्नुपर्ने	नियमित गनुंपर्ने	पेश्की बाँकी			
१	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	४२१७९२३	६५८	२०५४६०	६११२१	२६७२३९	३०.७५	६.३४
२	भौतिक पूर्वाधार विकास मन्त्रालय	२३१९८९६४	४४१२८	१८४७२२	११६००	२४०४५०	२७.६७	१.०४
३	खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय	८५९७९६१	८५१७	१३६५००	२८४१४	१७३४३१	१९.९६	२.०२
४	सामाजिक विकास मन्त्रालय	३४५४४०३	१५५	७०५६	६५२३५	७२४४६	८.३४	२.१०
५	वन तथा वातावरण मन्त्रालय	३१५२८३७	४१६२	५५४९३	१०८४०	७०४९५	८.११	२.२४
६	स्वास्थ्य मन्त्रालय	३५३५१२९	१३६९	१९५३२	०	२०९०१	२.४१	०.५९
७	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	८६४९३६	२२४	६९६७	४३७२	११५६३	१.३३	१.३४
८	श्रम, रोजगार तथा यातायात मन्त्रालय	७१८९१५९	१३६	५३६९	०	५५०५	०.६३	०.०८
९	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (साविक)	८४८३३५	३३३	३१३६	०	३४६९	०.४०	०.४१
१०	प्रदेश सभा सचिवालय	१८९३०८	९३०	१५५६	०	२४८६	०.२९	१.३१
११	संस्कृति तथा पर्यटन मन्त्रालय	१३१९६९२	३७०	६१२	०	९८२	०.११	०.०७
१२	युवा तथा खेलकुद मन्त्रालय (साविक)	८०३८४३	०	७०	०	७०	०.०१	०.०१
१३	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३५७२१८	०	०	०	०	०.००	०.००
१४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१५८१५०२१	०	०	०	०	०.००	०.००
१५	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (साविक)	५२८९८४७	०	०	०	०	०.००	०.००
१६	प्रदेश नीति तथा योजना आयोग	२५७८८	०	०	०	०	०.००	०.००
१७	प्रदेश लोक सेवा आयोग	११८४२०	०	०	०	०	०.००	०.००
१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	१३९८७	०	०	०	०	०.००	०.००
	जम्मा	**७८९९२७७१**	**६०९८२**	**६२६४७३**	**१८१५८२**	**८६९०३७**	**१००.००**	

सरकारी कार्यालयतर्फ बढी बेरुजु हुनेमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय पहिलो, भौतिक पूर्वाधार विकास मन्त्रालय दोस्रो, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय तेस्रो, सामाजिक विकास मन्त्रालय चौथों र वन तथा वातावरण मन्त्रालय पाँचौ नम्बरमा रहेका छन् ।

४.३ यो वर्ष २०६ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ९८ कार्यालय (५२.४२ प्रतिशत) मा लगती बेरुजु देखिएको छैन । समिति तथा अन्य संस्था १४ मध्ये ४ कार्यालयमा लगती बेरुजु देखिएको छैन ।

४.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितितर्फ ३ हजार १८६ दफामध्ये प्रतिक्रियाबाट २८६ दफा फर्स्यौंट भई २ हजार ९०० दफा बेरुजु देखिएकोमा १ हजार ५३७ दफा सैद्धान्तिक र १ हजार ३६३ दफा लगती बेरुजु कायम भएको छ ।

४.५ यो वर्ष प्रदेश मातहत निकायको रू.९७ करोड ९३ लाख २७ हजार लगती बेरुजु सहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा रू.११ करोड २ लाख ९० हजार प्रतिक्रियाबाट फर्स्यौंट भई रू.८६ करोड ९० लाख ३७ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ रू.९ करोड ६६ लाख ४३ हजारमा प्रतिक्रियाबाट रू.७ लाख ६६ हजार फर्स्यौंट गरेकोले रू.९ करोड ५८ लाख ७७ हजार बेरुजु बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसुची-९ र १०** मा छ ।

४.६ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेश्की रू.८० करोड ९४ लाख ५ हजार बाँकी रहेकोमध्ये फर्स्यौंट नभएको र यो वर्ष थप म्याद नाघेको पेश्की रू.१८ करोड ५३ लाख ४७ हजार समेत कुल पेश्की रू.९९ करोड ४७ लाख ५२ हजार बाँकी रहेको छ । पेश्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

४.७ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रू.२ करोड ९० लाख ८४ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.४ करोड ४९ लाख २४ हजार र सम्परीक्षणको क्रममा रू.८३ लाख २३ हजार समेत रू.८ करोड २३ लाख ३१ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-६** मा छ ।

४.८ सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ ५१ निकायको रू.२ लाख ९७ हजार अग्रिम कर कट्टी नगरेकोमा असुल नभई रू.२ लाख ९७ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा छ ।

४.९ प्रदेशमा पहिलो प्रतिवेदन २०७५ सालमा बुझाइएको थियो । प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ६ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रू. हजारमा)

प्रतिवेदन	आर्थिक वर्ष	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेश्की बाहेकको बेरुजु	पेश्की बाहेकको बेरुजु प्रतिशत
पहिलो २०७५	२०७४।७५	२७४६२९	९७२	०.३५	९७२	०.३५
दोस्रो २०७७	२०७५।७६	३९४७५४०१	९८७३१५	२.५०	५१०७१०	१.२९
तेस्रो २०७८	२०७६।७७	५१०९०५८३	७२५२२९	१.४२	६५५८४९	१.२८
चौथों २०७९	२०७७।७८	६८३३७९७७	१०९४४१०	१.६०	८५०७६०	१.२४
पाँचौं २०७९	२०७८।७९	७६९०४७२२	१०५३१०४	१.३७	७०४९३९	०.९१
छैटौं २०८१	२०७९।८०	८४२२८२०२	९६४९१४	१.१४	७७९५६७	०.९३

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका समष्टिगत स्थिति

प्रदेश मन्त्रालय तथा निकाय

१. **कानुन निर्माण -** संघीय संरचना अनुसार प्रदेशको सञ्चालन र व्यवस्थापनका लागि २०७९।८० सम्म ७७ ऐन, ३८ नियमावली, ३ विनियमावली, १४ गठन आदेश, ५६ कार्यविधि, ५ निर्देशिका, १० मापदण्ड र १३ अध्यादेश प्रतिस्थापन कानुनसमेत २१६ कानुन तथा कार्यविधि निर्माण गरेको छ ।

२. **सङ्गठन र कर्मचारी व्यवस्थापन** - प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सेवा प्रवाहको लागि आवश्यक जनशक्ति निर्धारण गरी पदपूर्ति गर्नुपर्दछ । प्रदेश सरकार अन्तर्गतका २०६ सरकारी निकायमा ४ हजार २७२ दरबन्दी रहेकोमा २ हजार ८१४ पदपूर्ति भई १ हजार ४५८ पद रिक्त रहेको छ । यथार्थ कार्य विवरण अनुसार सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणबाट यसको यकिन गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र लागु गरी सक्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेबमोजिम हुने व्यवस्था दफा ३०(२) मा रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले उक्त ढाँचा र कार्यविधि तोकिसकेको छ । कार्यविधि, ऐन प्रमाणिकरण भएको ५ वर्ष बितिसक्दा पनि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु नगरेको र ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण समिति गठनसमेत भएको छैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

४. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक खरिद कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने व्यवस्था छ । प्रदेश कार्यालयहरूले तोकिए बमोजिम खरिद योजना र गुरुयोजना नबनाएको, खरिद आवश्यकता पहिचान र खरिद प्याकेज प्रतिस्पर्धात्मक नभएको, खरिद प्रक्रियामा प्रतिस्पर्धा र पारदर्शी नभएको, निर्माण स्थलको तयारी नगरी खरिद सम्झौता गरेको, खरिद सम्झौता गर्न नआउने, सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने तथा निर्माण कार्य अधुरो राख्ने व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस नगर्ने, योजनाको आवश्यकता र उपलब्ध जनशक्ति यकिन नगरी परामर्श सेवा खरिद गर्ने, बढी पेश्की खर्च गर्ने, भेरिएसन आदेश स्वीकृत नगराई काम गराउने, व्यवसायीको कारण ढिलाइ भएकोमा पूर्व निर्धारित क्षतिपूर्ति नलिइ म्याद थप गर्ने लगायतका अवस्था देखिएको छ । कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

५. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४५ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिएबमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भए कारवाही गरिने, जवाफदेही वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन

सार्वजनिक गर्नुपर्ने, वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख गरिएको छ । प्रदेशले यो वर्ष रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार खर्च गरेकोमा तोकिएका फारामहरू प्रयोग गरी वित्तीय प्रतिवेदन तयार नगरेको, लक्ष्य अनुसार प्रगति हाँसिल नगरेको, पूँजीगत बजेट खर्च न्यून रहेको, सम्पतिहरूको उचित उपयोग नगरेको अवस्था छ । प्रदेशका कार्यालयहरूलाई वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गराई आर्थिक अनुशासन कायम गराउनु पर्दछ ।

६. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारले प्रदेश प्रमुखमार्फत् यो वर्षको लागि सभामा प्रस्तुत नीति तथा कार्यक्रममध्ये शहरी विकास र वातावरण विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरिने, प्रदेशमा सञ्चारग्राम, सूचना केन्द्र, आईटी पार्क स्थापना गरिने, प्रत्येक स्थानीय तहमा एक वडा एक साना उद्योग कार्यक्रम सञ्चालन गरिने, चितवन, मकवानपुर र सिन्धुलीमा नयाँ औद्योगिक क्षेत्रको निर्माणको कार्य प्रारम्भ गरिने, श्रमिकहरूको माग र आपूर्ति व्यवस्थापनको लागि श्रम बैङ्कको व्यवस्था गरिने, बाँझो जमिनको सदुपयोग गरी कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा बाँझो जमिन बैंक स्थापना गरिने, वैज्ञानिक खोज, अध्ययन, अनुसन्धान एवम् अन्वेषणलाई प्रवर्द्धन गर्न वैज्ञानिक खोज अनुसन्धान परिषद्को स्थापना गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गरेको देखिएन । नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **बजेट तथा योजना निर्माण** - दिगो विकास लक्ष्य, सङ्घीय सरकारले अवलम्वन गरेको नीति तथा कार्यक्रम, प्रदेश सरकारको क्षेत्रगत नीति, आवधिक योजना, र कार्यक्रमबीच सामञ्जस्यता हुनेगरी बजेट व्यवस्था एवं कार्यान्वयन गर्नुपर्नेमा सङ्घीय सरकारको आवधिक योजना, क्षेत्रगत नीति अनुसार सामञ्जस्यता हुनेगरी प्रदेशको नीति कार्यक्रम तयार भएको छैन । प्रदेशको एकीकृत लक्ष्यका लागि स्थानीय तहबाट सञ्चालन हुने योजनाहरूमा समन्वय भएको छैन । प्रदेशको नीति तथा कार्यक्रम अनुसार समग्र बजेट, नीति कार्यक्रम र बजेटमा तालमेल देखिएको छैन । स्वीकृत बजेट अनुसार कार्य प्रगति नहुनु, योजनाहरूको प्राथमिकीकरण नगरी साना योजनाहरूमा बजेट खर्च हुनु, मागका आधारमा योजना छनोट नगरी कार्यान्वयन गराइनु लगायत कारण प्रदेश योजनाको उपलब्धी प्राप्त गरेको देखिएन । राष्ट्रिय लक्ष्यसँग सामञ्जस्यता कायम गरी नीति तथा कार्यक्रम र बजेट व्यवस्था एवं लक्ष्य अनुसार प्रगति हाँसिल हुने योजना निर्माणमा सुधार गर्नुपर्दछ ।

८. **खर्च व्यवस्थापन** - प्रदेश सञ्चित कोषमा गत वर्षको बचतसमेत रू.७६ अर्ब ८४ करोड ६५ लाख ५९ हजार आम्दानी भएकोमा रू.४६ अर्ब ८६ करोड १९ लाख ६९ हजार खर्च भई रू.२६ अर्ब १५ करोड ८० लाख ५ हजार बचत रहेको छ । यस वर्ष रू.७० अर्ब ९३ करोड ९२ लाख ९० हजार बजेट अनुमान गरेकोमा रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार खर्च खर्च गरेको छ । चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्नेसमेत रू.१७ अर्ब ९८ करोड २४ लाख र पूँजीगत खर्च रू.२८ अर्ब २७ करोड ९५ लाख ६८ हजार र वित्तीय व्यवस्था तर्फ रू.६० करोड खर्च गरेको छ । सङ्घीय सरकारतर्फ समानीकरण अनुदान रू.६ अर्ब ७५ करोड ७ लाख ३४ हजार, सशर्त अनुदानतर्फ रू.५ अर्ब ३८ करोड ९१ लाख ९३ हजार, समपुरक अनुदानतर्फ रू.४० करोड ८५ लाख ८९ हजार र विशेष अनुदानतर्फ रू.४१ करोड ८१ लाख ६९ हजार खर्च भएको छ । बजेटको तुलनामा ६६.०५ प्रतिशत खर्च भएपनि चालु खर्चतर्फ ७७.९० प्रतिशत, पूँजीगत खर्चतर्फ ६१.६७ प्रतिशत र

वित्तीयतर्फ २० प्रतिशत खर्च भएको छ । अख्तियारी, बजेट तथा कार्यक्रममा ढिलाइको कारण पूँजीगत खर्च न्यून भएको छ ।

९. **राजस्व प्रक्षेपण तथा असुली -** प्रदेशको आय तथा व्ययको अनुमान आधार स्पष्ट हुनुपर्दछ । गत वर्षको बचत, कर र अन्य राजस्व समेत कुल आय रू.७६ अर्ब ८४ करोड ६५ लाख ५९ हजार मध्ये बाँडफाँट भई प्राप्त हुने कर तथा अन्य राजस्वबाट रू.१५ अर्ब ४८ करोड ७ लाख ७७ हजार (२०.१४ प्रतिशत), प्रदेश सरकारबाट संकलित राजस्वबाट रू.११ अर्ब ९१ करोड ६७ लाख २३ हजार (१५.५१ प्रतिशत), संघीय सरकार हस्तान्तरित अनुदानबाट रू.१७ अर्ब ३९ करोड ६५ लाख ६२ हजार (२२.६४ प्रतिशत) र बाँकी गत वर्षको नगद मौज्दातबाट प्राप्त भएको छ । जस अनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेको देखिएकोले आन्तरिक आय परिचालनमा ध्यान दिनुपर्दछ ।

१०. **चौमासिक खर्च -** बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिएबमोजिम चौमासिक प्रगति पेस गर्नुपर्ने व्यवस्था छ। बागमती प्रदेश सरकारले यो वर्ष पूँजीगततर्फ रू.२८ अर्ब २७ करोड ९५ लाख ६८ हजारमध्ये पहिलो चौमासिकमा रू.२ अर्ब ६५ करोड ३८ लाख ७७ हजार (९.३८ प्रतिशत), दोस्रो चौमासिकमा रू.४ अर्ब ६१ करोड २७ लाख २१ हजार (१६.३१ प्रतिशत), अन्तिम चौमासिकमा रू.२१ अर्ब १ करोड २९ लाख ७० हजार (७४.३१ प्रतिशत) र असार महिनामा रू.११ अर्ब २३ करोड ७४ लाख ४४ हजार (३९.७४ प्रतिशत) खर्चको गरेको छ । चौमासिक खर्च स्थिति अनुसार आषाढ महिनामा अत्याधिक खर्च भएको देखिँदा कामको गुणस्तरमा आश्वस्त हुने अवस्था छैन । नगद प्रवाह सन्तुलन एवं निर्माण गुणस्तरलाई ध्यान दिई बजेट खर्च गर्नुपर्दछ ।

११. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३ को उपदफा ३ मा उपदफा २ बमोजिम रकमान्तर गर्दा कुनै शीर्षकमा विनियोजन गरेको भन्दा १० प्रतिशत भन्दा बढी रकमान्तर गर्न नपाईने उल्लेख छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत् निकासा हुने ११९ स्थानीय तह, १८ मन्त्रालय र निकाय समेतमा गरी शुरु बजेट रू.७० अर्ब ९३ करोड ९२ लाख ९१ हजारमा २६.२९ प्रतिशतले हुने रू.१८ अर्ब ६५ करोड ६१ लाख ६ हजार थप र रू.१८ अर्ब ६५ करोड ६१ लाख ६ हजार घट समेत गरी रकमान्तर पछि रू.७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार बजेट कायम गरेको छ । शुरु बजेटको तुलनामा खुद बजेटको ६६.०५ प्रतिशतले हुने रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार मात्र खर्च भएबाट खर्च क्षमता कम भएका शीर्षकमा समेत रकमान्तरबाट बजेट थप गरेको देखिएको छ । संसदबाट अनुमोदित बजेटलाई विनियोजन ऐनले तोकेको बजेट सीमा भन्दा बढी हुनेगरी वर्षान्तमा रकमान्तर गर्ने पद्धतीमा सुधार ल्याउनुपर्दछ।

१२. **स्थानीय तह अनुदान** - स्थानीय तहलाई दिइने अनुदानमध्ये कार्यविधि बमोजिम समपुरक र विशेष अनुदान सशर्त हस्तान्तरण हुने र समानीकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरे अनुसारको सुत्रबमोजिम हस्तान्तरण हुने गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार ११९ स्थानीय तहलाई सशर्तमा रू.२ अर्ब ९५ करोड ८६ हजार, समानीकरणमा

रू.१ अर्ब ७४ करोड ३६ लाख १३ हजार, समपूरकमा रू.२ अर्ब ३० करोड ६३ लाख ३६ हजार र विशेषमा रू.६६ करोड ४९ लाख ३७ हजार समेत गरी कुल जम्मा रू.७ अर्ब ६६ करोड ४९ लाख ७१ हजार अनुदान उपलब्ध गराएको छ । समानीकरण अनुदान बाहेक सशर्त, समपूरक र विशेष गरी रू.५ अर्ब ९२ करोड १३ लाख ५८ हजार निकासा भएकोमा रू.५ अर्ब २६ करोड ८१ लाख ९९ हजार (कुल निकासाको ८८.९७ प्रतिशत) खर्च भई रू.६५ करोड ३१ लाख ५९ हजार बचत रहेकोमा उक्त रकम फिर्ता प्राप्त भएको छ । कार्यक्रमको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

१३. **उपभोक्ता समिति मार्फत् कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउँदा अवलम्बन गर्नुपर्ने विधिहरू उल्लेख छ । उल्लिखित व्यवस्था विपरीत रू.१ करोडभन्दा बढी लागत अनुमान रहेको कार्य समेत उपभोक्ता समितिबाट गराउने, खर्चको विल भरपाई व्यवस्थित नहुने, खर्च सार्वजनिकीकरण नगर्ने, आयोजना स्थलमा सूचना पाटी नराख्ने, जटिल प्रकृतिका जनश्रमदानबाट नहुने आयोजना समितिबाट गराउने, हेभी मेशिनरी प्रयोग हुने कार्य समेत समितिबाट गराउने, समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट गराउने गरेको देखिन आएको छ । उपभोक्ता समितिको गठन, दर्ता, नवीकरण, समितिबाट गराउन सकिने र नसकिने कामको वर्गीकरण, धरौटी, म्याद थप लगायत विषयहरूमा स्पष्ट गरी उपभोक्ता समिति मार्फत् गर्ने कार्यलाई थप व्यवस्थित गर्नुपर्दछ ।

१४. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा रु २० लाख भन्दा बढिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका २ निकायले मेशिनरी औजार एवं फर्निचर खरिद, निर्माण लगायतको कार्यमा रू.९ करोड ८४ लाख ८२ हजारको कार्य सोझै खरिद गरेको देखियो । यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको परामर्श सेवामा १४३ प्याकेज बनाई रू.५ करोड ८१ लाख ९९ हजारको कार्य लागत अनुमानकै हाराहारीमा खरिद गरेको छ । खरिद कार्य कानुनसम्मत हुनुपर्दछ ।

१५. **सेवा प्रवाह -** प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि, सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने उल्लेख भएकोमा सो सम्बन्धी कार्य नभएको, स्वीकृत दरबन्दीको ६५.८७ प्रतिशत मात्र पदपूर्ति भएको लगायतको कारण प्रदेश सरकारको सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेको छैन । सेवा प्रवाहलाई सबल र चुस्त बनाउँनुपर्दछ ।

१६. **आन्तरिक लेखापरीक्षण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । प्रदेश सरकार मातहतका सबै कार्यालयको प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालय मार्फत् २२० कार्यालयको लेखापरीक्षण सम्पन्न गरेको छ । लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.१ करोड ४७ लाख ३६ हजार, नियमित गर्नुपर्ने रू.२४ करोड २१ लाख ४२ हजार, म्याद नाँघेको पेश्की रू.१ अर्ब ८ करोड २७ लाख १३ हजार गरी जम्मा रू.१ अर्ब ३३ करोड ९५ लाख ५१ हजार बेरुजु कायम भएको छ । अन्तिम लेखापरीक्षण प्रतिवेदनमा म्याद नाघेको पेश्की बेरुजु रू.१८ करोड ५३ लाख ४७ हजार

मात्र कायम भएकोमा आन्तरिक लेखापरीक्षणमा पेश्की बेरुजु रू.८९ करोड ७० लाख ४१ हजार बढी देखिएको छ। आन्तरिक र अन्तिम लेखापरीक्षणको तुलनात्मक स्थिति सहित बेरुजुको लगत अद्यावधिक गरी फर्स्यौंट गर्ने प्रणाली विकास गर्नुपर्दछ ।

१७. **कानुनमा सामञ्जस्यता -** नेपाल सरकारको आर्थिक ऐन, २०७९ द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ च (३) (४) मा ढुङ्गा, गिट्टी र बालुवाको करमा दोहोरो अधिकार रहने साथै कर स्थानीय तहले सङ्कलन गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गरी दफा ६२(क) मा स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । प्रदेश आर्थिक ऐन, २०७९ को दफा ९(६) अनुसार गिट्टी, ढुङ्गा, बालुवा वापत सङ्कलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री वापतको राजस्व स्थानीय तहले सङ्कलन गरी प्रदेश र स्थानीय तहबीच क्रमशः ४० र ६० प्रतिशत बाँडफाँट गर्ने व्यवस्था गरेको छ। सो व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ । यस वर्ष ढुङ्गा, गिट्टी, बालुवा, मनोरञ्जन र विज्ञापन करबाट प्राप्त राजस्व रू.३८ करोड १७ लाख ७२ हजार प्रदेश सरकारको सञ्चितकोषमा दाखिला गरेका छन् । गिट्टी, ढुङ्गा, बालुवा बिक्रीबाट प्राप्त हुने राजस्व उत्पत्तिको आधार एवं सो राजस्व सङ्कलन गर्दा पर्ने वातावरणीय असर लगायत समग्र व्यहोरा प्रदेशसँग सम्बन्धित भएकाले राजस्व बाँडफाँट सम्बन्धी कानुन तर्जुमा गर्दा सो विषयलाई मध्यनजर राखेर संघीय कानुनसँग नबाँझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व सङ्कलन तथा बाँडफाँट गर्नुपर्दछ ।

१८. **अवण्डा बजेट -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(१) मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा वा कार्यका निमित्त स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ । बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा एकमुष्ट रू.५ अर्ब ३६ करोड ६७ लाख ४ हजार बजेट विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.४ अर्ब ३३ करोड ९८ लाख ३२ हजार रकमान्तरबाट थप गरी कायम भएको बजेटबाट पुनः विभिन्न निकायलाई रू.२ अर्ब ९५ करोड ७० लाख ६४ हजार प्रदान गरेको रकम घटपछि कायम भए अनुसार रू.६ अर्ब ६ करोड ९४ लाख ७१ हजार भैपरी आउने शीर्षकबाट अन्य शीर्षकमा लगेर खर्च गरेको पाइयो। अर्थ विविध शीर्षकमा अवण्डा बजेट व्यवस्था गरी तदर्थ निर्णयका आधारमा खर्च गर्दा बजेटमा संसदीय निगरानी नभई वित्तीय अनुशासन कायम हुने देखिएन । वित्तीय अनुशासन कायम गरी खर्चमा पारदर्शिता कायम गर्न अवण्डा बजेट प्रणाली नियन्त्रण गर्नुपर्दछ ।

१९. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ अनुसार बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याँई खुलाउनु पर्ने एवं नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययनको आधारमा खर्च हुन सक्ने रकम मात्र पुष्ट्याँई सहित प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७९।८० को पूँजीगत बजेट खर्चको स्थिति निम्नानुसार छ :

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय/केन्द्रीय निकायको नाम	पूँजीगत बजेट	पूँजीगत खर्च	खर्च प्रतिशत
१	प्रदेश सभा सचिवालय	६९३७२	२५८१६	३७.२१
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	७३५१०	१७९६८	२४.४४
३	आन्तरिक मामिला तथा कानून मन्त्रालय	६०४६७३	४०९०५२	६७.६५
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	३१७१४	७६१४	२४.०१
५	उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय (साविक)	२३७३६९	६३०४८	२६.५६
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	७१७०७०	४०७३८३	५६.८१
७	खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय	८७८०२७०	७४१९८४४	८४.५१
८	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (साविक)	३२८८७	३००३७	९१.३३
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	२१५९१०९०	१५०९९७१८	६९.९३
१०	युवा तथा खेलकुद मन्त्रालय (साविक)	८३०२५५	४८७३४५	५८.७०
११	वन तथा वातावरण मन्त्रालय	२०५६७८२	१६५७७२८	८०.६०
१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१८६९७१	३४१६२	१८.२७
१३	संस्कृति तथा पर्यटन मन्त्रालय	१६६५४९०	११५८७२५	६९.५७
१४	सामाजिक विकास मन्त्रालय	१०४७८०२	८५२३५३	८१.३५
१५	स्वास्थ्य मन्त्रालय	९२३७९७	५९९८७१	६४.९४
१६	प्रदेश नीति तथा योजना	१३५०	१२८२	९४.९६
१७	प्रदेश लोक सेवा आयोग	६८९८	६५०२	९४.२६
१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	११६५	११२०	९६.१४
कुल जम्मा		**३८८५८४६५**	**२८२७९५६८**	**७२.७८**

उल्लिखित तालिकाको विश्लेषण गर्दा कुल बजेटको औसतमा ७२.७८ प्रतिशत खर्च देखिन्छ। सबैभन्दा कम खर्च श्रम, रोजगार तथा यातायात मन्त्रालय १८.२७ प्रतिशत र बढी प्रदेश नीति तथा योजना आयोगको ९४.९६ प्रतिशत रहेको छ । स्वीकृत बजेट अनुसार खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ।

२०. **आयोजना बैङ्क** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । प्रदेश स्तरमा सञ्चालन हुने आयोजनाहरूलाई एकीकृत एवं व्यवस्थित बनाउन आवश्यक पर्ने आयोजना बैङ्क स्थापना गरेको छैन। कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरेको, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकुलका आयोजना समावेश गरी आयोजना बैङ्क निर्माण गरी सो अनुसार बजेट प्रस्ताव गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२१. **प्रदेश गौरवका आयोजना -** बागमती प्रदेश सरकारले २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्रदेश विश्व विद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भिमफेदी कुलेखानी) सुरुङ्ग मार्ग गरी ४ वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा कार्यान्वयन भएको छैन । प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनको लागि नीतिगत र कानुनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानूनी व्यवस्था गर्ने सम्बन्धी काम भएको छैन । यो वर्षको बजेट वक्तव्यमा सो सम्बन्धी व्यवस्था नगरेकोले विश्वविद्यालय स्थापना कार्य अगाडि बढाएको देखिएन । त्यस्तै हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने गरी घोषणा

गरेकोमा प्रतिष्ठान रुपान्तरण गर्न ऐन तथा नियमावली जारी गरेको भए तापनि सेवाको गुणस्तर वृद्धि भएको छैन । संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-चितवन-मकवानपुर-सिन्धुली र काभ्रेपलान्चोक) को गुरुयोजनाको मस्यौदा २०७६।७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए तापनि त्यस पछिका वर्षमा कुनै पनि कार्य अगाडि बढाएको देखिएन ।

२२. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनैतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था छ । परिषद्को २०७७।७८ मा एकपटक बैठक बसे तापनि त्यस पश्चात २०७९।८० सम्म परिषद्को बैठक बसेको छैन । विगत वर्षको बैठकमा गरेका २३ निर्णयको अनुगमन र मूल्याङ्कन तथा प्रगति अवस्थाको समीक्षा गरेको देखिएन ।

२३. **आवधिक योजनाको समीक्षा -** प्रदेश नीति तथा योजना आयोगले पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ तर्जुमा गरी लागु गरेको छ । उक्त योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक वर्ष हासिल गर्नुपर्ने नतिजा समेतको सूचकहरू उल्लेख गरेको छ । सो बमोजिम दोश्रो वर्ष बहुआयमिक गरिबी सूचकाङ्क १० प्रतिशतमा झार्ने, मानव विकास सूचकाङ्क ०.६५३ पुऱ्याउने, आर्थिक वृद्धि दर ११.३ प्रतिशत, उद्योग क्षेत्रको वृद्धिदर १४.१ प्रतिशत, प्रतिव्यक्ति आय २ हजार ३२४ अमेरिकी डलर पुऱ्याउने लगायतको लक्ष्य राखेकोमा सोको प्रगति समीक्षा गरेको छैन । नतिजाको समीक्षा गरी कार्य योजनाबमोजिम तोकिएको समयभित्र क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ।

२४. **जग्गा उपयोग -** संघीय वन तथा वातावरण मन्त्रालयद्वारा सार्वजनिक वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र, २०७५ अनुसार २०७३।७४ सम्म १५ हजार हेक्टर भन्दा बढी वन क्षेत्र अन्य प्रयोजनका लागि उपलव्ध गराएको विवरणबाट देखिन्छ । जलविद्युत योजना तथा प्रसारण लाइन वापत ८६३.२६, नेपाली सेनालाई ५४६.५७, सुकुम्वासी समाधानका लागि ५४४, संघ संस्था तथा पार्क प्रयोजनमा ७३.७३, सरकारी भवन तथा भौतिक पूर्वाधार निर्माणमा ६६.६९, विश्वविद्यालय तथा शैक्षिक क्षेत्रलाई ६२.८८, निजी कम्पनी तथा प्रा. लि. लाई ६१.४५, रिसोर्ट होटल पर्यटनमा ४८.१२, सिमेन्ट उद्योगमा २२.९७, खानेपानी आयोजनाका लागि २१.५४, सडक विस्तार कार्यमा १७.७५ र सरकारी तथा निजि सञ्चार क्षेत्रमा ०.७१ हेक्टर गरी कुल २३२९.६७ हेक्टर सरकारी जमिन लिज, भाडा तथा भोगाधिकार मार्फत् उपलव्ध गराएको विवरण पेस भएको छ। यस सम्बन्धमा गत विगतमा दिइएको सुझावको कार्यान्वयन गरिएको छैन ।

२५. **शीतभण्डार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न सम्बन्धमा र नियम १२० मा ठेक्काको म्याद थप सम्बन्धमा व्यवस्था रहेको छ । मन्त्रालयले शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, (२०७८) बमोजिम ७० प्रतिशत मन्त्रालय तथा ३० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा ११ योजनालाई ३ प्याकेज बनाइ १२ महिनाभित्र निर्माण र ६ महिनाभित्र मर्मत कार्यसम्पन्न गर्ने गरी ८ स्थानमा शीतभण्डार निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।३।२५ मा रू.३८ करोड ९० लाखको सम्झौता भएकोमा २०८० असार मसान्तसम्म म्याद थप भएको छ । हालसम्म निर्माण व्यवसायीलाई रू.२९ करोड ८२ लाख ६७ हजार भुक्तानी भएकोमा सम्झौता अनुसार ७० प्रतिशतले हुने रू.२० करोड ८७ लाख ८७ हजार मन्त्रालयबाट भुक्तानी हुनुपर्नेमा रू.२२ करोड ४६ लाख १३ हजार भुक्तानी गरेको छ । साझेदार

संस्थाबाट रू.८ करोड ९४ लाख ८० हजार खर्च व्यहोर्नुपर्नेमा रू.७ करोड ३६ लाख ५४ हजार मात्र खर्च व्यहोरेको छ। निर्देशिका बमोजिम साझेदार संस्थाहरूबाट रू.१ करोड ५८ लाख २६ हजार कम भुक्तानी भएको छ । साथै दोलखाको भिमेश्वरमा रू.४ करोड ८५ लाख ८१ हजार, काभ्रेको बनेपामा रू.३ करोड ६४ लाख ५६ हजारको सम्झौता भएकोमा दोलखामा ६.९७ प्रतिशतमा मात्र भौतिक प्रगति भएको तर काभ्रेमा शीतभण्डार निर्माणमा रू.३२ लाख ८१ हजार खर्च भैसकेपछि ठेक्का रद्ध भएको छ । साझेदार संस्थाहरूले कम योगदान गरेको रू.१ करोड ५८ लाख २६ हजार शीतभण्डार निर्माणमा हिसाब समायोजन गर्नुपर्ने अन्यथा मन्त्रालयको सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

२६. **खरिद विधि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ को उपनियम १ सँग सम्बन्धित अनुसूची-३ खण्ड (घ) मा जटिल प्रविधियुक्त मालसामान निर्माण स्थलमा आपूर्ति गरी जडान गर्ने, परीक्षण सञ्चालन गर्ने र त्यस्तो मालसामानको सञ्चालन गर्न सम्बन्धित सार्वजनिक निकायमा कर्मचारीलाई तालिम दिने व्यवस्था गर्न डिजाइन, आपूर्ति र जडान कार्यमध्ये कुनै दुई कार्य गर्नको लागि समेत डिजाइन, आपूर्ति र जडान कार्य गर्न सकिने व्यवस्था छ । हेटौंडा अस्पतालले मानव अङ्ग प्रत्यारोपण कार्यक्रम सञ्चालन गर्न कार्यक्रममा स्वीकृत बजेटबाट छुट्टाछुट्टै खरिद प्रकृया अवलम्बन गरी रू.१ करोड ५० लाखको मोडुलर ओटी रू.७० लाखको प्रिफ्याब पार्टेशन र फ्लोरिङ रू.४ करोड ५५ हजारको सि.वि.जि. एनलाइजर, यू.एस.जी. मेसिन, सि.एस.एस.डि. इक्यूपमेन्ट लगायतका सामान तथा सेवा खरिदमा रू.६ करोड ४६ लाख ५५ हजार खर्च गरेको छ । नियमावली बमोजिम खरिद प्रक्रिया अवलम्बन नगर्दा सञ्चालन हुन नसकेको कारण सेवाग्राही उक्त सुविधबाट वञ्चित हुनुको साथै अस्पतालको लगानी समेत प्रतिफल विहिन भएको अवस्था छ । अस्पताल व्यवस्थापनले मानव अङ्ग प्रत्यारोपण सेवा सञ्चालन हुन नसक्नुको कारण पहिचान गरी सेवा प्रवाह गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

२७. **लेखाङ्कन तथा प्रतिवेदन -** कारोबारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, (नेप्सास) को ढाँचा २०७५ मार्गमा नै स्वीकृत भई सकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरूले स्वीकृत भए बमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार नगरेको भनी विगत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएता पनि सुधार भएको छैन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनुपर्दछ ।

२८. **प्रदेश र स्थानीय सरकार बीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ।साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालयको स्थापना भई सञ्चालनमा रहेको छ । प्रदेश व्यवस्थापिकाको कार्यसञ्चालनमा आवश्यक सहयोग गर्ने प्रशासकीय निकायको रुपमा सचिवालयको स्थापना भएको हो । बागमती प्रदेश सभामा समानुपातिक ४४ समेत ११० सभासद निर्वाचित हुने व्यवस्था रहेको छ ।

१. **सरकारी कार्यालय -** सचिवालयको यो वर्ष निम्नानुसार रू.१८ करोड ९३ लाख ८ हजार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१८६६०६	२८०	२४२२	०	१८९३०८

२. **विधेयक दर्ता तथा पारित -** आर्थिक वर्ष २०७४।७५ मा प्रथम पटक गठित प्रदेश सभाको २०७९।८० सम्म १२ वटा अधिवेशन सम्पन्न भई कानुन निर्माणका लागि सभामा ८७ विधेयक दर्ता भएको मध्ये ७८ विधेयक पारित भएको छ ।

३. **विषयगत समिति** - नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्य प्रणाली व्यवस्थित गर्न विषयगत समिति गठन गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सल्लाह दिनका लागि समितिहरू रहने व्यवस्था छ। समितिले प्रदेश सभाले पठाएको विधेयकको समीक्षा एवं संशोधनका लागि सिफारिश गर्ने, नियमन क्षेत्र अन्तर्गतको जिम्मेवारीमा पर्ने मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन तथा विश्लेषण गरी प्रतिवेदन गर्ने व्यवस्था छ । यो वर्ष समितिहरूबाट भएका कार्य निम्नानुसार छन्:

३.१. प्रदेश मामिला समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, संवैधानिक आयोगका प्रतिवेदन (महालेखापरीक्षक र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन बाहेक) प्रदेश लोक सेवा आयोग र मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदनको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने कार्यक्षेत्र रहेको छ । यो वर्ष ९ पटक बैठक बसी प्रदेश निजामती सेवाको गठन गर्न बनेको विधेयकको छलफल तथा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा तयार गरी प्रदेश सरकारलाई पेस गर्ने निर्णय भएको छ । समितिको कार्यक्षेत्र अनुसार कार्यान्वयन अवस्थाको सभाले प्रतिवेदन तयार गरेको छैन ।

३.२. सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फर्स्यौट र प्रदेश सरकारका सार्वजनिक लेखा सम्बन्धी अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने कार्यक्षेत्र रहेको छ । यो वर्ष ५ बैठक बसी स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट खरिद गरेको सिटी स्क्यान मेसिनको अनियमितता, कृषि अनुदान वितरणको अनियमितता, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८ र २०७९ को दफावार छलफल, हेटौंडास्थित बफेलो मिट प्रा.लि. बाट अनुदानमा प्राप्त संरचना हिनामिना गरेको लगायतका विषयमा छलफल भएको छ । समितिले प्रत्येक

मन्त्रालय र निकायहरूमा बेरुजु सम्बन्धी हेर्ने छुट्टै शाखा स्थापना गर्न निर्देशन दिने निर्णय भए तापनि मन्त्रालय तथा निकायहरूले उक्त निर्देशनको पालना गरेको देखिएन ।

३.३. उद्योग तथा वातावरण समितिको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र उपभोक्ता हितसम्बन्धी अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने कार्यक्षेत्र रहेको छ । समितिको पाँच वर्षे कार्यकालमा भए गरेका कामकारबाही, निर्णय तथा सुझावहरूको कार्यान्वयनको अवस्थालाई समेटेर समीक्षात्मक पुस्तक प्रकाशन गर्न विज्ञको सेवा लिने, उक्त कामको लागि एक विज्ञबाट समितिको कार्यकालमा भए गरेका कार्यहरूको समीक्षा गरी प्रतिवेदन तयार गर्ने निर्णय बाहेक अन्य निर्णय भएको देखिँदैन ।

४. **निर्णय कार्यान्वयन -** बागमती प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा सभाले विषयगत समितिहरू गठन गर्न सक्ने व्यवस्था छ । सभाले प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गरेको छ । गठन भएका समितिहरूले २०७४।७५ देखि २०७९।८० सम्म ४४८ पटक बैठक बसी १ हजार ७६ निर्णय भएको छ । समितिका निर्णय तथा निर्देशन कार्यान्वयन सम्बन्धमा अनुगमन गरेको छैन । समितिको निर्णय तथा निर्देशन कार्यान्वयन र पालना सम्बन्धमा अनुगमन गरी कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ ।

५. **योग्यता र पदपूर्ति प्रक्रिया -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा बनेको ऐन, २०७५ को दफा ५ मा आफ्नो कार्यकालको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची-२ मा उल्लेख भएबमोजिम कर्मचारी सुविधा पाउने व्यवस्था छ। अनुसूचीमा विभिन्न पदाधिकारी तथा सदस्यलाई दिइने कर्मचारीको दर्जा र सङ्ख्या उल्लेख भए तापनि कर्मचारीहरूको योग्यता र पदपूर्ति प्रक्रियाबारे उल्लेख छैन । यो वर्ष उपसचिव १, शाखा अधिकृत ३ र अन्य १११ समेत सचिवालयका ११५ कर्मचारीको पारिश्रमिकमा रू.३ करोड २५ लाख ९८ हजार खर्च भएको छ । शैक्षिक योग्यता र पदपूर्ति प्रक्रिया तोकी नियुक्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

६. **बढी तलब** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ बमोजिम तलब भत्ता भुक्तानी गर्नुपर्दछ। सचिवालयले एक माननीय सदस्यका स्वकीय सचिवलाई माघदेखि चैत्र महिनासम्मको तलब रू.१ लाख २३ हजार भुक्तानी गर्नुपर्नेमा रू.११ लाख १३ हजार बढी भुक्तानी गरेको देखिन्छ । बढी भुक्तानी रकम मध्ये रू.५ लाख १३ हजार असुल गर्न बाँकी रहेकोले सो रकम असुल हुनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा संसदीय समितिको निर्णय कार्यान्वयन, दरबन्दी पदपूर्ति, कानुन तर्जुमा, अतिरिक्त सेवा उपलब्ध गराएको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** सचिवालयको यो वर्ष रू.२४ लाख ८६ हजार बेरुजु देखिएकोमा फस्यौट नभएकोले सोही बेरुजु बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यक्षेत्रमा प्रदेशभित्रको शासन व्यवस्थापनको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

१. **सरकारी कार्यालय -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निम्नानुसार रू.३५ करोड ७२ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३४९९५४	२०५५	२६६४	२५४५	३५७२१८

२. **अन्य संस्था -** यो वर्ष कार्यालय मातहत १ संस्थाको रू.१२ करोड २१ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम गर्नुपर्ने कार्य जिम्मेवारीमध्ये मानव अधिकारको संरक्षण र सम्बोधन, सुशासन तथा भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरीय सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण, प्रदेश स्तरका सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन सम्बन्धी कानुन तर्जुमा लगायतका कार्य सम्पादन भएको देखिएन । कार्यान्वयन तालिका बनाई तोकिएको कार्य गर्नुपर्दछ ।

४. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारले प्रदेश प्रमुखमार्फत् यो वर्षको लागि सभामा प्रस्तुत नीति तथा कार्यक्रममध्ये शहरी विकास र वातावरण विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरिने, प्रदेशमा सञ्चारग्राम, सूचना केन्द्र, आईटी पार्क स्थापना गरिने, प्रत्येक स्थानीय तहमा एक वडा एक साना उद्योग कार्यक्रम सञ्चालन गरिने, चितवन, मकवानपुर र सिन्धुलीमा नयाँ औद्योगिक क्षेत्र निर्माणको कार्य प्रारम्भ गरिने, श्रमिकहरूको माग र आपूर्ति व्यवस्थापनको लागि श्रम बैङ्कको व्यवस्था गरिने, बाँझो जमिनको सदुपयोग गरी कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा बाँझो जमिन बैंक स्थापना गरिने, वैज्ञानिक खोज, अध्ययन, अनुसन्धान एवम् अन्वेषणलाई प्रवर्द्धन गर्न वैज्ञानिक खोज अनुसन्धान परिषद्को स्थापना गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गरेको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **दरबन्दी पदपूर्ति -** प्रदेश अन्तर्गतका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्राविधिक २ हजार ९९२ र अप्राविधिक १ हजार २८० समेत ४ हजार २७२ दरबन्दी स्वीकृत गरेकोमा २ हजार ८१४ पदपूर्ति भई १ हजार ४५८ पद रिक्त रहेको छ ।स्वीकृत दरबन्दीको ३४.१३ प्रतिशत पद रिक्त रहेकाले दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

६. **प्रदेश समन्वय परिषद् -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनैतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था छ । परिषद्को २०७७।७८ मा एकपटक बैठक बसे तापनि त्यस पश्चात २०७९।८० सम्म परिषद्को बैठक बसेको छैन । विगत वर्षको बैठकमा गरेका २३ निर्णयको कार्यान्वयन सम्बन्धमा अनुगमन गरेको देखिएन ।

७. **प्रदेश विकास समस्या समाधान समिति -** प्रदेश तथा स्थानीय तहमा सञ्चालित विकास कार्यक्रम र आयोजनाहरू कार्यान्वयन गर्दा देखा परेका नीतिगत, व्यवहारगत, कानूनी, कार्यविधिगत तथा अन्य समस्याहरू समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था छ । माननीय मुख्यमन्त्रीको अध्यक्षतामा गठन भएको उक्त समितिको बैठक यो वर्ष ३ पटक बसी ४ निर्णय गरेकोमा विगत वर्षको बैठकमा गरेका निर्णयको समेत अनुगमन गरेको देखिएन ।

८. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा बजेट प्रस्ताव गर्दा विनियोजित बजेट लक्ष्य अनुसार खर्च हुनसक्ने रकम मात्र पुष्ट्याइँसहित प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयका लागि यस वर्ष ४ बजेट शीर्षकमा रू.२१ करोड ५३ लाख बजेट व्यवस्था गरेकोमा रू.१४ करोड ७२ लाख (६८.३७ प्रतिशत) खर्च गरेको छ । विनियोजित बजेट खर्च गरी लक्षित उद्देश्य पुरा गर्नुपर्दछ ।

९. **रकमान्तर –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । कार्यालय र अन्तर्गतको प्रदेश सुशासन केन्द्र समेतको शुरु विनियोजित बजेट रू.७२ करोड ७९ लाख ६८ हजारमा रू.२६ करोड ११ लाख ९८ हजार थप र रू.३७ करोड २ लाख घटाई अन्तिम बजेट रू.६१ करोड ८९ लाख ९१ हजार कायम भएकोमा रू.३४ करोड ९९ लाख ५४ हजार खर्च गरेको छ । विनियोजित रकमको २० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेमा ५०.८५ प्रतिशतले रकमान्तर गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

१०. **निर्णय कार्यान्वयन -** प्रदेश सरकार कार्य विभाजन नियमावलीमा कार्यालयले प्रदेश मन्त्रिपरिषद् निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ । मन्त्रिपरिषद्ले २०७९।८० मा १३८ र त्यसभन्दा अगाडिका वर्षहरूमा ६६३ निर्णय भएकोमा मन्त्रिपरिषदबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा अनुगमन गरेको देखिएन । नियमित रुपमा अनुगमन गरी निर्णय कार्यान्वयन प्रभावकारी बनाउनुपर्दछ ।

११. **मध्यमकालीन खर्च प्रक्षेपण -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम प्रदेश सरकारको २०७९।८० देखि २०८०।८१ सम्मको मध्यमकालीन खर्च अनुमान तयार गरेको छ । उक्त अनुमान अनुसार मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रक्षेपित खर्च संरचना मध्ये यो वर्षको खर्च अनुमान रू.७२

करोड ७९ लाख ६८ हजार भएकोमा रू.१४ करोड ७२ लाख ३१ हजार अर्थात् २०.२२ प्रतिशत मात्र खर्च भएकोले प्रदेश सरकारले तयार गरेको त्रिवर्षीय खर्च प्रक्षेपण यथार्थपरक बनाउनुपर्दछ ।

१२. **अनुगमन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रू.१ करोड ९ लाख ४७ हजार खर्च गरेको छ। कार्यालयले अनुगमन सूचकाङ्क तयार गरी सोही आधारमा नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन प्रतिवेदन तयार गरेको छैन। मूल्याङ्कन सूचकाङ्क सहितको प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **शासकीय सुधार -** प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय सूचना प्रणालीको प्रयोग र त्यसको उपयोगको अवस्था, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, एकद्वार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तर लगायतको अनुगमन गरी प्रदेशको शासकीय अवस्था र सुशासनको लागि विषयगत प्रगति तयार गर्नुपर्नेमा तयार नगरेको व्यहोरा गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत छ ।

१४. **मन्त्रालय हेरफेर** - नेपालको संविधानको धारा १६८(९) मा प्रदेश सभाका कुल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद्को गठन गर्नुपर्ने व्यवस्था छ । अधिकार सम्पन्न संघीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेको छ । प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले २०७४।११।३ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।१०।१६ मा उक्त नियमावली संशोधन गरी मन्त्रालय संख्या १३ पुगेकोमा बागमती प्रदेश मन्त्रिपरिषद्को २०८०।५।१८ को निर्णयले ११ मन्त्रालय कायम भएको देखिन्छ। यसरी मन्त्रालय थप गर्दा प्रशासनिक खर्च बढ्नुका साथै मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर, जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाइ हुने, जिम्मेवारी र जवाफदेहिता कमजोर जस्ता समस्या देखिएका छन् ।

१५. **तहगत दोहोरो संरचना -** नेपालको संविधानमा संघीय व्यवस्था अनुरुप स्थानीय तथा प्रदेशमा हस्तान्तण हुने, संघ आफैले गर्ने तथा साझा रूपमा गर्ने कार्य स्पष्ट रूपमा उल्लेख गरिएको छ। स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न तथा संघबाट खारेज भएका कार्यालय समेत प्रदेशस्तरमा स्थापना भएको छ । संविधान अनुसार प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका विषयगत कार्यालयहरू संघीय कार्यालयका रूपमा स्थापना भएका र स्थानीय तहमा हस्तान्तरण भएका विषयगत क्षेत्रका कतिपय कार्यालयहरू प्रदेश सरकारले स्थापना गरेको देखिन्छ । समान कार्यप्रकृति र कार्यक्षेत्र भएका कार्यालयहरू संघ र प्रदेशले स्थापना गरेको छ । यसबाट शासकीय प्रणालीको प्रशासनिक खर्च बढ्ने र कार्यक्षेत्रमा दोहोरोपना रहेको छ । नेपालको संविधानले स्पष्ट गरे अनुसार विषयगत कार्यक्षेत्र भित्र कार्यालय स्थापना हुनुपर्दछ ।

१६. **योजना तथा कार्यक्रम तर्जुमा -** प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश

भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयमा पठाउने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वाताबरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्ता आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ । उल्लिखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट विनियोजन भएको देखिएको छ । प्रदेश नीति तथा योजना आयोग लगायतले तर्जुमा गरेका योजना तथा कार्यक्रमको मात्र छनौट, प्राथमिकीकरण तथा सञ्चालन गर्नुपर्दछ।

१७. **पद दर्ता -** प्रदेश निजामती सेवा ऐन,२०७९ को दफा ७(५) बमोजिम संगठन संरचना वा दरबन्दी स्वीकृत भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउने तथा दफा ७(६) मा कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा(५) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार २०८० जेठ ३२ बाट मात्र प्रदेशस्तर तथा स्थानीय स्तरको कर्मचारीको संकेत नं वितरणको कार्य सुरु गरिएकोमा यो वर्ष प्रदेश तथा स्थानीय तहको ३५० कर्मचारीको मात्र सिटरोल दर्ता भएको देखिन्छ । बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २४(२) मा स्थानीय सेवाका कर्मचारीले नियुक्त भएको १ महिनाभित्र वैयक्तिक विवरण (सिटरोल फारम) कार्यालयबाट प्रमाणित गरी प्रदेश किताबखानामा पठाउनुपर्ने तथा २४(४) मा स्थानीय तहमा समायोजन भई सिटरोल प्राप्त हुन नसकेका कर्मचारीहरूले सिटरोल फारम भरी प्रदेश किताबखानाबाट संकेत नम्बर प्राप्त गर्नुपर्ने व्यवस्था भएकोमा समायोजन भई सिटरोल प्राप्त गर्न नसकेका कर्मचारीले संकेत नम्बर प्राप्त गरेको अभिलेखाङ्कन गरेको देखिदैन । कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम सिटरोल दर्ता र सोको अभिलेखाङ्कन गराउनुपर्दछ ।

१८. **तलबी प्रतिवेदन -** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । यस प्रदेशका ११९ स्थानीय तहहरूको तलबी प्रतिवेदन प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट पारित भएको छैन । ऐनमा भएको व्यवस्थाको पालना गरी स्थानीय तहका कर्मचारीको तलबी प्रतिवेदन पारित हुने व्यवस्था गर्नुपर्दछ ।

प्रदेश सुशासन केन्द्र

प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ बमोजिम प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा प्रशासनिक कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले प्रदेश सुशासन केन्द्रको स्थापना भएको छ।

१९. **कानुनी आधार -** प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ मा आधारित भई कार्य गर्दै आएको छ । प्रदेश स्तरीय कार्यालयले स्थानीय तहका कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कानुनी आधार रहेको देखिएन । दातृसंस्थाले संघीय मन्त्रालयलाई र मन्त्रालयले प्रदेशलाई

बजेट पठाउने र प्रदेशले यस केन्द्र मार्फत् स्थानीय तहका लागि कार्यक्रम सञ्चालन गरेको देखिएको छ ।

२०. **कार्यकारी निर्देशक नियुक्ति** - प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को दफा १३ को उपदफा ५ मा यस दफा बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुने उल्लेख छ । केन्द्रको स्थापना भएको मिति २०७७ असोज ११ देखि हालसम्म कार्यालय प्रमुखका रुपमा दुई कार्यकारी निर्देशक रहेका छन् । यसरी नियुक्त भएका कार्यकारी निर्देशकको कार्यकाल पूरा नहुँदै रिक्त हुने अवस्थाले केन्द्रको नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन, वार्षिक लक्ष्य तथा दीर्घकालीन उद्देश्य प्राप्त गर्न कठिनाइ हुने देखिन्छ । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

२१. **वित्तीय जोखिम मूल्याङ्कन** - स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनलाई व्यवस्थित गर्न प्रदेश सुशासन केन्द्रबाट रू.१ करोड १९ लाख बजेट विनियोजन भएकोमा विभिन्न चरणमा कार्यक्रम सञ्चालन भई कुल रू.६७ लाख ७४ हजार खर्च भएको छ । प्रदेश अन्तर्गतका ११९ स्थानीय तहमध्ये ११७ स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ५ वटा आधारमा योजना बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन र राजस्व व्यवस्थापनको मूल्याङ्कन गरी कार्य सम्पन्न प्रतिवेदन सार्वजनिक भएको छ । मूल्याङ्कन कार्य नगर्ने स्थानीय तहमा मध्यपुर थिमी नगरपालिका, भक्तपुर र निलकण्ठ नगरपालिका, धादिङ्ग रहेका छन् । मूल्याङ्कन गरिएका स्थानीय तहमा सबैभन्दा धेरै अङ्क प्राप्त गर्ने ज्वालामुखी गाउँपालिका, धादिङ्गको ९३ अङ्क रहेको छ भने सबैभन्दा कम अङ्क ११.५ प्राप्त गर्नेमा रुविभ्याली गाउँपालिका, धादिङ्ग रहेको छ। मूल्याङ्कन कार्यले स्थानीय तहलाई आफ्नो कार्यसम्पादनमा सुधार गरी वित्तीय अनुशासन कायम गर्न सहयोग पुगेको देखिन्छ । सबै पालिकालाई मूल्याङ्कन प्रकृयामा सहभागी गराउनुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्यजिम्मेवारी, दरबन्दी तथा पदपूर्ति, नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च प्रक्षेपण लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु** - यो वर्ष मुख्यमन्त्री कार्यालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः

➢ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रू.१३ लाख ६७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.१३ लाख ६७ हजार फस्यौंट भई बेरुजु देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ अन्य संस्थातर्फ १ निकाय रू.३५ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट रू.३५ हजार फस्यौंट भई बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार संघसँगको समन्वय र सहकार्यमा प्रशासन सञ्चालन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानुनहरूको तर्जुमा, समसामयिक संशोधन र फैसला कार्यान्वयन गर्ने कार्यमा सहयोग पुऱ्याउन यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २ निकायको निम्नानुसार रू.८६ करोड ४९ लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५०२३६२	१२३०१	५६८९४	२९३३७९	८६४९३६

उल्लिखित लेखापरीक्षण रकममा १६ जिल्ला प्रहरी कार्यालय र ७ इलाका प्रहरी कार्यालयको रू.२९ करोड ८२ लाख ३९ हजार र २० स्थानीय तहको रू.४ करोड ६३ लाख ९५ हजार समेत रू.३४ करोड ४६ लाख ३४ हजार समावेश छ ।

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयलाई प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा उक्त विषयमा संघसँगको समन्वय र सहकार्य, अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा, संघीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन लगायतका ५२ वटा कार्यजिम्मेवारी तोकिएको छ । कार्य जिम्मेवारी मध्ये विगत ५ वर्षमा संघीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, प्रादेशिक कारागार तथा हिरासतको व्यस्थापन र सुरक्षा, अन्तरप्रदेश सुरक्षा सम्बन्ध, प्रदेश स्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन, साईवर सुरक्षा अनुगमन, व्यक्तिगत घटना दर्ता, प्रदेश भित्रको सडक सुरक्षा, यातायात र ट्राफिक व्यवस्थापन, गैर सरकारी संघ संस्थाहरूको अभिलेख र समन्वय लगायतका कार्य भए पनि उपरोक्त कार्यमा अपेक्षित प्रगति भएको देखिँदैन । तोकिए अनुसारको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ ।

३. **बजेट वक्तव्य -** प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित नीतिगत व्यहोरा प्राथमिकता निर्धारण गरी मन्त्रालयले कार्यान्वयन गर्नुपर्दछ। प्रदेशको २०७९।८० को वार्षिक बजेटमा उल्लेख भएका कार्यक्रममध्ये प्रदेश सरकारबाट तर्जुमा गरिएका नीति, कानुन र नियमहरूको विद्युतीय अभिलेख व्यवस्थित गरी सरोकारवालाको पहुँच बढाईने, नेपाल सरकारले प्रमाणित गरेका द्वन्द्व पीडितलाई प्रदेश सरकारबाट दिन बाँकी सहयोग उपलब्ध गराउने, सहिद र द्वन्द्व पीडितलाई प्रदेश सरकारको तर्फबाट राहत तथा विशेष सम्मान कार्यक्रम सञ्चालन, प्रदेशभित्र प्रवेश गर्ने मुख्य नाकाहरूमा सिसिटिभी सहितको आधुनिक चेकपोष्ट निर्माण लगायतका कार्यक्रमहरू सञ्चालन भएको देखिएन।

४. **कानुन निर्माण** - नेपालको संविधानको धारा ५७ मा प्रदेशको अधिकारतर्फ अनुसूची-६ मा उल्लिखित विषयमा अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । प्रदेश सरकारको अधिकार क्षेत्रभित्र रहेका कानुनमध्ये २०८० पौषसम्म संशोधनसहित ७७ ऐन, १३ अध्यादेश, ३८ नियमावली, ३ विनियमावली, ५ निर्देशिका, ५६ कार्यविधि, १० मापदण्ड र १४ आदेश गरी २१६ कानुन तथा कार्यविधि निर्माण गरेको छ । उक्त कानुन तथा कार्यविधि मध्ये १४ ऐन, १३ नियमावली, १ विनियमावली, १ निर्देशिका, ८ कार्यविधि, १ मापदण्ड र ७ आदेश गरी ४५ मा संशोधन भएको देखिन्छ ।

५. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । मन्त्रालयले अन्य सार्वजनिक निर्माणतर्फ शुरू बजेट रू.८२ करोड ३ लाख ३४ हजार भएकोमा प्रदेश सरकार मन्त्रिपरिषद्को २०७९।०८।२८ को निर्णयले शान्तिपार्क निर्माण सम्बन्धी कार्यका लागि २२ स्थानीय तहहरूमा रू.५ करोड ४० लाख र २०८०।१।२५ को निर्णयबाट रू.१ करोड ७० लाख ४० हजार संघीय प्रहरी कार्यालयको भौतिक पूर्वाधार सुधारमा रकमान्तर गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

६. **राहत सहयोग** – विपद् उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. १२ मा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले विपद्, खोज, राहत वितरणको लागि विनियोजित रकमबाट १० स्थानीय तहलाई रू.१ करोड निकासा दिएको छ। कार्यविधिमा तोकिए अनुसार रकम वितरण सम्बन्धी प्रतिवेदन उपलब्ध हुन सकेन । मन्त्रालयले राहत सहायता वापत निकासा दिएको रकम सोही प्रयोजनमा खर्च गरेको यकिन हुनुपर्दछ ।

७. **विपद् प्रभावितलाई अनुदान** - मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमाण, पुर्नस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम प्रदेशले विपद् प्रभावितलाई ३० प्रतिशत लागत साझेदारी रहने गरी निजी आवास पुननिर्माण अनुदान हिमाली जिल्लामा बढीमा रू.५ लाख, पहाडी जिल्लामा रू.४ लाख र तराई जिल्लामा रू.३ लाख तीन किस्ताको दरले जिल्ला प्रशासन कार्यालयले स्थानीय तहको प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिने व्यवस्था छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकलाई प्राकृतिक विपद्को समयमा विभिन्न सामान खरिद वापत १६१ जनाको प्रतिव्यक्ति रू.९० हजारका दरले रू.१ करोड ४४ लाख ९० हजार र पुनर्निर्माणको दोस्रो किस्ता वापत ७९७ जनाको प्रतिव्यक्ति रू. ७५ हजार को दरले रू.५ करोड ९७ लाख ७५ हजार र जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई १०१ जनाको प्रतिव्यक्ति रू.६० हजारका दरले रू.६० लाख ६० हजार गरी जम्मा रू.८ करोड ३ लाख २५ हजार निकासा दिएको छ । निजी आवास निर्माणको संख्या र यथार्थ अवस्थाको प्रगति प्रतिवेदन जिल्ला प्रशासन कार्यालयले मन्त्रालयमा पेस गरेको पाइएन । उक्त कार्यको प्रगति विवरण अद्यावधिक गरी पेस गर्नुपर्दछ ।

८. **संघ संस्थालाई अनुदान -** मन्त्रालयको लागि स्वीकृत कार्यक्रममा पत्रकारसँग सम्बन्धित ६ वटा संघ संगठनको कार्यक्रममा रू.६५ लाख विनियोजन भएकोमा सो कार्यक्रमबाट एक महासंघलाई रू.१५ लाख र ५ संगठनलाई रू.१० लाखका दरले जम्मा रू.६५ लाख अनुदान भुक्तानी दिएको छ । मन्त्रालयले वितरणमूखी खर्च गरेकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

९. **अन्य कारोबार -** मन्त्रालयले उपलब्ध गराएको वित्तीय विवरणमा कार्यसञ्चालन कोष (राहत कोष) तर्फ गतवर्षको मौज्दात रू.९ करोड ४२ लाख ९३ हजार भएकोमा यस वर्ष रू.१९ करोड ९० लाख ८६ हजार समेत रू.२९ करोड २ लाख २७ हजार आम्दानी भएकोमा रू.९ करोड ३ लाख ७७ हजार खर्च भई रू.१९ करोड ९८ लाख ५० हजार मौज्दात भएको विवरण पेस भएको छ । उक्त कोषबाट विभिन्न प्राकृतिक प्रकोपबाट हुने विपद् परेका व्यक्तिलाई राहत स्वरुप रकम उपलब्ध गराउने गरेको देखियो ।

सञ्चार रजिष्ट्रारको कार्यालय, मकवानपुर

१०. **दर्ता परिचय पत्र तथा इजाजत -** कार्यालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्षको अन्तसम्म अनलाइन पत्रकारिता ७० मध्ये ६४ वटा नवीकरण गरेको, केबुल टेलिभिजन २९ मध्ये १० वटा, १००० वाटको एफ. एम. रेडियो २९ मध्ये ७ वटा, ५०० वाटको ५२ मध्ये २८ वटा, २५० वाटको ७ मध्ये ३ वटा र पत्रकार परिचयपत्र ३२४ मध्ये ३२४ नै नवीकरण नभएको अवस्था छ । कार्यक्षेत्रभित्र भएका सबै केवल टेलिभिजन तथा एफ.एम. रेडियो तोकिएको समयमा नवीकरण तथा दर्ता गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, कानुन निर्माण, राहत सहयोग परिचालन र वितरण लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** मन्त्रालय तथा मातहतका समेत ३ निकायमा रू.१ करोड १५ लाख ६३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौट नभएकोले रू.१ करोड १५ लाख ६३ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.४३ लाख ७२ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकारले (कार्य विभाजन) नियमावली, २०७४ अनुसार आर्थिक विश्लेषण गर्ने, आर्थिक नीतिको तर्जुमा र सोको कार्यान्वयन, नियमन, नियन्त्रणको साथै प्रदेश स्तरको स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी र गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाई लागु गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १४ निकायको निम्नानुसार रू.१५ अर्ब ८१ करोड ५० लाख २१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८४१०५८५	७३७४५७८	१५९०३	१३९५५	१५८१५०२१

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा आर्थिक नीतिको तर्जुमा तथा आर्थिक अवस्थाको विश्लेषण, आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, सरकारी बाँकीको लगत तथा असुल उपर, संघीय कानुन अनुरुप सह-वित्तीयकरण, प्रदेश वार्षिक नीति तथा प्राथमिकता सहितको विकास कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन, राजस्व चुहावट नियन्त्रण नीति तर्जुमा र कार्यान्वयन, तथ्याङ्क तथा सूचना प्रणाली अभिलेख व्यवस्थापन नीति तर्जुमा, कार्यान्वयन र नियमन लगायतको कार्यक्षेत्र तोकिएकोमा कार्यान्वयन अवस्थाको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

३. **आय-व्यय -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेस भएको विवरणअनुसार प्रदेश अन्तर्गत संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गतवर्षको बचत रू.३१ अर्ब ९४ करोड १३ लाख ७७ हजार समेत रू.७६ अर्ब ८४ करोड ६५ लाख ५८ हजार आय भएकोमा रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार खर्च भएको तथा संघीय सरकारलाई रू.३ अर्ब ८२ करोड ६५ लाख ८६ हजार अनुदान फिर्ता भई रू.२६ अर्ब १५ करोड ८० लाख ४ हजार मौज्दात रहेको छ । स्वीकृत बजेट अनुसार खर्च गर्नुपर्दछ ।

४. **राजस्व प्राप्ति -** प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको सञ्चित कोषको विवरण अनुसार गत वर्षको बचत, कर र अन्य राजस्वसमेत कुल आय रू.७६ अर्ब ८४ करोड ६५ लाख ५८ हजार मध्ये बाँडफाँट भई प्राप्त हुने कर रू.१५ अर्ब ४८ करोड ७ लाख ७७ हजार (२०.१४ प्रतिशत) तथा प्रदेशबाट सङ्कलित राजस्वबाट रू.११ अर्ब ९१ करोड ६७ लाख २३ हजार (१५.५१ प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदानबाट रू.१७ अर्ब ३९ करोड ६५ लाख ६२ हजार (२२.६४ प्रतिशत), सावाँ फिर्ता प्राप्तिबाट रू.११ करोड ११ लाख २० हजार (०.१४ प्रतिशत) र गत वर्षको मौज्दातबाट रू.३१ अर्ब ९४ करोड १३ लाख ७७ हजार (४१.५७ प्रतिशत) प्राप्त भएको देखिन्छ। जसअनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान र गत वर्षको मौज्दात रहेकोले आन्तरिक आयको क्षेत्र परिचालनमा थप जोड दिनुपर्ने देखिन्छ ।

५. **संघीय अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकारबाट प्रदेश

सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र फिर्ताको स्थिति देहाय अनुसार छः-

(रकम रू. हजारमा)

खर्च शीर्षक	बजेट	निकासा	खर्च	फिर्ता गर्नुपर्ने
समानीकरण अनुदान	८४०४६००	७३५४०२५	६७५०७३४	०
सशर्त अनुदान	१०८३४१५०	८२१२५३७	५३८९१९३	२८२३३४४
समपूरक अनुदान	१०४००००	१०४००००	४०८५८९	६३१४११
विशेष अनुदान	७९००००	७९००००	४१८१६९	३७१८३१
जम्मा रू	**२१०६८७५०**	**१७३९६५६२**	**१२९६६६८७**	**३८२६५८६**

यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएको छः

५.१. संघीय सरकारबाट वित्तीय हस्तान्तरण बापत वित्तीय समानीकरण लगायतको अनुदान रू.२१ अर्ब ६ करोड ८७ लाख ५० हजार प्राप्त हुने अनुमान गरेकोमा रू.१७ अर्ब ३९ करोड ६५ लाख ६२ हजार (८२.५७ प्रतिशत) प्राप्त भएको छ । अनुदानमध्ये समपूरक अनुदान र विशेष अनुदान अनुमान अनुसार नै प्राप्त भएकोमा वित्तीय समानिकरण अनुदान र सशर्त अनुदान अनुमानभन्दा कम प्राप्त भएको छ ।

५.२. अनुदान निकासा रू.१७ अर्ब ३९ करोड ६५ लाख ६२ हजार मध्ये रू.१२ अर्ब ९६ करोड ६६ लाख ८७ हजार (७४.५४ प्रतिशत) मात्र खर्च भएको छ। समानीकरण अनुदान रू.७ अर्ब ३५ करोड ४० लाख २५ हजार निकासा मध्ये रू.६ अर्ब ७५ करोड ७ लाख ३४ हजार खर्च भई रू.६० करोड ३२ लाख ९१ हजार बचत रहेको छ । सशर्त, समपूरक र विशेष अनुदान वापत खर्च हुन नसकेको रकम रू.३ अर्ब ८२ करोड ६५ लाख ८६ हजार फिर्ता भएको छ । यसरी प्राप्त अनुदान खर्च हुन नसकी बचत रहेको एवं फिर्ता भएको स्थितिले प्रदेश सरकारको खर्च दक्षतामा वृद्धि गर्नुपर्दछ ।

६. **स्थानीय तहमा हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार ११९ स्थानीय तहलाई सशर्तमा रू.२ अर्ब ९५ करोड ८६ हजार, समानीकरणमा रू.१ अर्ब ७४ करोड ३६ लाख १३ हजार, समपूरकमा रू.२ अर्ब ३० करोड ६३ लाख ३४ हजार र विशेषमा रू.६६ करोड ४९ लाख ३७ हजार समेत गरी कुल जम्मा रू.७ अर्ब ६६ करोड ४९ लाख ७० हजार अनुदान उपलब्ध गराएको छ । समानीकरण अनुदान बाहेक सशर्त, समपूरक र विशेष गरी रू.५ अर्ब ९२ करोड १३ लाख ५८ हजार निकासा भएकोमा रू.५ अर्ब २६ करोड ८१ लाख ९९ हजार (कुल निकासाको ८८.९७ प्रतिशत) खर्च भई रू.६५ करोड ३१ लाख ५९ हजार बचत रहेकोमा उक्त रकम फिर्ता प्राप्त भएको छ ।

७. **प्रदेश विभाज्य कोष -** संघ र प्रदेश तथा प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयबाट संकलन हुने राजस्वको अद्यावधिक अभिलेख प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्दछ। यो वर्ष कोषमा जम्मा भएको रू.१० अर्ब २४ करोड २७ लाख ७९ हजार प्रतिवेदन अवधिसम्म बाँडफाँट भएको देखिन्छ । यो वर्ष प्रदेश विभाज्यकोषबाट सवारी साधन कर रू.४ अर्ब ९ करोड ७१ लाख १२ हजार स्थानीय तहहरूलाई हस्तान्तरण गरेको छ । स्थानीय तहको विभाज्यकोषबाट प्राप्त आयमा विज्ञापन कर बापत रू.१ करोड ७० लाख ९२ हजार, मनोरञ्जन कर बापत रू.५८

लाख ४१ हजार, दहत्तर बहत्तर बापत रू.६५ करोड ८८ लाख ३९ हजार समेत गरी कुल रू.६८ करोड १७ लाख ७२ हजार प्राप्त भएको छ । स्थानीय तहबाट प्राप्त हुनुपर्ने रकम सम्बन्धमा अनुगमन गरी प्राप्त हुनुपर्ने सबै रकमको प्राप्तिको सुनिश्चितता गर्नुपर्दछ ।

८. **आय लेखाङ्कन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(२) मा प्रदेश अर्थमन्त्रीले आषाढ महिनाको १ गतेभित्र प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेस गर्ने सम्बन्धी व्यवस्था छ। यो वर्षको बजेट वक्तव्यमा रू.७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार आय अनुमान रहेकोमा रू.४४ अर्ब ९० करोड ५१ लाख ८१ हजार (६३.३० प्रतिशत) प्राप्त भएको छ । आय रकममा गत वर्ष खर्च नभई संचित कोष खातामा बाँकी नगद मौज्दात रू.३१ अर्ब ९४ करोड १३ लाख ७७ हजार समेत समावेश गरी आय संकलन रू.७६ अर्ब ८४ करोड ६५ लाख ५८ हजार देखाएकाले प्रगति १०८.३३ प्रतिशतसम्म पुगेको छ ।

९. **अवण्डा बजेट -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(१) मा सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ । अर्थ विविधतर्फ एकमुष्ट रू.५ अर्ब ३६ करोड ६७ लाख ४ हजार बजेट विनियोजन भएकोमा रू.४ अर्ब ३३ करोड ९८ लाख ३२ हजार रकमान्तरबाट थप भएको छ । बजेटबाट पुनः विभिन्न निकायलाई रू.२ अर्ब ९५ करोड ७० लाख ६४ हजार प्रदान गरी रू.६ अर्ब ७४ करोड ९४ लाख ७१ हजार भैपरी आउने साधारण प्रशासन शीर्षकबाट अवण्डा कायम गरी खर्च गरेको छ । अर्थ विविध शीर्षकमा अवण्डा बजेट व्यवस्था गरी तदर्थ र पटके निर्णयका आधारमा खर्च गर्दा बजेटमा संसदीय निगरानी नहुँदा नियन्त्रण वातावरण कमजोर हुनुका साथै वित्तीय अनुशासन कायम हुने देखिएन । वित्तीय अनुशासन कायम गरी खर्चमा पारदर्शिता कायम गर्न अवण्डा बजेट प्रणाली नियन्त्रण गर्नुपर्दछ ।

१०. **बजेटको वार्षिक मूल्याङ्कन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयको कार्यक्षेत्रमा कानुन, नीति, बजेट तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन साथै कार्य सञ्चालनस्तरको कार्यको समेत अनुगमन गर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेश सभामा यो वर्ष २०७९।८० का लागि रू.७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार बजेट विनियोजन भएकोमा रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार (६६.५९ प्रतिशत) खर्च भएको छ । बागमती प्रदेशको यो वर्षको वार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा स्रोत अनुमानमा पर्याप्त गृहकार्य हुन नसकेको, बजेटको आकार वृद्धि गर्दै लगेपनि राजस्वको अनुमान यथार्थपरक नभएको, प्रदेश सरकारको आन्तरिक आयको दायरा सीमित भएको, बजेट तर्जुमा गर्दा सरोकारवाला निकायसँग पर्याप्त छलफल हुन नसकेको एवं विकास सहायता परिचालन सम्बन्धमा प्रादेशिक नीति तर्जुमा नभएको जस्ता समस्या उल्लेख गरेकोमा यथार्थ विश्लेषण, आन्तरिक आय बिस्तारका क्षेत्र पहिचान, सरोकारवालासँग छलफलको ढाँचा तथा विकास सहायता परिचालन सम्बन्धी नीति तर्जुमाका क्षेत्रमा थप प्रगति गरेको आधार पेस हुन आएन । मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गरेको भए तापनि बजेटसँग आवद्ध गरेको छैन । समस्या समाधान गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

११. **जनशक्ति व्यवस्थापन -** बागमती प्रदेश निजामती सेवा ऐन, २०७९ को व्यवस्था अनुसार मन्त्रालयमा जनशक्ति व्यवस्थापन हुँदै आएको छ । मन्त्रालयमा प्रशासनिक ३८ र श्रेणीविहिन ९ गरी ४७

दरबन्दी स्वीकृत भएकोमा २०७९ चैत्र पछि प्रशासनिकतर्फ १७ पद मात्र पूर्ति भई २१ पद रिक्त रहेको छ। मन्त्रालयमा बजेट योजना तथा कार्यक्रम, प्रशासन, वित्त व्यवस्थापन, वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक प्रशासन महाशाखा अन्तर्गत रहने १० शाखाको कार्यसम्पादन आवश्यकताका आधारमा दरबन्दी कायम गरेकोमा दरबन्दीको तुलनामा ४४.६८ प्रतिशत पद रिक्त रहेकोले दरबन्दी अनुसारको पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१२. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत् निकासा हुने ११९ स्थानीय तह, १४ मन्त्रालय, ३ निकाय र सो मातहतका कार्यालय समेतमा गरी शुरु बजेट रू.७० अर्ब ९३ करोड ९२ लाख ९१ हजारमा २६.३० प्रतिशतले हुने रू.१८ अर्ब ६५ करोड ६१ लाख ६ हजार रकमान्तर गरेको छ । सुरु बजेटको तुलनामा खुद बजेटको ६६.०५ प्रतिशतले हुने रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार खर्च भएबाट खर्च नभएका शीर्षकमा समेत रकमान्तरबाट बजेट थप गरेको छ । प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

१३. **विकास शुल्क -** आर्थिक ऐन, २०७९ को अनुसूची १ (ग) मा काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका क्षेत्रभित्र पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन लिखतको थैली अङ्कको शुन्य दशमलव पाँच प्रतिशत बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गर्ने व्यवस्था छ । मन्त्रालयले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई रू.२५ करोड विनियोजन गरेकोमा समितिसँग सम्झौता गरी गतवर्षको फिर्ता बाँकी रू.१७ करोड १९ लाख ९७ हजार कट्टा गरी रू.७ करोड ८० लाख ३ हजार निकासा गरेको देखियो । विनियोजित रकमबाट १० योजना सञ्चालन गर्ने प्रस्ताव गरी रू.१४ करोड ५२ लाख ६७ हजार खर्च भएको छ । खर्च कटाई बाँकी रू.१० करोड ४७ लाख ३३ हजार आर्थिक वर्ष २०८०।८१ मा विनियोजित रू.१५ करोडबाट घटाई निकासा गर्ने गरी समितिसँग सम्झौता भएको पाइयो । संघीय कार्यालयलाई दिएको यस्तो कार्यक्रम र खर्च दोहोरो नपर्ने गरी र समितिमा मौज्दात रहने गरी निकासा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१४. **दायित्व सिर्जना -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। प्रदेश सरकार मातहतका कार्यालयहरूले यो वर्ष रू.१० करोड १० लाख २० हजारको दायित्व आगामी आर्थिक वर्षको लागि सिर्जना गरेको छ ।

१५. **बजेट कार्यान्वयन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(२) मा प्रदेश अर्थमन्त्रीले आषाढ महिनाको १ गतेभित्र प्रदेश सभामा राजस्व र व्ययको अनुमान पेस गर्ने व्यवस्था छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट वक्तव्य तथा एकीकृत वित्तीय प्रतिवेदन अनुसार विगत पाँच वर्षको खर्च अवस्था विश्लेषण गर्दा कुल रू.२ खर्ब ६३ अर्ब ३१ करोड ९ लाख मध्ये रू.१ खर्ब ६९ अर्ब ५ करोड ५१ लाख (औसतमा ६४ प्रतिशत) खर्च भएको देखियो ।

आर्थिक वर्ष २०७९।०८० मा वार्षिक विनियोजित बजेट रू.७० अर्ब ९३ करोड ९२ लाख रहेकोमा खर्च रू.४६ अर्ब ८६ करोड १९ लाख अर्थात् विनियोजित बजेटको ६६.०६ प्रतिशत भएको छ ।

(रकम रू. लाखमा)

क्र.सं.	आर्थिक वर्ष	बजेट	खर्च	खर्च प्रतिशत
१	२०७५।७६	३५६१५६	२०६५२७	५८
२	२०७६।७७	४७६०७८	२७९५०८	५९
३	२०७७।७८	५१४२७४	३५५९४८	६९
४	२०७८।७९	५७७२०९	३७९९४९	६६
५	२०७९।८०	७०९३९२	४६८६१९	६६
जम्मा		**२६३३१०९**	**१६९०५५१**	**६४**

वार्षिक रुपमा विश्लेषण गर्दा यो प्रतिशत आर्थिक वर्ष २०७५।७६ मा ५८, २०७६।७७ मा ५९, २०७७।७८ मा ६९, २०७८।७९ मा ६६ र २०७९।८० मा ६६ प्रतिशत रहेको पाइयो । तथ्याङ्कले आर्थिक वर्ष २०७५।७६ बजेटको तुलनामा ५८ प्रतिशत खर्च देखाएकोमा यो प्रतिशत क्रमशः बढ्दै ६९ प्रतिशतसम्म पुगेपनि औसतमा ६४ प्रतिशत मात्र देखिएकोले बजेट कार्यान्वयन क्षमता बढाउनु पर्ने देखिन्छ। क्षमता सुदृढ गरी बजेट कार्यान्वयनमा उल्लेख्य प्रगति हासिल गर्नुपर्ने देखिन्छ ।

५. **संघीय कार्यालयलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट कार्यक्रम सञ्चालन गर्न संघीय कार्यालय ७० लाई रू.३१ करोड ३२ लाख ९८ हजारको अख्तियारी दिई रू.२५ करोड ६३ लाख ३७ हजार बजेट खर्च भएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

१६. **प्रदेश सञ्चित कोष -** प्रदेश सरकारको २०७९।८० को सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः-

(रकम रू. हजारमा)

विवरण	२०७८।०७९	२०७९।८०
कर तथा गैर कर राजस्व बाँडफाँटबाटप्राप्त जम्मा (क)	३३४६६८५०	२७३९७४९९
वित्तीय हस्तान्तरण अनुदानबाट प्राप्त जम्मा (ख)	१५६७५५३९	१७३९६५६२
संस्थानबाट ऋण लगानी फिर्ता (ग)	४३८४५	१११११०
गतवर्षको बचत (घ)	२३३४६४७८	३१९४१३७७
जम्माआम्दानी (क+ख+ग+घ)	**७२५३२७१२**	**७६८४६५५८**
सशर्त अनुदानबाट भएको खर्च (१)	४७६९२५९	५३८९१९३
विशेष अनुदानबाट भएको खर्च (२)	२३२७१४	४१८१६९
समपूरक अनुदानबाट भएको खर्च (३)	२१८१९४	४०८५८९

वित्तीय हस्तान्तरण अनुदानबाट खर्च जम्मा (ङ)=(१+२+३)	**५२२०१६७**	**६२१५९५१**
सशर्त अनुदानबाट फिर्ता गर्नुपर्ने रकम (१)	१९१४०८०	२८२३३४४
विशेष अनुदानबाट फिर्ता गर्नुपर्ने रकम (२)	३२५६८६	३७१८३१
समपूरक अनुदानबाट फिर्ता गर्नुपर्ने रकम (३)	३५६६०६	६३१४१०
शसर्त, विशेष र समपूरक अनुदानबाट फिर्ता गर्नुपर्ने जम्मा (च)=(१+२+३)	**२५९६३७२**	**३८२६५८५**
वित्तीय हस्तान्तरण अनुदानबाट फिर्ता गरेको रकम	**२५९६३७२**	**३८२६५८५**
(छ) सशर्त, विशेष र समपूरकको फिर्ता गर्नुपर्ने घटाउदा बाँकी हुने आम्दानी (घ-च)	**६९९३६३४०**	**७३०१९९७३**
(ज) जम्मा खर्च	**३७९९४९६३**	**४६८६१९६९**
(ञ) श्रेष्ताअनुसार कोषको मौज्दात रकम (छ-ज+झ)	**३१९४१३७७**	**२६१५८००४**

प्रदेश सञ्चित कोषको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१६.१. सहुलियतपूर्ण कर्जातर्फ सञ्चितकोषको वार्षिक आर्थिक विवरणको व्ययमा रू.६० करोड खर्च देखाएको छ। निकासा भएको सबै रकम खर्च हुन नसकी रू.११ करोड ११ लाख २० हजार फिर्ता प्राप्त गरेको छ । तसर्थ सञ्चित कोषको हिसाब यथार्थपरक हुनुपर्दछ ।

१६.२. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन करको अद्यावधिक अभिलेख राखी सञ्चितकोषमा आम्दानी बाँधेको देखिएन । राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम यकिन गरी आम्दानी जनाउनुपर्दछ ।

१९. **ऋण लगानी -** उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९ को व्यवस्थाअनुसार कार्यालयले कृषि विकास बैङ्क लिमिटेडलाई रू.३६ करोड र साना किसान विकास लघुवित्त संस्थालाई रू.२४ करोड बढीमा पाँच वर्ष अवधिको लागि लगानी गर्न सहुलियत पूर्ण ऋण उपलव्ध गराएको छ । ऋण प्रवाह गर्ने गरी निकासा गरेको रकमबाट उल्लिखित बैङ्कहरूबाट लगानी गरिएको ऋणीहरूको विवरण सहितको प्रतिवेदन प्राप्त भएको छैन । ऋण लगानी कार्यविधिमा मन्त्रीको संयोजकत्वमा निर्देशक समिति, सचिवको संयोजकत्वमा अनुगमन समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन समिति रहने व्यवस्था भए तापनि सोअनुसार ऋण लगानी तथा सुरक्षाको अवस्थाका सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

२०. **खर्चको अवस्था -** प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश आर्थिक ऐन, २०७९ अनुसार चालु तथा पूँजीगत खर्च लेखाङ्कन गर्दै आएको छ । प्रदेश मातहतका कार्यालयले चालुतर्फ रू.२६ अर्ब ८४ करोड ७ लाख ४४ हजार बजेटमध्ये रू.१७ अर्ब ९८ करोड २४ लाख १ हजार, पूँजीगततर्फ रू.४२ अर्ब ९ करोड ८५ लाख ४६ हजार बजेटमध्ये रू.२८ अर्ब २७ करोड ९५ लाख ६७ हजार र वित्तीय व्यवस्था तर्फ रू.२ अर्ब बजेटमध्ये रू.६० करोड खर्च गरी कुल बजेट रू.६८ अर्ब ९३ करोड ९२ लाख ९१ हजारमध्ये रू.४६ अर्ब ८६ करोड १९ लाख ६८ हजार खर्च भएको छ । यसबाट प्रदेश मातहतका निकायको खर्च क्षमता न्यून रहेको देखिन्छ । प्रथम चौमासिक अवधि देखिनै निर्माण कार्य, योजना तथा कार्यक्रम व्यवस्थापनका शुरु चरणका काम सम्पन्न गरी कार्यक्रम अनुसारका योजना सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी क्षमता तथा प्रकृया सुदृढीकरण गर्नुपर्ने देखिन्छ ।

२१. **संघीय वित्त हस्तान्तरण** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ देखि ११ सम्ममा वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान निर्धारण तथा वितरणसम्बन्धी व्यवस्था छ । विगत २०७६।७७ देखि २०७८।७९ सम्म समानीकरण अनुदानमा रू.२३ अर्ब १७ करोड २५ लाख निकासा भएकोमध्ये रू.१६ अर्ब ५ करोड १ लाख ९ हजार खर्च भई प्रदेश सञ्चितकोष खातामा रू.७ अर्ब १२ करोड २३ लाख ९१ हजार मौज्दात रहेको छ । त्यसैगरी सशर्त, विशेष र समपूरक अनुदानमा २०७६।७७ देखि २०७८।७९ सम्मको निकासा रू.२६ अर्ब ४ करोड ९१ लाख ७३ हजारमध्ये रू.१८ अर्ब ५ करोड ६८ लाख ७३ हजार खर्च भई २०७६।७७ मा ३२ प्रतिशत, २०७७।७८ मा २७ प्रतिशत र २०७८।७९ मा ३३ प्रतिशत फिर्ता गरेको छ । आर्थिक वर्ष २०७९।०८० मा संघीय सशर्त अनुदान, समपूरक अनुदान तथा विशेष अनुदानतर्फ क्रमशः रू.८ अर्ब २१ करोड २५ लाख ३६ हजार, रू.१ अर्ब ४ करोड र रू.७९ करोडसमेत जम्मा रू.१० अर्ब ४ करोड २५ लाख ३६ हजार संघीय सरकारबाट निकासा प्राप्त भएकोमा क्रमशः रू.५ अर्ब ३८ करोड ९१ लाख ९३ हजार, ४० करोड ८५ लाख ८९ हजार र ४१ करोड ८१ लाख ६९ हजार समेत जम्मा रू.६ अर्ब २१ करोड ५९ लाख ५१ हजार खर्च भई रू.३ अर्ब ८२ करोड ६५ लाख ८६ हजार संघीय सरकारलाई फिर्ता गरिएको छ । यो आर्थिक वर्षमा निकासाको तुलनामा ३८.१० प्रतिशतभन्दा बढी फिर्ता भएको अवस्थाले प्रदेश अन्तर्गतका निकायको खर्च गर्ने क्षमता अपेक्षा गरेअनुरुप बढेको देखिएन । स्रोतसाधन तथा जनशक्ति व्यवस्थापन गरी निकासाअनुसारको खर्च गर्ने क्षमता बढाउनुपर्दछ ।

२२. **कोष ट्रान्सफर** - प्रदेश आर्थिक ऐन, २०७९ को दफा ३(४) मा बागमती प्रदेशभित्र सवारी साधन कर, सवारी चालक अनुमतिपत्र नवीकरण तथा सवारी साधन दर्ता दस्तुर, नवीकरण, बाटो इजाजतपत्र आवेदन तथा नवीकरण दस्तुर वापत असुल उपर गरेको करको ६० प्रतिशत प्रदेश सञ्चित कोषमा र ४० प्रतिशत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त सुत्रबमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सवारी साधन कर वापतको ट्रान्सफर हुनुपर्ने रू.१० अर्ब २४ करोड २७ लाख ७९ हजारमध्ये वर्षान्तसम्म रू.९ अर्ब ७९ करोड १६ लाख ८७ हजार ट्रान्सफर भई रू.४५ करोड १० लाख ९२ हजार ट्रान्सफर हुन बाँकी छ। कार्यालयले आषाढ मसान्तमा बाँडफाँटका लागि प्राप्त भइसकेको रकम पाँच महिना ढिलो गरी २०७९।८।०५ मा दाखिला गरेको छ । स्थानीय तहको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने परिषद्को बैठक प्रत्येक वर्ष आषाढ १० भित्र बस्नुपर्ने प्रावधान रहेकोमा असुल भैसकेको रकम ढिलो गरी ट्रान्सफर गर्दा स्थानीय तहको आय प्रक्षेपणमा समेत असर पर्ने देखिएकोले समयमै बाँडफाँट गर्नुपर्दछ ।

२३. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । प्रदेश सरकार मातहतका सबै कार्यालयको प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालय मार्फत् २२० कार्यालयको लेखापरीक्षण सम्पन्न गरेको छ । लेखापरीक्षणबाट असुल गर्नुपर्ने रू.१ करोड ४७ लाख ३६ हजार, नियमित गर्नुपर्ने रू.२४ करोड २१ लाख ४२ हजार, म्याद नाँघेको पेश्की रू.१ अर्ब ८ करोड २७ लाख १३ हजार गरी जम्मा रू.१ अर्ब ३३ करोड ९५ लाख ९१ हजार बेरुजु कायम भएको छ । अन्तिम लेखापरीक्षण

प्रतिवेदनमा म्याद नाघेको पेश्की बेरुजु रू.१८ करोड ५६ लाख ७२ हजार मात्र कायम भएकोमा आन्तरिक लेखापरीक्षणमा पेश्की बेरुजु रू.८९ करोड ७० लाख ४१ हजार बढी देखिएको छ । बेरुजुको लगत अद्यावधिक गरी फर्स्यौंट गर्ने प्रणाली विकास नभएकोले बेरुजुको केन्द्रीय विवरण तयार गरेपनि सुधारको अवस्था यकिन तथा अभिलेखीकरण गरेको छैन । लेखापरीक्षणको सुझाव अनुसार सुधार गरेको सम्बन्धमा आश्वस्त हुने व्यवस्था गरी आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउँनुपर्दछ।

२४. **तलबी प्रतिवेदन -** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । प्रदेशमा रहेका ११९ स्थानीय तहहरूको तलबी प्रतिवेदन प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रकको कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित हुने व्यवस्था गरेको भए तापनि पारित गरेको छैन। ऐनमा भएको व्यवस्थाको पालना गरी सबै स्थानीय तहका कर्मचारीको तलबी प्रतिवेदन पारित हुने व्यवस्था गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, अवण्डा बजेट, आय लेखाङ्कन, रकमान्तर, बजेट कार्यान्वयन लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** मन्त्रालय र मातहत समेत १४ निकायमा लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश भित्रको कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ३७ निकायको निम्नानुसार रू.४ अर्ब २१ करोड ७९ लाख २३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२६७०७६०	१३१०९८१	१३२२१४	१०३९६८	४२१७९२३

२. **अन्य संस्था -** यो वर्ष मन्त्रालय मातहत १ संस्थाको रू.१५ करोड ३२ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका १७ जिम्मेवारी तोकिएका छन् । नियमावलीमा उल्लिखित कार्यहरू मध्ये राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको खारेजी, नियमन सम्बन्धी कार्य र कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयनका लागि यो वर्ष बजेट व्यवस्थापन भए तापनि कार्य भएको छैन । चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन सम्बन्धी कार्य, भूमि व्यवस्थापन सम्बन्धी र सहकारी व्यवस्थापन सम्बन्धी अधिकांश कार्य भएको छैन । कार्यतालिका बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

४. **नीति कार्यक्रम र बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेशको २०७९।८० को नीति तथा कार्यक्रममा यस मन्त्रालय अन्तर्गत १९ कार्यक्रम सञ्चालन हुने उल्लेख छ । पारित नीति तथा कार्यक्रममध्ये खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायीकरण र बजारीकरणमार्फत् प्रमुख कृषि उपजहरूमा आत्मनिर्भर बनाउने कार्यक्रम, सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा जमिनको बनोट र उपयुक्तताका आधारमा वर्गीकरण गरी सोहीअनुसार भू-उपयोग गर्ने व्यवस्था मिलाउने कार्यक्रम, समानता तथा औचित्यका आधारमा भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासहरूको समस्या समाधान गर्न सङ्घीय सरकार र स्थानीय तहसँग आवश्यक सहकार्य गर्ने, तीन वर्षभित्रमा दुधको उत्पादनमा ३५ प्रतिशतले वृद्धि गर्न डेरी एक्सेलेन्सी सेन्टर स्थापना गर्ने, बाझो जमिनको सदुपयोग गरी कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा बाझो जमिन बैङ्क स्थापना गरिने, प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना गरिने जस्ता वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमको कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यान्वयन समावेश भएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

५. **बजेट खर्चको अवस्था -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ बमोजिम मन्त्रालयले मातहत निकायबाट सम्पादित काम समेत समेटि वार्षिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र मातहतका निकायमा यो आर्थिक वर्षमा प्रदेश सरकार, नेपाल सरकारको

सशर्त कार्यक्रम र नेपाल सरकारको विशेष अनुदान स्रोतको कार्यक्रम सञ्चालन गरिएको मन्त्रालय र सो अन्तर्गतका निकायको स्वीकृत वार्षिक कार्यक्रम तथा प्रगति विवरण अनुसार रू.३ अर्ब ८७ करोड ७० लाख ७१ हजार विनियोजन भएकोमा रू.२ अर्व ६७ करोड ७ लाख ६० हजार खर्च भई ६८.८८ प्रतिशत वित्तीय प्रगति र ७८ प्रतिशत भौतिक प्रगति भएको छ । प्रदेश सरकारको प्रथम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य अनुसार लक्ष्य प्रगति हासिल गर्नुपर्दछ।

६. **रकमान्तर तथा स्रोतान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । मन्त्रालयले संघीय सशर्त अनुदान समेत विभिन्न शीर्षकमा रू.१ अर्ब ८ करोड २६ लाख ७१ हजार सुरु बजेट कायम गरिएकोमा रू.८ करोड ६५ लाख ४० हजार थप र रू.३७ करोड ४७ लाख ७९ हजार घट समेत रू.४६ करोड १३ लाख १९ हजार रकमान्तर गरेको छ । कुल बजेटको ४२.६१ प्रतिशत रकमान्तर गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ।

७. **शीतभण्डार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न सम्बन्धमा र नियम १२० मा ठेक्काको म्याद थप सम्बन्धमा व्यवस्था रहेको छ । मन्त्रालयले शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, (२०७८) बमोजिम ७० प्रतिशत मन्त्रालय तथा ३० प्रतिशत साझेदार संस्थाको लागत सहभागितामा ११ योजनालाई ३ प्याकेज बनाइ १२ महिनाभित्र निर्माण र ६ महिनाभित्र मर्मत कार्यसम्पन्न गर्ने गरी ८ स्थानमा शीतभण्डार निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७६।३।२५ मा रू.३८ करोड ९० लाखको सम्झौता भएकोमा २०८० असार मसान्तसम्म म्याद थप भएको छ । हालसम्म निर्माण व्यवसायीलाई रू.२९ करोड ८२ लाख ६७ हजार भुक्तानी भएकोमा सम्झौता अनुसार ७० प्रतिशतले हुने रू.२० करोड ८७ लाख ८७ हजार मन्त्रालयबाट भुक्तानी हुनुपर्नेमा रू.२२ करोड ४६ लाख १३ हजार भुक्तानी गरेको छ । साझेदार संस्थाबाट रू.८ करोड ९४ लाख ८० हजार खर्च व्यहोर्नुपर्नेमा रू.७ करोड ३६ लाख ५४ हजार मात्र खर्च व्यहोरेको छ । निर्देशिका बमोजिम साझेदार संस्थाहरूबाट रू.१ करोड ५८ लाख २६ हजार कम भुक्तानी भएको छ । साथै दोलखाको भिमेश्वरमा रू.४ करोड ८५ लाख ८१ हजार, काभ्रेको बनेपामा रू.३ करोड ६४ लाख ५६ हजारको सम्झौता भएकोमा दोलखामा ६.९७ प्रतिशतमा मात्र भौतिक प्रगति भएको तर काभ्रेमा शीतभण्डार निर्माणमा रू.३२ लाख ८१ हजार खर्च भैसकेपछि ठेक्का रद्ध भएको छ । साझेदार संस्थाहरूले कम योगदान गरेको रू.१ करोड ५८ लाख २६ हजार शीतभण्डार निर्माणमा हिसाब समायोजन गर्नुपर्ने अन्यथा मन्त्रालयको सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

८. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ मा बजेट रोक्का, नियन्त्रण वा समर्पण गर्न सक्ने व्यवस्था छ । विनियोजन ऐनमा समावेश भएको कुनै रकम वा सो रकमवाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोश्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई अन्य शीर्षकमा रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्षको नीति,

कार्यक्रम तथा बजेटमा कृषक सूचीकरण, एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापना र पशुपन्छी मत्स्यतर्फको प्राविधिक सेवा कृषकको घरघरमा गरी ३ कार्यक्रममा रू.१५ करोड ७० लाख विनियोजन भएको मध्ये रू.५ करोड ५५ लाखमा कृषक सूचीकरण, एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापना र पशुपन्छी मत्स्यतर्फको प्राविधिक सेवा कृषकको घर घरमा ३ कार्यक्रम सञ्चालन गर्न र कृषि बजार स्थापना तथा बहुपक्षीय पोषण सुधार कार्यक्रम लगायत ९ वटा कार्यक्रममा रू.९ करोड ४० लाख विनियोजन भएकोमा कच्चा पदार्थको उपलब्धता, कृषकहरूसँगको लागत सहभागिता सञ्चालन गर्न ती कार्यक्रमहरू सम्भाव्य नभएको तथा कानुनी जटिलता देखाई रू.१४ करोड ९५ लाख बजेट समर्पण गरेको छ। कार्यक्षमता हेरी मागका आधारमा बजेट विनियोजन गर्ने र कार्यान्वयन गरिनुपर्दछ ।

९. **खोज तथा अनुसन्धान कार्यक्रम सञ्चालन -** २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तरल धुवाँ, कृषि क्षेत्रमा रसायानिक विषादीको एक वैकल्पिक प्रविधि खोज तथा अनुसन्धान कार्यक्रम सञ्चालनको लागि काठमाडौं विश्वविद्यालयबाट प्रस्तावना पेस भएको छ । सो अनुसार विश्वविद्यालयले बागमती प्रदेशभित्र कृषकले भोगेका रोग किरा सम्बन्धी समस्या समाधानका लागि स्थानीय स्तरमा उपलब्ध वनस्पतिको प्रशोधनबाट तरल धुवाँ उत्पादन गरी बाली बिरुवामा लाग्ने रोग किराको व्यवस्थापनबारे अध्ययन अनुसन्धान गर्न रू.२० लाखमा सम्झौता भएकोमा सोबाट कृषकले भोगेका समस्या समाधान गर्ने गरी विश्वविद्यालयसँग सम्झौतामा उल्लेख भएअनुसार कार्य भए नभएको मन्त्रालयले नियमित अनुगमन गरी कृषकहरूको बालीमा लाग्ने रोगको निदान गरिनुपर्दछ।

१०. **कार्यक्रम उत्पादन तथा प्रसारण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ३७ (८) मा सरकारी रकम भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । एक ब्रोडकास्टिङ्ग कम्पनी, भरतपुर, चितवन र कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय हेटौंडाबीच प्राङ्गरिक खेति/व्यवसाय सम्बन्धी डकुमेन्ट्री निर्माण एवम् प्रसारणको लागि भएको सम्झौतामा २ वटा डकुमेन्ट्री निर्माण गरी हाइ डिफिनेसन गुणस्तरमा राष्ट्रिय टेलिभिजन मार्फत् प्रसारण गर्नुपर्ने उल्लेख छ । सम्झौतामा प्रसारण गर्ने समय प्राईम, सुपर, अर्डिनरी उल्लेख गरेको छैन । सम्झौतामा राष्ट्रिय स्तरको टेलिभिजनबाट प्रसारण गर्ने उल्लेख भएकोमा चितवनको एक टेलिभिजनबाट प्रसारण गरी रू.२४ लाख ३९ हजार भुक्तानी गरेको छ । सम्झौतामा उल्लेख भए अनुसार कार्यक्रम उत्पादन तथा प्रसारण हुनुपर्दछ ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

विकासका विभिन्न साझेदारहरूसँग समन्वय गर्दै कृषि तथा पशुपन्क्षी विकासका कार्यहरू गर्ने, कृषि तथा पशुपन्क्षी विकासको क्षेत्रमा सार्वजनिक निजी साथै सहकारी क्षेत्रको लगानी समुचित रुपमा वृद्धि गरी कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने, प्रदेशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने तथा बागमती प्रदेशमा समग्र पशुपालन क्षेत्रको विकास गर्ने उद्देश्य सहित निर्देशनालयको स्थापना भएको हो । निर्देशनालयमा यो वर्ष रू.४० करोड ४० लाख बजेट विनियोजन भई रू.३३ करोड ५६ लाख खर्च भएको छ ।

११. **दुधमा अनुदान** - दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०७५ को बुँदा १८ अनुसारको मापदण्ड पुरा गरेका विभिन्न २२२ दुग्ध उत्पादक सहकारी संस्थालाई प्रतिलिटर रू.३.५६३ का दरले रू.२९ करोड ९९ लाख ९८ हजार अनुदान दिएको छ। बुँदा १३ मा कार्यविधिको अनुदान रकम सम्बन्धित दुग्ध उत्पादक सहकारी संस्थाको बैङ्क खातामा पठाईने र उक्त संस्थाले दुध बिक्री गर्ने कृषकलाई अनुदान रकम उपलव्ध गराउने व्यवस्था छ । निर्देशनालयले दुध अनुदान वितरण गरेका २२२ दुग्ध उत्पादक सहकारी संस्था मध्ये ७९ दुग्ध उत्पादक सहकारी संस्थाले वितरण भरपाई पेस गरेका र बाँकी १४३ दुग्ध उत्पादक सहकारी संस्थाले रू.२० करोड १५ लाख ७९ हजार प्राप्त गरेकोमा उक्त अनुदान रकम सम्बन्धित कृषकको बैङ्क खातामा जम्मा भएको प्रमाण पेस गर्नुपर्दछ ।

१२. **बिउपुँजी परिचालन** - निर्देशनालयले बिउँपुँजी परिचालन कार्यविधि, २०७९ अनुसार एक फार्म हाउसलाई रू.२० लाख भुक्तानी र एक एग्रो प्रा. लि. लाई रू.५० लाख बिउपुँजी वापत अनुदान भुक्तानी भएकोमा कार्यविधिको बुँदा नं. ५(३) मा बिउपुँजी परिचालनमा सदुपयोग भएको अनुगमन गर्ने, चौमासिक विवरण तयार गर्ने र बिउँपुँजी परिचालनको लागि कार्ययोजना बनाउने उल्लेख गरेकोमा सो बमोजिम भएको पाइएन । उक्त अनुदानको प्रयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

१३. **राहत अनुदान** - बर्डफ्लु रोगका कारण नष्ट गरिएका पन्छी, पन्छीजन्य पदार्थ तथा पन्छी उत्पादन सामग्रीहरूको बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ र बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएको वस्तुहरूको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ अनुसार बर्डफ्लुका कारण नष्ट गरिएका पन्छी तथा पन्छीजन्य पदार्थहरूको दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटका आधारमा र बर्डफ्लु नियन्त्रण समितिको सिफारिसमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चितवनले रू.३१ करोड ९१ लाख ३१ हजार, ललितपुरले रू.१८ करोड १५ लाख २५ हजार, मकवानपुरले रू.१ करोड ९० लाख ६४ हजार, दोलखाले रू.९ लाख २८ हजार २०० पशुपालकलाई क्षतिको रकम निर्धारण गरी सोको ७५ प्रतिशत रकम राहतस्वरुप रू.५२ करोड ६ लाख ४८ हजार भुक्तानी भएको छ। मापदण्डको दफा ५ बमोजिम प्राप्त निवेदनका आधारमा स्वीकृत कार्यक्रममा बजेट व्यवस्था भएबमोजिम प्रदेश सरकार वा मातहत र विभागको समन्वयमा दोहोरो नपर्ने गरी उपलब्ध गराउनुपर्ने उल्लेख छ । राहत वितरण गर्दा व्यवसायीले स्थानीय तहको समन्वय र सहकार्यमा गरेको बीमा र सोको दाबी दोहोरो नभएको विषय विश्लेषण गरेर मात्र खर्च लेख्ने व्यवस्था मिलाउनुपर्दछ ।

प्रदेश दुग्ध विकास बोर्ड

१४. **दुग्ध पाउडरको प्लाण्ट निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद गर्दाका बखत पूर्वामान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को कारण खुलाई भेरीएसन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ । बोर्डले दुग्ध पाउडरको प्लान्ट निर्माणको लागि रू.४१ करोड २२ लाखको लागतमा एक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरेकोमा योजनाको भौतिक तथा वित्तीय प्रगति नभएको अवस्थामा ओभरहेड ट्याङ्कीलाई परिवर्तन गरी अण्डर ग्राउण्ड बनाएको, बिल्डिङ्ग र सिभिल वर्कको काम बढेको जनाई भेरिएसन आदेश स्वीकृत गरी रू.४७

करोड ३३ लाख अर्थात् १४.२२ प्रतिशत भेरिएसन भएको छ । कार्य सुरु नहुँदै भेरिएसन गरेको र कार्ययोजना अनुसार काम सुरू नभएको विषयमा यकिन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, नीति तथा कार्यक्रम, रकमान्तर, अनुदान, शीतभण्डार लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहत समेत २० निकायमा रू.२६ करोड ८५ लाख ४८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रू.१३ लाख ९ हजार फर्स्यौंट गरेकोले रू.२६ करोड ७२ लाख ३९ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.६ करोड ११ लाख २१ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ अन्य संस्थातर्फ १ निकायको रू.३३ लाख ६० हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट नगरेकोले रू.३३ लाख ६० हजार बेरुजु देखिएको छ । सोमध्ये रू.९ लाख ९६ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार साविकको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको खानेपानी, ऊर्जा तथा सिँचाइ लगायतका कार्य गर्ने यस मन्त्रालयको स्थापना गरिएको छ। यस मन्त्रालयबाट बागमती प्रदेश अन्तर्गतका १३ वटै जिल्लाहरूमा खानेपानी, ऊर्जा, सिँचाइ तथा नदी व्यवस्थापन सम्बन्धी अध्ययन, योजना तर्जुमा, स्वीकृति तथा मातहतका कार्यालयहरूबाट योजना निर्माण, सञ्चालन र मर्मत सम्भार लगायतका कार्यहरू सञ्चालन हुँदै आएका छन् ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २२ निकायको निम्नानुसार रू.८ अर्ब ५९ करोड ७९ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
७७४२९५१	१३४१७	८२६७२०	१४८७३	८५९७९६१

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय अन्तर्गत तोकिएका कार्यहरू यस मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। जिम्मेवारीमा रहेका कार्यहरूको कार्यरुप दिन नीति तथा कार्यक्रम र कार्य योजनामा समावेश गर्नुपर्नेमा प्रदेश स्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जलउत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन, ऊर्जा विद्युत सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रबर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन सम्भार र व्यवस्थापन, प्रदेशभित्रको जलस्रोतको उपयोग तथा नदी संरक्षण सम्बन्धी लगायतका कार्यहरू पुरा गरेको देखिएन। जिम्मेवारी भित्रको कार्यलाई नीति र कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनु पर्ने उल्लेख छ । मन्त्रालय र अन्तर्गत कार्यालय समेतको एकीकृत आर्थिक विवरणअनुसार यस वर्ष मन्त्रालयको पूँजीगत बजेट रू.८ अर्ब ७८ करोड २ लाख २७ हजार रहेकोमा रू.७ अर्ब ४१ करोड ९८ लाख ४४ हजार खर्च भएको छ । उक्त खर्च शुरू विनियोजित बजेटको ८४.१४ प्रतिशत तथा अन्तिम बजेटको ८४.५१ प्रतिशत रहेको छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेटको प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

४. **बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन -** बागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा पूर्व बजेट छलफल र दफा १० मा बजेट प्रस्ताव र छलफलको व्यवस्था गरेको छ । जसमा आयोजना र कार्यक्रम बजेट तयारी, स्वीकृति र कार्यान्वयनका विभिन्न चरणका सम्बन्धमा उल्लेख छ। कार्यान्वयनका क्रममा आयोजनाको प्राथमिकिरणमा कमजोरी, आयोजनाहरूको संख्या धेरै हुने,

बजेट न्यून विनियोजन, प्राविधिक कर्मचारीहरूको न्यूनता, संघीय कार्यक्रम संशोधनमा कठिनाई र ढिलो हुने गरेको, ऊर्जा सम्बन्धी कानुन संघीय संरचना बमोजिम संशोधन नभएको र विद्युत प्राधिकरण तथा विद्युत विकास विभागका प्रदेशस्तरीय कार्यालयहरू स्थापना नभएकोले प्रदेशस्तरमा ऊर्जा सम्बन्धी कार्यमा कठिनाई भई उल्लेखनीय प्रगति नभएको, बहुवर्षीय आयोजना सम्बन्धी मापदण्ड, २०७८ अनुसार तोकिएको बजेट विनियोजन गर्न सक्ने क्षमता नभएका कारण बहुवर्षीय आयोजनाहरू यस आर्थिक वर्षमा स्वीकृत हुन नसकेको अवस्था छ । प्रदेश सरकारको नीति तथा कार्यक्रममा समावेश भएको स्थानीय तहको सहलगानीमा आयोजना निर्माण, इन्द्रेणी एकीकृत बस्ती संरक्षण योजना, प्रदेश गौरवको योजना, जिरीमा मानव निर्मित पर्यटकीय ताल र प्रदेशभित्र प्रयाप्तरूपमा स्वच्छ गुणस्तरीय र भरपर्दो खानेपानी तथा सरसफाई सेवाको संरक्षण सम्बर्द्धन र नियमनको लागि खानेपानी तथा सरसफाई ऐन तर्जुमा लगायतका बजेटमा उल्लिखित विषयहरू कार्यान्वयन भएको देखिएन । वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्दछ ।

५. **कानुन निर्माण -** बागमती प्रदेश सरकार (कार्य विभाजन नियमावली) २०७४ बमोजिम खानेपानी, ऊर्जा तथा सिंचाई सम्बन्धी क्षेत्राधिकारभित्र पर्ने कार्यहरू यस मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रदेशस्तरको खानेपानी, सिंचाई, ऊर्जा, विद्युत, जल उत्पन्न प्रकोप (बाढी तथा पहिरो) व्यवस्थापन, मौसम जलमापन सञ्चार सञ्जाल व्यवस्थापन, खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको निर्धारण र नियमन, ऊर्जा सिँचाइ विद्युत सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता तथा लगानी प्रबर्द्धन र प्रदेश सीमाका नदी जल उपयोग लगायतका विषयमा आवश्यक पर्ने गुरूयोजना, नीति, मापदण्ड, कार्यविधि, मार्गदर्शन, नियम बनाएको देखिएन ।

६. **रकमान्तर -** प्रदेश कार्यविधि ऐन, २०७४ को दफा १७ मा कुनै शीर्षकमा बजेट अपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने उल्लेख छ । त्यसैगरी प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३ मा विनियोजित रकमको २० प्रतिशतभन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने व्यवस्था छ । मन्त्रालयको शुरू विनियोजित बजेट रू.२४ करोड १२ लाख ९० हजार रहेकोमा तटबन्ध तथा बाँध निर्माण र परामर्शबाट रू.१७ करोड ३६ लाख ३७ हजार रकमान्तर गरी अन्तिम बजेट रू.६ करोड ६५ लाख ५३ हजार कायम गरेको छ । विनियोजित रकमको २० प्रतिशत मात्र रकमान्तर गर्न सकिनेमा ७१.९६ प्रतिशतसम्म रकमान्तर गरी अन्तिम बजेट कायम गरेको छ । प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ।

७. **लक्ष्य प्रगति -** मन्त्रालय र मातहत कार्यालयको विनियोजित पूँजीगत बजेट रू.८ अर्ब ७८ करोड २ लाख ७० हजार खर्च भएको छ । निर्धारित कार्यक्रम/क्रियाकलाप २३ वटा मध्ये जलश्रोतका विभिन्न योजनाको वातावरणीय अध्ययन, मकवानपुर र दोलखा जिल्ला सिँचाइ योजनाहरूको पोष्ट प्रोजेक्ट इभ्यालुएसन, निजी क्षेत्र तथा स्थानीय पालिकाहरूसँगको सहलगानीमा सार्वजनिक शौचालय निर्माण, प्रदेश गौरवको आयोजना लगायतका कार्यक्रम/क्रियाकलाप सञ्चालन भएको देखिएन । निर्धारित कार्यक्रम अनुसार प्रगति हासिल गर्न पहल गर्नुपर्दछ ।

८. **प्रदेश गौरवको आयोजना -** दोलखा जिल्लाको जिरीमा निर्माण गरिने मानव निर्मित पर्यटकीय ताल आयोजनालाई प्रदेश सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा २०७९।०६।०६ मा स्वीकृति गरेको छ। ४० मिटर अग्लो आर.सि.सि. ड्याम सहितको १० लाख १५ हजार घनमिटर क्षमताको

जलाशय आयोजना अनुमानित लागत अनुमान रू.३ अर्ब ११ करोड र निर्माण गर्न लाग्ने अनुमानित समयावधि ६ वर्ष रहेको योजनालाई २०७९।८० मा रू.१५ करोड बजेट विनियोजन गरेको भए तापनि वातावरणीय प्रभाव मूल्याङ्कन र जग्गा प्राप्तिको प्रारम्भिक चरणका कार्यसमेत नगरी बजेट विनियोजन गरेकोले खर्च गर्न नसकेको अवस्था छ । नीतिगत तथा कानुनी प्रबन्ध गरी आयोजनाको पूर्व तयारी, स्रोतको यथोचित व्यवस्थापन, अन्तरनिकाय समन्वय र सरोकारवालाहरूसँग समन्वय गरी तोकिएको कार्य सम्पन्न गर्नुपर्दछ ।

९. **योजना सञ्चालन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा सार्वजनिक निकायले वार्षिक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरी सुधारको लागि चाल्नुपर्ने कदमको पहिचान गरी पूँजीगत खर्चमा वृद्धि गर्नुपर्ने उल्लेख छ । प्राप्त विवरणअनुसार मन्त्रालयले विगत ५ वर्षदेखि सञ्चालित खानेपानी, सिंचाई र ऊर्जातर्फका निर्माणाधीन ११४ आयोजनाहरूमध्ये यस आर्थिक वर्षमा ५८ सम्पन्न गरेको छ भने ५६ वटा निर्माणकै क्रममा रहेका छन् । बागमती प्रदेश बहुवर्षीय आयोजनासम्बन्धी मापदण्ड, २०७८ को बुँदा नं. ४ मा कुनै आयोजनालाई बहुवर्षीय आयोजनाको रूपमा स्वीकृत गर्न आयोजना प्रस्ताव गर्ने सम्बन्धित मन्त्रालयले प्रस्तावित आयोजनाको निर्माण सम्पन्न हुने अवधि ३ वर्ष भएमा लागत अनुमानको २५ प्रतिशत, ४ वर्ष भएमा २० प्रतिशत र ५ वर्ष वा सो भन्दा बढी समयावधि भएमा १५ प्रतिशत बजेट आर्थिक वर्षहरूमा विनियोजन हुनुपर्ने व्यवस्था छ । २०७९।८० मा मन्त्रालय अन्तर्गत सञ्चालित बहुवर्षीय आयोजनाहरूको प्रगति अवस्था यस प्रकार रहेको छः

(रकम रू. लाखमा)

विवरण	आयोजना संख्या	कूल लागत अनुमान	०७८।७९ सम्मको खर्च	०७९।८० को बजेट खर्च			हालसम्मको वित्तीय प्रगति	०७९।८० मा सम्पन्न आयोजना संख्या
				बजेट	खर्च	खर्च प्रतिशत		
खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत ५ वटा कार्यालय	२९	३०८३१	११३८२	२७९८	२५५९	९१.५५	४५	९
सिचाई तर्फ १६ वटा कार्यालय	८५	३३३०४	८७७३	७४९९	४२४९	५६.७५	३९	२०
मन्त्रालयको जम्मा	**११४**	**६४१२५**	**२०१५५**	**१०२९७**	**६८०७**	**६६.१**	**४२**	**२९**

खानेपानी तथा सरसफाईतर्फ २९ वटा र सिँचाइतर्फ ८५ वटा आयोजना रहेकोमा २०७९।८० मा खानेपानी तथा सरसफाईतर्फ ४५ र सिँचाइतर्फ ३९ प्रतिशत वित्तीय प्रगति हासिल गरी क्रमशः ९ र २० वटा आयोजना सम्पन्न भएका छन् । आयोजना स्वीकृत हुने तर न्यून बजेट विनियोजन तथा ढिलो कार्यसम्पन्न हुने अवस्था रहेकाले सो अनुसार बजेट विनियोजन हुन नसक्दा निर्माण कार्य शुरू भएका कतिपय बहुवर्षीय योजना समयमा सम्पन्न नभई अधुरो रहेको देखिएकोले प्रयाप्त बजेट विनियोजन गरी सम्पन्न गर्नुपर्दछ ।

खानेपानी तथा सरसफाई डिभिजनहरू

१०. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने तथा सोही नियमावलीको नियम ७० र ७२ मा सार्वजनिक निकायले रू.२० लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र २० लाखभन्दा बढी १० करोड रुपैँयासम्म लागत अनुमान भएका परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रिय स्तरको आशय पत्रदाताबीच मात्र प्रतिस्पर्धा गराई आशय

पत्र माग गर्नुपर्ने व्यवस्था रहेको छ । खानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकले यो वर्ष विभिन्न २५ आयोजनाहरूको विस्तृत सर्भे डिजाइन तथा लागत अनुमान तयारी (डि.पि.आर.) कार्यको लागि २३ परामर्शदाताबाट सेवा खरिद गरी रू.१ करोड ४२ हजार खर्च गरेको छ । आफ्नो कार्यक्षेत्र भित्रका आयोजनाहरूको डि.पि.आर. प्रतिवेदन तथा सर्भेक्षण कार्यको लागि सार्वजनिक खरिद नियमावलीको नियम ७० बमोजिम प्रतिस्पर्धा सुनिश्चित हुने गरी खरिद कार्य गरेको नदेखिएकोले नियमसम्मत मान्न सकिएन । नियमको पालना गर्नुपर्दछ ।

११. **पाइप तथा फिटिङ्गसको अभिलेख तथा मौज्दात -** स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही जडान समेतलाई ख्याल गरी फिटिङ्गस खरिद गर्नुपर्नेमा प्राप्त विवरणअनुसार यस वर्षको अन्तमा खानेपानी तथा सरसफाई डिभिजन सिन्धुपाल्चोकले रू.१ करोड ९४ लाख ४६ हजार, धादिङ्गले रू.३७ लाख ६ हजार, भक्तपुरले रू.३ करोड २८ लाख ६१ हजार र मकवानपुरले रू.७ करोड ५० लाख ९७ हजार समेत रू.१३ करोड ११लाख १० हजार मूल्यका विभिन्न साइजका फिटिङ्गस सामान मौज्दात रहेको पाइयो । वर्षान्तमा खरिद गर्ने र अत्याधिक मौज्दात राख्ने कार्यलाई निरूत्साहित गरी वार्षिक कार्यक्रम अनुसार उक्त फिटिङ्गसका सामान सम्बन्धित योजनामा जडान गर्नुपर्दछ ।साथैखानेपानी तथा सरसफाई डिभिजन, सिन्धुपाल्चोकले रू.२३ लाख ६० हजार मूल्यका, रामेछापले रू.१ करोड ३१ लाख ६९ हजार, धादिङ्गले रू.६९ लाख ५४ हजार, भक्तपुरले रू.१ करोड ७३ लाख ८५ हजार र मकवानपुरले रू.३ करोड २६ लाख २२ हजार समेत रू.७ करोड २४ लाख ९० हजारको पाइप जडान भएको नदेखिएकोले योजनामा जडान भएको प्रमाण पेस गर्नुपर्दछ ।

१२. **जनसहभागिता बेगरको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी व्यवस्था छ । बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको मिति २०७६।१०।६ को परिपत्र अनुसार उपभोक्ता समितिले सम्झौता रकमको न्यूनतम् १० प्रतिशत नगद वा श्रमदान व्यहोर्नु पर्ने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन, रामेछापले जनसहभागिता बेगर १३ वटा उपभोक्ता समितिलाई रू.४ करोड ८२ लाख १ हजार भुक्तानी गरेकोमा न्यूनतम १० प्रतिशतले हुने रू.४८ लाख २१ हजार कट्टा नगरेकोले सो रकम असुल गर्नुपर्दछ ।

सिँचाइ विकास डिभिजन कार्यालयहरू

१३. **अधुरो योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क बमोजिमको प्रकृया पुरा गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने र योजना अधुरो रहेको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९को उपनियम ३ र ८ को प्रकृया पुरा गरी खरिद सम्झौताको अन्त्य र सोको उपचार गर्नुपर्दछ । जलश्रोत तथा सिँचाइ विकास डिभिजन, सिन्धुपाल्चोक र एक निर्माण व्यवसायी बीच २०६८।०७।२० मा टेकनपुर तौथली सिंचाई आयोजना निर्माण कार्य गरी २२५ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउन रू.१ करोड ५१ लाख ४५ हजारमा खरिद सम्झौता भएकोमा कुलोको माटो खन्ने कार्य वापत रू.२३ लाख ३८ हजार र पाइप खरिद वापत रू.१६ लाख ४८ हजार गरी जम्मा रू.३९ लाख ८६ हजार भुक्तानी भएको छ । योजनाको भौतिक प्रगति १० प्रतिशत र वित्तीय प्रगति २६ प्रतिशत रहेकोमा निर्माण कार्यको २०७७।९।१४ सम्म म्याद थप भएकोमा कार्य सुचारु

नभएकोले निर्माण कार्यसम्पन्न गर्नुपर्ने अन्यथा खरिद सम्झौता अन्त्य गरी कानुन बमोजिम कारबाही गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

१४. **निर्माण संरचना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (१क) बमोजिम खरिद सम्झौताअनुसार निर्माण कार्यसम्पन्न भई सकेपछि त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै सच्याउनु पर्ने व्यवस्था भएको छ। खरिद सम्झौतामा त्रुटि सच्याउने अवधि ३३६ दिन हुने उल्लेख छ । सिन्धुपाल्चोकको पाँचपोखरी र हेलम्बु क्षेत्रमा संरचनाको कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७९।१२।२८ मा रू.३ करोड १८ लाख ३५ हजारमा सम्झौता भएकोमा रू.३ करोड २ लाख ६५ हजार भुक्तानी भई २०८०।३।१३ मा कार्यसम्पन्न भएकोमा हेलम्बु चनौटेतर्फको संरचना मेलम्ची नदीमा आएको बाढी र लेदोको कारण रू.१ करोड ६६ लाख ८७ हजारको संरचना बगाएको छ । सम्झौतामा बीमाको व्यवस्था रहेकोले निर्माण व्यवसायीबाट त्रुटि सच्चाउने गरी संरचना निर्माण गर्नुपर्दछ ।

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

१५. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रू.२० लाख भन्दा माथिको मालसामान खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, चितवनले ९ सिँचाइको काममा प्रयोग हुने पानि तान्ने मोटर, मेशिन र उपकरण लगायत अन्य सामानहरू प्याकेज बनाई एकमुष्ठ ठेक्का लगाई खरिद गर्नुपर्नेमा कोटेशन मार्फत् रू.६८ लाख ३१ हजारको काम सोझै खरिद गरेको छ । खरिद प्रकृया प्रतिष्पर्धी बनाई खर्चमा मितव्ययिता हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, विनियोजन दक्षता, रकमान्तर, बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहत १८ निकायमा रू.२१ करोड ६५ लाख ७१ हजार बेरुजु देखिएको प्रतिक्रयाबाट ४ निकायको रू.४ करोड ३१ लाख ४० हजार फस्यौट गरेकोले रू.१७ करोड ३४ लाख ३१ हजार बेरुजु बाँकी छ । सो मध्ये पेश्की बेरुजु रू.२ करोड ८४ लाख १४ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेश स्तरको ऊर्जा, विद्युत, सडक, सिँचाइ, खानेपानी, जल उत्पन्न प्रकोप र नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १६ निकायको निम्नानुसार रू.२३ अर्ब १९ करोड ८९ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१५३७२०९५	६२२३८०२	१५९७६५७	५४१०	२३१९८९६४

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन, रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सुरक्षित बसोबास, जग्गा एकीकरण (ल्याण्डपुलिङ्ग), घर एकीकरण (हाउसपुलिङ्ग) सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन, सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, प्रदेशभित्रको सडक सुरक्षा, अपाङ्गमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्द्धन र विकास सम्बन्धी अध्ययन अनुसन्धान लगायतका कार्यहरू बाँकी रहेका छन् । कार्य विभाजन नियमावलीले तोके अनुसारको नीति, रणनीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराई राख्नुपर्ने व्यवस्था छ । त्यस्तो लगत वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिन भित्र प्रतिवेदन पेस गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले आफ्नो र मातहत कार्यालयको समेत जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका सडक, भवन, सिँचाइ लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण गरेको छैन । कानुनमा व्यवस्था भए वमोजिम सम्पत्तिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ ।

४. **आवधिक योजनाको कार्यान्वयन -** बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) मा समावेश भएका रणनीति तथा कार्यनीति कार्यान्वनमा लैजानु पर्दछ। आवधिक योजना कार्यान्वयनमा आएको चौथो वर्षसम्ममा ३ रणनीतिहरू एकीकृत सहरी विकासको लागि तीन तहका सरकार र समुदायबीच सहकार्य गर्ने, विशिष्टीकृत नयाँ सहरको विकास गर्ने, सहरी गरिब परिवारका लागि आवास र सेवा सुविधाको व्यवस्था गर्ने र संघ तथा स्थानीय तहसँगको सहकार्यमा

नदी प्रणालीलाई स्वच्छ, व्यवस्थित र मनोरम क्षेत्रको रुपमा विकास गर्ने लगायतका कार्यनीतिहरू कार्यान्वयनमा आएका छैनन् । आवधिक योजनामा उल्लेख भएका रणनीति तथा कार्यनीति कार्यान्वयन गर्न आवधिक योजना अनुरुपका वार्षिक नीति तथा कार्यक्रम र सो अनुरुपका क्रियाकलापहरू वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

५. **योजनाको न्यूनतम सीमा -** मन्त्रालयबाट प्राप्त विवरण अनुसार मन्त्रालय अन्तर्गतका प्रादेशिक कार्यालय मार्फत् रू.२० लाख भन्दा कमका २ हजार २८६ (४५ प्रतिशत) योजना, रू.५० लाख भन्दा कमका २ हजार २६५ (४५ प्रतिशत) योजना र ५० लाख भन्दा बढीका ५२३ (१० प्रतिशत) समेत ५ हजार ०७४ कार्यक्रम सञ्चालन भएको देखिन्छ । प्राविधिक जनशक्ति सीमित भएको अवस्थामा साना तथा टुक्रे योजना हुने गरी कार्यक्रम तयार गर्दा निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा अनुगमनमा असर पर्ने देखिन्छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम प्रदेश सरकारले कार्यान्वयन गर्ने र स्थानीय तहमा हस्तान्तरण हुने आयोजना तथा कार्यक्रमहरूको न्यूनतम सीमा तोकि प्रदेश महत्व तथा अन्तर स्थानीय तहका ठूला योजना मात्र प्रादेशिक सरकारबाट कार्यान्वयन हुनुपर्दछ।

६. **नीति तथा कार्यक्रम कार्यान्वयन -** बागमती प्रदेश सरकारको २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये प्रदेश यातायात गुरुयोजना स्वीकृत गरी कार्यान्वयन, सडक दूरी र यात्रा समय घटाउन सम्भाव्यता अध्ययनका आधारमा संघ तथा स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा सुरुङ मार्गको अध्ययन कार्य, बागमती प्रदेश चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन, पूर्व तयारी नभएका आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने कार्यलाई निरुत्साहित गर्न आयोजना बैङ्क, सूचना प्रणालीको कार्यान्वयन, गुरु योजना बमोजिम प्रदेश राजधानी हेटौंडाको समग्र विकास, प्रदेश सभा भवन, प्रदेश सरकारको प्रशासनिक भवन लगायत अन्य पूर्वाधारहरूको निर्माण कार्य यसै आर्थिक वर्षमा सुरु गरिने, नवीन पर्यटकीय गन्तब्यहरूको गुरुयोजना तयार गरी पर्यटकीय पूर्वाधारहरूको निर्माणमा जोड, प्रदेश सरकार र स्थानीय तहका नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन लगायतका भौतिक सम्पत्तिको एकीकृत विवरण तयार गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका देखिएन । नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यहरूको लागि बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **बजेट वक्तव्यको कार्यान्वयन** - बजेट वक्तव्य २०७९।८० मा उल्लेख भएका योजना तथा कार्यक्रमलाई मन्त्रालयगत वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ । यो वर्षको बजेट वक्तव्यमा उल्लेख भएका शहरी चक्रपथ, कृषि बजार केन्द्र, शिक्षा र स्वास्थ्य केन्द्र जोड्ने तथा तत्काल प्रतिफल र रोजगारी सिर्जना गर्ने सडक, दोलखा जिल्लाको लामाबगर हुँदै चीनको सिमाना जोड्ने सडक निर्माण तथा स्तरोन्नति, प्रदेश भित्र तीव्र शहरीकरण भएका स्थानहरूमा व्यवस्थित शहरीकरण, फोहोरमैला व्यवस्थापन लगायतका पूर्वाधार सहित एकीकृत विकासका लागि स्थानीय तहसँगको सहकार्य लगायतका व्यहोरा उल्लेख गरेकोमा पूर्णरुपमा कार्यान्वयन भएको छैन । पूर्ण कार्यान्वयन योग्य योजना तथा कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत

भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । मन्त्रालय र मातहत कार्यालयको लागि यो वर्ष रू.२३ अर्ब ५६ करोड ८५ लाख ७८ हजार सुरु बजेट विनियोजन भएकोमा रकमान्तरबाट रू.४ अर्ब ४६ करोड २० लाख ५६ हजार थप र रू.६ अर्ब १ करोड १६ लाख ५८ हजार घटाई अन्तिम बजेट रू.२२ अर्ब १ करोड ८९ लाख ७६ हजार कायम गरेकोमा रू.१५ अर्ब ३७ करोड २० लाख ९५ हजार (६९.८१ प्रतिशत) खर्च गरेको छ । मन्त्रालयले २०८० आषाढ महिनामा मात्र रू.८ करोड ७० लाख रकमान्तर गरी खर्च गरेको छ । प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

९. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयले साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयक अनुसार मन्त्रालय र मातहत कार्यालयको लागि यो वर्ष पूँजीगत बजेट रू.२१ अर्ब ५९ करोड १० लाख ९० हजार विनियोजन भएकोमा पूँजीगत तर्फ रू.१५ अर्ब ९ करोड ९७ लाख १८ हजार (६९.९३ प्रतिशत) खर्च भई रू.६ अर्ब ४९ करोड १३ लाख ७२ हजार बजेट बाँकी देखिएकोले कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेटको प्रस्ताव गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ।

१०. **मध्यमकालीन खर्च संरचना -** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले २०७९।८० देखि २०८१।८२ सम्मको मध्यमकालीन खर्च संरचना तयार गरेको छ । उक्त प्रक्षेपण अनुसार भौतिक पूर्वाधार मन्त्रालय र मातहत कार्यालय समेतको प्रक्षेपित खर्च संरचना मध्ये २०७९।८० को खर्च प्रक्षेपण रू.२१ अर्ब ९८ करोड ८९ लाख ७६ हजार भएकोमा रू.१५ अर्ब ३७ करोड २० लाख ९५ हजार (६९.९० प्रतिशत) मात्र खर्च भएको छ । प्रदेश सरकारले तयार गरेको त्रिवर्षिय खर्च प्रक्षेपण यथार्थपरक रहेको देखिएन ।

११. **आयोजना बैङ्क -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्ने विभिन्न सात आधार मध्ये आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रम, लागत व्यहोरिने स्रोत निर्धारण, खर्च र स्रोतको प्रक्षेपण लगायतको आधारमा आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाका लागि रकम प्रस्ताव गर्ने व्यवस्था रहेकोमा आयोजना बैङ्कको स्थापना गरेको छैन। आयोजना बैङ्क स्थापना गरी प्रदेश स्तरमा सञ्चालन हुने आयोजना एकीकृत तथा व्यवस्थित अभिलेख राखी प्राथमिकता प्राप्त आयोजनामा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिष्पर्धालाई सीमित हुने गरी खरिद कार्य टुक्रयाउन नहुने उल्लेख छ । मन्त्रालयले विभिन्न कार्यक्रमको सम्भाव्यतता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, गुरुयोजना अध्ययन प्रतिवेदन लगायतको ११५ योजनाको परामर्श सेवाका लागि रू.१० करोड ५५ लाख २६ हजार लागत अनुमान तयार गरी रू.१० करोड ११ लाख ६५ हजारमा सम्झौता गरेकोमा गत वर्ष रू.५ करोड ८६ लाख २९ हजार र यो वर्ष गत वर्षको भुक्तानी बाँकी रू.४ करोड २५ लाख ३६ हजार खर्च लेखेको छ । प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गरी खर्चमा मितव्ययिता ल्याउनुपर्दछ ।

१३. **विस्तृत परियोजना प्रतिवेदन** – प्राप्त विवरण अनुसार २०७५।७६ मा १५७, २०७६।७७ मा १०९, २०७७।७८ मा १४९, २०७८।७९ मा ११५ गरी ५३० योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार मार्फत् गत आर्थिक वर्षसम्म रू.४५ करोड ८६ लाख २९ हजार र यो वर्ष रू.४ करोड २५ लाख ३६ हजार समेत रू.५० करोड ११ लाख ६५ हजार खर्च गरेको छ । तयार गरेको विस्तृत आयोजना प्रतिवेदनको पूर्ण कार्यान्वयन पश्चात् मात्र नयाँ योजनाको अध्ययन गर्नुपर्नेमा गत वर्षसम्म २८८ योजनामात्र कार्यान्वयन भएका छन् । यस वर्ष कार्यान्वयनमा गएका योजनाको विवरण मन्त्रालयले राखेको छैन । विस्तृत परियोजना प्रतिवेदन तयार गरिएका योजनाको कार्यान्वयन गरिनुपर्दछ ।

यातायात पूर्वाधार विकास निर्देशनालय

१४. **हेटौंडा शहरी सडक स्तरोन्नति -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९(८) उपदफा(७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ । कार्यालयले हेटौंडा शहरी सडक स्तरोन्नतिको लागत अनुमान रू.१२ करोड ३४ लाख ४० हजार स्वीकृत गरी लागत अनुमान भन्दा ३७.२९ प्रतिशत घटी रू.७ करोड ७४ लाख १२ हजार बराबरको कार्य ठेक्का प्रक्रिया मार्फत् २०७८।८।७ सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी एक प्रालिसँग २०७७।८।८ मा सम्झौता गरेकोमा कार्यालयको २०७९।८।२८ को निर्णयले ठेक्का सम्झौता अन्त्य गरेको छ । बाँकी कार्यको लागि नयाँ खरिद प्रक्रियामा गई २०८०।१।११ मा रू.६ करोड ७४ लाख ८६ हजारमा निर्माण व्यवसायीसँग सम्झौता भएको देखियो । निर्माण व्यवसायीले सम्पन्न नगरी बाँकी रहेको काम पुरा गर्न लाग्ने उक्त रकम रू.६ करोड ७४ लाख ८६ हजार दाखिला गर्न निर्माण व्यवसायीलाई २०८०।१।३१ पत्राचार गरेकोमा सो रकम व्यवसायीबाट दाखिला भएको छैन। साथै कार्यसम्पादन जमानत र पेश्की जमानतमार्फत् राखेको रू.२ करोड ९७ लाख १ हजार जफत गरी राजस्व खातामा दाखिला गर्नुपर्नेमा धरौटी खातामा राखेकोले उक्त रकम सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना

१५. **प्रगति अवस्था -** आयोजनाबाट प्राप्त विवरणअनुसार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको वित्तीय प्रगति १९.११ प्रतिशत छ भने समय ३० महिनामध्ये १६ महिना व्यतित भई १४ महिना अर्थात् ४७ प्रतिशत मात्र बाँकी छ । कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली-काठमाडौं खण्डको वित्तीय प्रगति २९.८४ प्रतिशत छ भने समय शतप्रतिशत सकिएको छ । तथापि २०८०।१२।१० सम्म म्याद थप भएको छ । कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली-मकवानपुर खण्डको वित्तीय प्रगति २३.८४ प्रतिशत छ भने समय ३० महिनामध्ये १४ महिना अर्थात् ४७ प्रतिशत मात्र बाँकी रहेको छ । यसबाट समयमै काम सकिने अवस्था देखिँदैन । एकातिर निर्माण व्यवसायीको कारण समयमै कार्य सम्पन्न नभै मूल्य वृद्धि दिनुपर्ने कारणले योजनाको लागत बढ्न जाने हुन्छ भने जनताले समयमानै

अपेक्षित लाभ पाउनबाट वञ्चित भएको देखियो। कार्य तालिका बमोजिम निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

पूर्वाधार विकास कार्यालयहरू

१६. **सम्भाव्यता अध्ययन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी आयोजना स्वीकृत हुनुपर्ने उल्लेख छ । पूर्वाधार विकास कार्यालय, चितवनले विस्तृत सम्भाव्यता अध्ययन नगरी यो वर्ष रू.३ अर्ब ५६ करोड ५४ लाख २३ हजारको लागत अनुमान भएको ११४ योजनाको रू.२ अर्ब ८१ करोड ४० लाख ४६ हजार मूल्यमा ठेक्का सम्झौता गरेको छ । उक्त सम्झौता मध्ये ८८ योजना सम्पन्न भई २६ योजना कार्यान्वयनको चरणमा रहेका छन् । त्यस्तै ३२४ सडकको नयाँ ट्रयाक खोल्ने तथा सडक स्तरोन्नतिको लागि ३२४ उपभोक्ता समितिबाट काम गराई रू.५४ करोड ८२ लाख ५२ हजार खर्च गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र काम गराउनु पर्नेमा सो नगरी ३२४ उपभोक्ता समितिवाट सडकको नयाँ ट्रयाक खोल्ने तथा सडक स्तरोन्नति लगायतका कार्य गरेको छ । सम्भाव्यता अध्ययन गरी आयोजना स्वीकृत गर्नुपर्दछ ।

१७. **सामाजिक परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । सोही नियमको उपनियम ७ बमोजिम प्रत्येक किस्तामा गरेको खर्चको सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिले गरेको कामको भुक्तानी मागगर्दा विल, भरपाई, खर्च अनुमोदन, खर्च सार्वजनिक तथा सामाजिक परीक्षण गरेको प्रमाण नलिई मूल्याङ्कनको आधारमा भुक्तानी गरेको छ। यो वर्ष पूर्वाधार विकास कार्यालय, चितवनले ३२४ उपभोक्ता समिति मार्फत् विभिन्न सडक योजनामा रू.५४ करोड ८२ लाख ५२ हजार भुक्तानी गरेको छ । खरिद नियमावलीमा तोकिएबमोजिम सामाजिक परीक्षण गराई भुक्तानी गर्नुपर्दछ ।

१८. **राजस्व दाखिला -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) अनुसार उपदफा (७) बमोजिम खरिद सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ । यो वर्ष पूर्वाधार विकास कार्यालय, ललितपुरले एक निर्माण व्यवसायीसँग २०७९।१२।१७ मा खरिद सम्झौता अन्त्य गरेकोमा निजले राखेको जमानत रकम रू.१३ लाख ९६ हजार जफत गरी धरौटी खातामा राखेकोमा उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

शहरी विकास तथा भवन कार्यालयहरू

१९. **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ९ अनुसार उपभोक्ता समितिहरूलाई भारी मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक

कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । शहरी विकास तथा भवन कार्यालय, काठमाडौंले मन्दिर, सामुदायिक भवन, सडक ढलान तथा स्तरोन्नति गर्न ३०२ योजना उपभोक्ता तथा विभिन्न क्लब, टोल सुधार समिति, गैरसरकारी संस्था आदिबाट काम गराई रू.५६ करोड ८६ लाख ३० हजार खर्च गरेको छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी, फर्मबाट प्रतिस्पर्धात्मक विधि मार्फत् गराउनु पर्दछ ।

२०. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रू.२० लाख भन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ । शहरी विकास तथा भवन कार्यालय, काठमाडौंले कन्टिन्जेन्सी खर्च बाहेक कुल खर्च रू.७३ करोड २ लाख ९६ हजार मध्ये ११३ निर्माण व्यवसायीबाट कार्य गराई रू.९ करोड ४६ लाख २१ हजार (१२.९५ प्रतिशत) को काम सोझै खरिद गरेको छ । कार्य प्रकृति अनुसार प्याकेज बनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी खर्चमा मितव्ययिता गरिनुपर्दछ ।

२१. **परामर्श तथा डिपिआर खर्च –** शहरी विकास तथा भवन कार्यालय, काठमाडौंले योजनाको विस्तृत प्रतिवेदन तयार गर्नु अघि योजना आयोगले तयार गरेको पञ्चवर्षीय योजनाको मापदण्ड अनुसार गरिने काम र श्रोतको सुनिश्चिततामा ध्यान दिनुपर्दछ । कार्यालयले आवश्यकता भन्दा बजेटमा व्यवस्था भएअनुसार गत तीन आर्थिक वर्षमा विभिन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी आर्थिक वर्ष २०७७।७८ मा १३ योजनाको लागि रू.१ करोड ५६ लाख १५ हजार, २०७८।७९ मा ९ योजनाको लागि रू.६० लाख २० हजार र २०७९।८० मा ३ योजनाको लागि रू.१४ लाख ६३ हजार खर्च गरेको छ । विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा बजेट विनियोजन नगरेकोले कार्यान्वयन भएको देखिएन ।

प्रादेशिक सडक डिभिजन कार्यालयहरू

२२. **योजना कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नु पर्ने व्यवस्था छ । प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङ्गको यो वर्ष स्वीकृत भएका कूल योजना संख्या ४०६ मध्ये, सडक योजना संख्या ३५८, सडक पुल योजना संख्या ४० र झोलुङ्गे पुल योजना संख्या ८ रहेको छ । यी योजना मध्ये ३७ वटा योजनाहरूको खरिद प्रक्रिया सुरु नै भएको छैन । कार्यान्वयन नभएका ३७ योजनाहरू मध्ये एक वहुवर्षीय सहित ११ सडक योजनाहरू, २ बहुवर्षीय सहित २० सडक तथा पुल योजनाहरू र १ बहुवर्षीय सहित ५ झोलुङ्गे पुल योजनाहरू रहेका छन् । स्वीकृत भएका योजना कार्यान्वयन हुने गरी कार्य गराउनुपर्दछ ।

२३. **दोहोरो भुक्तानी -** स्ट्याण्डर्ड स्पेसिफिकेशन्स् फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ को बुँदा नं. ९१७(५)मा सडकको एलाइन्टमेन्ट स्थित माटोको कटान परिमाणलाई लेभल मिलाउन माटो पुर्दा सो परिमाणलाई माटो काट्ने र पुर्ने परिमाणतर्फ दोहोरो हुने गरी नाप गर्न नमिल्ने उल्लेख छ । प्रादेशिक सडक डिभिजन कार्यालय, सिन्धुलीले भिमस्थान चकमके सडकको विभिन्न चेनेजहरूमा सडकको माटो खन्ने परिमाण १ लाख २५ हजार ०३४.१६ घनमीटरको भुक्तानी गरेकोमा सोही

चेनेजमा माटो पुर्ने परिमाण २९ हजार ८७४.०२ घनमीटरको रू.३५ लाख ८५ हजार दोहोरो भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, विनियोजन दक्षता, आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना, नीति तथा कार्यक्रम, वर्षान्तमा कार्य लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - मन्त्रालय तथा मातहतका समेत १५ निकायमा रू.२४ करोड २८ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रू.२४ लाख ४८ हजार फर्स्यौट गरेकोले रू.२४ करोड ४ लाख ५० हजार बेरुजु देखिएको छ । सोमध्ये रू.१ करोड १६ म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन, वन तथा भू-संरक्षण, वातावरण, जलवायु परिवर्तन अनुकुलन एवं कार्यक्रमको तर्जुमा र कार्यान्वयनको अनुगमन गर्ने उद्देश्यले मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत २५ निकायको निम्नानुसार रू.३ अर्ब १५ करोड २८ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२५५४६२३	१५९६१८	१५८६८२	२७९९१४	३१५२८३७

२. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा वन्यजन्तु र वन पैदावार ओसारपसारसम्बन्धी नियमन र अपराध नियन्त्रण, वन, वनस्पती, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन, प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन, प्रदेशस्तरमा जलवायु परिवर्तनको असर न्यूनीकरण र न्यून तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन कार्बनमुखी, संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण लगायतको कार्यक्षेत्र तोकिएकोमा कार्यान्वयन अवस्था स्पष्ट हुने गरी प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

३. **आवधिक योजना** - प्रदेश नीति तथा योजना आयोगले २०७६।७७ देखि २०८०।८१ सम्म कार्यान्वय गर्ने गरी पहिलो आवधिक योजना कार्यान्वयनमा ल्याएको छ । आवधिक योजनामा उल्लेख भएका वैज्ञानिक वन व्यवस्थापन र उपयोगमा समुदायको पहुँच, काठमा आधारित लघु उद्यम र उद्योगको प्रवर्द्धन, निजी, संरक्षित, कबुलियत र सामुदायिक वनको व्यवस्थापन लगायतका क्षेत्रमा नतिजा सूचकका आधारमा प्रगति देखिएपनि रेडपाण्डा, हिम चितुवा र कस्तुरी जस्ता लोपोन्मुख, संकटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण, वातावरणीय सेवाको भुक्तानी, जलवायुमैत्री दिगो विकास सञ्चालनमा स्थानीय तहसँग सहकार्य, हरित गृह ग्यास उत्सर्जन (यातायात तथा उद्योग क्षेत्र) न्यूनीकरण, वायुप्रदुषणको मात्रा न्यूनीकरण लगायतका योजनाको प्रगति भएको देखिएन। कार्यान्वयनयोग्य लक्ष्य समावेश गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

४. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा मन्त्रालयले खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्च दक्षता बढाउनुपर्ने उल्लेख छ । मन्त्रालयले यस वर्ष संशोधित बजेट रू.३ अर्ब ३३ करोड ३२ लाख ९३ हजार रहेकोमा रू.२ अर्ब ५५ करोड ४६ लाख २३ हजार (७६.६३ प्रतिशत) मात्र खर्च गरेको कारण मन्त्रालयको खर्च दक्षता कमजोर देखिएको छ । विनियोजित रकम खर्च गरी लक्ष्य प्राप्त गर्नुपर्दछ ।

५. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ र नियमावली, २०७६ को नियम ४१ मा रकमान्तरसम्बन्धी व्यवस्था छ । मन्त्रालय र मातहतका निकाय मार्फत् कार्यान्वयन भएका

योजनामा शुरु बजेट रू.३ अर्ब २३ करोड ९९ लाख ३८ हजारमा विभिन्न समयमा रू.७४ करोड ८३ लाख ७२ हजार थप तथा विभिन्न कार्यक्रम तथा बजेट शीर्षकबाट रू.६५ करोड ५० लाख १७ हजार घटाई खुद रू.३ अर्ब ३३ करोड ३२ लाख ९३ हजार अन्तिम बजेट कायम गरेको छ । खर्च अवस्था विश्लेषण गर्दा बजेटको तुलनामा ७६.६४ प्रतिशतले हुने रू.२ अर्ब ५५ करोड ४६ लाख ३५ हजार खर्च भएको विवरणबाट देखिन्छ ।खर्च नहुने क्षेत्रमा रकमान्तर गरी थप घट गरेको उपयुक्त देखिन आएन । बजेट वास्तविक वनाई रकमान्तर तथा स्रोतान्तरबाट थप घट गर्ने पद्धतिमा न्यूनीकरण गर्दै बजेट कार्यान्वयन यथार्थपरक बनाउनुपर्दछ ।

६. **जग्गा उपयोग -** संघीय वन तथा वातावरण मन्त्रालयद्वारा सार्वजनिक वन तथा वातावरण क्षेत्रको वर्तमान अवस्थाको स्थिति पत्र, २०७५ अनुसार २०७३।७४ सम्म १५ हजार हेक्टर भन्दा बढी वन क्षेत्र अन्य प्रयोजनका लागि उपलव्ध गराएको देखिन्छ । सो अवधि पछि समेत वन क्षेत्र उपलव्ध भए नभएको विवरण अद्यावधिक गरेको देखिएन । जलविद्युत योजना तथा प्रसारण लाइन वापत ८६३.२६, नेपाली सेनालाई ५४६.५७, सुकुम्वासी समाधानका लागि ५४४, संघ संस्था तथा पार्क प्रयोजनमा ७३.७३, सरकारी भवन तथा भौतिक पूर्वाधार निर्माणमा ६६.६९, विश्वविद्यालय तथा शैक्षिक क्षेत्रलाई ६२.८८, निजी कम्पनी तथा प्रा. लि. लाई ६१.४५, रिसोर्ट होटल पर्यटनमा ४८.१२, सिमेन्ट उद्योगमा २२.९७, खानेपानी आयोजनाका लागि २१.५४, सडक विस्तार कार्यमा १७.७५ र सरकारी तथा निजि सञ्चार क्षेत्रमा ०.७१ हेक्टर गरी कुल २३२९.६७ हेक्टर सरकारी जमिन लिज, भाडा तथा भोगाधिकार मार्फत् उपलव्ध गराएको विवरण पेस भएको छ। यस सम्बन्धमा गत विगतमा दिइएको सुझावको कार्यान्वयन गरिएको छैन ।

७. **खहरे तथा पहिरो उपचार -** मन्त्रालयको २०७९।८० को बजेट वक्तव्यको बुँदा नं. ७१ मा प्रदेश भित्र प्राकृतिक तथा भौगोलिक संवेदनशीलताका आधारमा जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन गरी मेलम्ची लगायतका अति संवेदनशील क्षेत्रहरूमा भएको भू-स्खलन, बाढी पहिरो, नदी कटान नियन्त्रण गरी कृषियोग्य जमिन र बसोबास क्षेत्रको संरक्षणका लागि भू-संरक्षण कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको उल्लेख छ । मन्त्रालय र मातहतका निकायले २०७९।८० मा खहरे तथा पहिरो उपचार वापत १ हजार ४१७ योजना मार्फत् कुल २३ हजार ४४७ मिटर लम्बाईका संरचनाहरू निर्माण गरी पहिरो नियन्त्रणमा रू.३७ करोड ४९ लाख ७८ हजार र खहरे खोला नियन्त्रणमा रू.५ करोड ६ लाख ६४ हजार गरी जम्मा रू.४२ करोड ५६ लाख ४२ हजार खर्च गरेको बिवरणमा उल्लेख छ । बजेट र योजना संख्याको आधारमा विश्लेषण गर्दा नियन्त्रणका योजना औषतमा रू.३ लाख रहेको देखिन्छ । यसबाट मन्त्रालयले दीगो प्रकृतिका ठूला योजनामा भन्दा स-साना टुक्रे योजनामा लगानी गरेको छ । यस्ता योजनाको प्रभावकारिताका सम्वन्धमा विश्लेषण गरी दिगो प्रतिफलका योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **वृक्षारोपण -** मन्त्रालयले वार्षिक योजना तथा कार्यक्रममा समावेश गरी पार्क निर्माण तथा सडक किनारा वायोइन्जिनियरिङ्ग कार्य मातहतका निकायबाट सञ्चालन गर्ने गरी बजेट व्यवस्थापन भएअनुसार निकासा, रकमान्तर तथा स्रोतान्तर समेतबाट यो वर्ष ३६ सहरी पार्क र ३७ किलोमिटर सडकको दायाँबायाँ वृक्षारोपण कार्य गरी रू.५ करोड ५२ लाख ४१ हजार खर्च गरेको छ । वन निर्देशनालयले प्रकाशन गरेको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, २०७९ अनुसार कार्यक्रम तथा बजेट विनियोजन गर्दा स्थानीय समुदायसँग पूर्व छलफल तथा अन्तरक्रिया नगरेको, पार्कसँग जोडिएको तर

नक्साङ्कन नभएको बाटो बन्द हुने अवस्थाले विवाद सिर्जना भएकोमा समाधानको उपाय अवलम्वन नगरी कार्य गरेको, पार्कको जग्गा र स्थानीयको जग्गा छुट्याउन नसकी विवादित रहेको, जग्गा छुटाउन विवाद भएकोमा समाधान नभएको, केही स्थानमा निर्माण शुरु गरिएका पार्क अधुरो रहेको जस्ता समस्या देखाएको छ । प्रत्येक वर्षका योजना कार्यान्वयन गर्दा समान किसिमका समस्या देखिएकोमा समाधान गरी योजना कार्यान्वयनमा स्थायित्व कायम गरेको देखिएन । योजना कार्यान्वयनपश्चात् उद्देश्य प्राप्ति तथा दिगोपना हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

९. **जल पुनर्भरण तथा पर्यापर्यटन -** मन्त्रालयले जल पुनर्भरण पोखरी निर्माण, साविकका पोखरी संरक्षण, सिल्टेशन कन्ट्रोल प्रविधि तथा वायोइन्जिनियरिङ्ग, रेन वाटर हार्भेस्टिङ, पानी बहाव गति न्यूनीकरणलगायतका कार्यक्रममा आ.व. २०७९।८० मा रू.२ करोड ७३ लाख ४० हजार खर्च गरेको छ । रकमान्तर तथा स्रोतान्तरबाट मातहतका निकाय मार्फत् खर्च गरेकोमा जग्गाको अत्याधिक खण्डिकरण, अनियन्त्रित सडक निर्माणका कारण सिमसार तथा एकीकृत जलाधार व्यवस्थापनमा भएको समस्याको निराकरण गरेको पाइएन । उल्लिखित बजेट खर्च गरी यो वर्ष पानी मुहान र सिमसार क्षेत्र संरक्षणमा ३६ कार्यक्रममा खर्च गरेकोमा उपलब्धिको अवस्था यकिन हुने अद्यावधिक अभिलेख तयार गरेको पाइएन । विगत पाँच वर्षको तथ्याङ्क विश्लेषण गर्दा ती क्षेत्रमा क्रमशः १५२ र ११४ कार्यक्रम सञ्चालन भएपनि प्रत्येक वर्ष दोहोरिने समान प्रकृतिका समस्या समाधान गरेको छैन । यस सम्बन्धमा सम्बन्धित पक्षको योजना निर्माण तथा कार्यान्वयनका साथै सञ्चालन र संरक्षण गर्नुपर्दछ ।

१०. **बिरुवा उत्पादन तथा रोपण -** प्रदेश आवधिक योजना २०७६।७७ देखि २०८०।८१ ले वातावरणमैत्री विकास र उत्पादनशिल वन व्यवस्थान गर्ने दीर्घकालिन सोच लिएको छ । यसै अनुरुप वन विकासका क्रियाकलापबाट वन क्षेत्रमा पर्ने असरका साथै कटानी तथा फडानी समेतबाट वन क्षेत्रमा भएको क्षति न्यूनीकरण गर्न मन्त्रालय र मातहतका कार्यालयले बिरुवा उत्पादन तथा वृक्षारोपण कार्य गर्दै आएको छ । २०७९।८० मा मन्त्रालय र मातहतका कार्यालय मार्फत् बिरुवा उत्पादनमा रू.१ करोड ५९ लाख ६३ हजार र वृक्षारोपणमा रू.६ करोड १९ लाख ८३ हजार खर्च गरेको पाइयो । वन निर्देशनालयको प्रगति प्रतिवेदन अनुसार २०७९।८० मा कुल ८ लाख ८४ हजार २७९ बिरुवा उत्पादन भएको उल्लेख छ । मन्त्रालय मातहत १५ डिभिजन कार्यालयको बिरुवा रोपणको तथ्याङ्क अनुसार ती जिल्लाका ३०८ स्थानको ७४२.८५ हेक्टरमा गत वर्षसम्मको १ लाख २० हजार ८८३ समेत यो वर्ष १० लाख ५ हजार १६२ वटा बिरुवा रोपण गरी उल्लिखित रकम खर्च गरेको देखिन्छ । मन्त्रालयले बिरुवा उत्पादन एवम् वृक्षारोपणको संख्यात्मक अभिलेख व्यवस्थित गर्दै वृक्षारोपण गरिएका बिरुवा संरक्षण सम्बन्धमा प्रभावकारी नीति कार्यान्वयन गर्नुपर्दछ ।

११. **वन मुद्दा** - मन्त्रालय अन्तर्गतका डिभिजन वन कार्यालयमा गत वर्ष ४०५ आरोपीका १७५ वन मुद्दा दायर भएकोमा यो वर्षमा आरोपी ५६ प्रतिशत र वन मुद्दा ३७ प्रतिशत घटी भई क्रमशः १७९ र ११० पुगेको छ । विगत पाँच वर्षको वन मुद्दाको वृद्धिदर विश्लेषण गर्दा मुद्दा २०७७।७८ र २०७९।८० मा घटेको देखिएपनि अन्य वर्ष बढ्दै गएको छ । कटान, अवैध निकासी, अतिक्रमण, फडानी जस्ता क्षेत्रमा लाग्ने मुद्दा बढ्दै गएको देखिएकोमा जनचेतना, जागरण तथा नियमित गस्ति जस्ता गतिविधि मार्फत् वन अपराध न्यूनीकरण एवम् मुद्दा संख्यामा समेत न्यूनीकरणद्वारा अवैध निकासी तथा चोरी पैठारीमा सुधार गर्न मन्त्रालयले आवश्यक व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१२. **वनपैदावार व्यवस्थापन** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा १८ मा वन पैदावर बिक्री वितरण व्यवस्थापन गरी राजस्व आर्जन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार कबुलियती वन तथा आयोजनाहरूले कटान मुछान गरेको, बैज्ञानिक सामुदायिक वनबाट कटान मुछान भएको, सामुदायिक वनमा आन्तरिक खपतका लागि कटान भएको र सामुदायिक वनमा बाह्य बिक्रीका लागि कटान भएको समेत गरी २०७९।८० मा २६ लाख ३५ हजार ४११ क्यू फिट काठ र १३ लाख २४ हजार ५९९ क्यू फिट दाउरा समेतका वन पैदावार उत्पादन तथा आपूर्ति भएको विवरणबाट देखिन्छ । यसै आर्थिक वर्षमा वन पैदावर बिक्रीबाट रू.१५ करोड ६० लाख २७ हजार राजस्व संकलन भएको छ । वन पैदावार उत्पादन र बिक्री तथा राजस्व प्राप्तिको अभिलेख एकीकृत नगरेकोले वन पैदावर बिक्रीको परिमाण अनुसारको राजस्व प्राप्ति गरी दाखिला गरेको सम्बन्धमा यकिन भएन । मन्त्रालय र मातहतका २५ निकाय मार्फत् संकलन तथा बिक्री भएको तथ्याङ्कको आधारमा विवरण तयार गरेको जनाएकोमा प्राप्त विवरणको एकीकृत अभिलेखीकरण गरेको छैन । संकलन, बिक्री तथा राजस्व आम्दानी बीच एकरुपता कायम हुनेगरी लेखाङ्कन तथा अभिलेख प्रणाली सुदृढ बनाउनुपर्दछ ।

१३. **वन्यजन्तु उद्धार** - वन नियमावली, २०७९ मा सम्बन्धित वन कार्यालयले घाईते वन्यजन्तुको उद्धार गरी प्राकृतिक वासस्थानमा पुनर्स्थापना गराउने र विभिन्न कारणबाट मृत अवस्थामा फेला परेका वन्यजन्तु व्यवस्थापन गर्ने व्यवस्था छ । वन निर्देशनालयले तयार गरेको विवरण अनुसार २०७९।८० मा ५३३ घाइते वन्यजन्तु उद्धार गरेकोमा यो संख्या अघिल्लो वर्षको तुलनामा १६ प्रतिशतले घटेको छ । मन्त्रालयले यस वर्ष रू.१२ लाख २३ हजार ३७० खर्च गरेकोमा वन्यजन्तु वासस्थान संरक्षण र दुर्घटना न्यूनीकरणका क्षेत्रमा उल्लेख्य नतिजा हासिल गर्न सकेको पाइएन । मानवीय अतिक्रमण घटाई जैविक मार्ग संरक्षणका उपायद्वारा वन्यजन्तु संरक्षण गरी लक्षित कार्यक्रम मार्फत् घाइते हुने तथा दुर्घटनाको अवस्थामा कमी ल्याउनु पर्ने देखिन्छ ।

१४. **वनक्षेत्र संरक्षण** - प्रदेश राष्ट्रिष वन ऐन, २०७६ ले वन क्षेत्रफल संरक्षण तथा अतिक्रमण नियन्त्रणमा मन्त्रालयको भूमिका सम्बन्धमा व्यवस्था गरेको छ । वन क्षेत्रमा राष्ट्रिय वन संरक्षण, जलाधार संरक्षण, पर्यटन प्रवर्द्धन, वातवरण संरक्षण लगायतका क्षेत्रमा कार्य गरी यस वर्ष मन्त्रालयले पूँजीगत बजेट शीर्षकबाट रू.१ अर्ब ६५ करोड ७७ लाख २८ हजार खर्च गरेको छ । वन निर्देशनालयले प्रकाशन गरेको अनुगमन पुस्तिका अनुसार बागमती प्रदेशमा २०८० असारसम्म ४ लाख २२ हजार ७०६.२८ हेक्टरमा ४ हजार ५०३ सामुदायिक वन, १६ हजार ५५२.४९ हेक्टरमा ३ हजार ३३७ कबुलियत वन, ३९८.९५ हेक्टरमा ३९ धार्मिक वन, १२ हजार ५९४.८८ हेक्टरमा २ वन संरक्षण क्षेत्र, ३४६.९२ हेक्टरमा ५७९ निजी वन तथा १ लाख ९३ हजार ९५३ हेक्टरमा सरकारद्वारा व्यवस्थित वन रहेको उल्लेख छ । सोही प्रतिवेदनमा उल्लिखित तथ्याङ्क अनुसार औसतमा २८४ सामुदायिक वन तथा २८६ कबुलियती वनले मात्र कार्ययोजना नवीकरण गरेको देखिएको साथै यस क्षेत्रमा कार्य गरिरहेका वनको तथ्याङ्क समेत अद्यावधिक गरी नराखेकोले ६५.३८ प्रतिशत वन क्षेत्र ओगटेको सामुदायिक वनको सञ्चालन अवस्थाका सम्बन्धमा व्यवस्थापन प्रभावकारी देखिएन । यसैगरी मन्त्रालय आफैंले व्यवस्थापन गरेको देखाएको १ लाख ९३ हजार ९५३ हेक्टर वनको समेत स्थान तथा क्षेत्र सहितको वास्तविक तथ्याङ्क अद्यावधिक गरेको पाइएन । वन व्यवस्थापनको क्षेत्रमा वर्षेनी खर्च गर्दै आएको भएपनि मुख्य उपलव्धीका क्षेत्र पहिचान गर्न नसक्दा उपलव्धि मापन हुन सक्ने देखिएन । वन संरक्षण तथा व्यवस्थापनमा भएको खर्च उपलव्धि तथा नतिजासँग आवद्ध गर्नुपर्ने देखिन्छ ।

वन निर्देशनालय

१५. **काठ दाउराको मौज्दात** - वन निर्देशनालयबाट प्राप्त विवरणअनुसार गत वर्ष ६ लाख २८ हजार ४०४ क्यू फिट काठ र ४६० चट्टा दाउरा मौज्दात रहेकोमा यस वर्ष १५ वटा डिभिजन अन्तर्गत सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त भएको ४ लाख ४७ हजार ४१० क्यू फिट काठ तथा २३१.७५ चट्टा दाउरा गरी जम्मा १० लाख ७५ हजार ८१४ क्यू फिट काठ र ६९१.७५ चट्टा दाउरा आम्दानी भएकोमा ८ लाख ८८ हजार ४७९ क्यू फिट काठ तथा ५९७.७५ चट्टा दाउरा बिक्री गरी १ लाख ८७ हजार ३३५ क्यू फिट काठ तथा ९४ चट्टा दाउरा बाँकी मौज्दात देखिन्छ। डिभिजन अन्तर्गत मौज्दात रहेको उक्त काठदाउरा समयमै लिलाम बिक्री गर्नुपर्दछ ।

डिभिजन वन कार्यालयहरू

१५.१. **समूहको बचत कोष** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३२(१) अनुसार समूहले आफ्नै छुट्टै कोष स्थापना गर्न सकिने र उपदफा ३ बमोजिम कोषमा प्राप्त भएको रकममध्ये कम्तीमा ५० प्रतिशत रकम संरक्षित वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। कार्यालयको कार्यक्षेत्रभित्र २६२ वटा कवुलियती वन समूहरूमध्ये २०७९।८० सम्म ५९५ सदस्यहरूबाट रू.१ करोड ४३ लाख ९५ हजार कोषमा बचत रहेको छ । जसमध्ये न्यून ब्याजदरमा कृषि तथा व्यवसाय प्रयोजनका लागि समूहका सदस्यहरूले रू.१ करोड ४० लाख ४५ हजार ऋण लगानी गरेको विवरण प्राप्त भएको छ । ऐन अनुसार कम्तीमा ५० प्रतिशत रकम संरक्षित वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरेको प्रतिवेदन तथा विवरण पेस भएन। ऐनको पालना गर्नुपर्दछ ।

१६. **वन रोयल्टी** - वन नियमावली, २०७९ को नियम ६८ अनुसूची-३८ अनुसार कबुलियती वन क्षेत्र प्रयोग गरे वापत डिभिजन वन कार्यालय, नुवाकोटले तोकिएबमोजिम ५ हाइड्रोपावर तथा प्रसारण लाईन आयोजनाबाट रोयल्टी वापत रू.२४ लाख १ हजार राजस्व प्राप्त गर्न बाँकी रहेकोले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१७. **जग्गाको सट्टाभर्ना र क्षतिपूर्ति** - वन नियमावली, २०७९ को नियम ९३ अनुसुची ५१ मा तोकिए बमोजिम जग्गाको सट्टाभर्ना र क्षतिपूर्ति वृक्षारोपण वापत डिभिजन वन कार्यालय, नुवाकोटले २ विद्युत प्रसारण लाइन आयोजनाबाट रू.४ करोड ६४ लाख १८ हजार राजस्व असुल गर्न बाँकी रहेको छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, आवधिक योजना, जग्गा उपयोग, खहरे खोला पहिरो उपचार, कबुलियत र सामुदायिक वन, वन्यजन्तु उद्धार, वनक्षेत्रको संरक्षण लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

  बेरुजु - मन्त्रालय तथा मातहतका समेत १७ निकायमा रू.१२ करोड ५५ लाख ६५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ७ निकायले रू.५ करोड ५० लाख ७० हजार फर्स्यौंट गरेकोले रू.७ करोड ४ लाख ९५ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.१ करोड ८ लाख ४० हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार बागमती सरकार मन्त्रिपरिषद्को २०७८।८।१५ को निर्णयले श्रम, रोजगार तथा यातायात मन्त्रालयको स्थापना भएको हो ।प्रदेशस्तरीय श्रम, सामाजिक सुरक्षा, यातायात व्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, नियमन लगायतका कार्य मन्त्रालयको कार्यक्षेत्र रहेका छन् ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत १४ निकायको निम्नानुसार रू.७ अर्ब १८ करोड ९१ लाख ५९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५०४३५४	६६६४७८९	२००१६	०	७१८९१५९

२. **कानुन निर्माण -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित कार्यसम्पादन र नियमनका लागि आवश्यक नीति तर्जुमा गर्नुपर्दछ । मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित प्रदेशस्तरको यातायातसम्बन्धी नीति, श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन, श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना, प्रदेश तहमा सडक सुरक्षा सम्बन्धी नीति, योजना निर्माण, कार्यान्वयन तथा अनुगमन लगायतका विषयमा आवश्यक नीति तर्जुमा भएको पाइएन । नीतिहरू तर्जुमा गरी मन्त्रालयले आफ्नो कार्यक्षेत्र अनुसारका जिम्मेवारीहरू पुरा गर्नुपर्दछ ।

३. **कार्य जिम्मेवारी** - बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन अध्ययन अनुसन्धान र नियमन, प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना, रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण, कार्यस्थल सुरक्षा तथा कल कारखाना तथा अनुगमन गर्ने लगायतका १४ वटा कार्यक्षेत्र र जिम्मेवारी यस मन्त्रालयको रहेको छ । कार्यतालिका बनाई तोकिएको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

४. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ मा प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घरजग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत अद्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । संघीय सरकार अन्तर्गत रहेका सडक, भवन, सिँचाइ लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरेको छैन । कानुनमा व्यवस्था भए बमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५. **लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोके अनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको साथै अन्तर्गत निकायहरूबाट सम्पादित काम समेत समेटी वार्षिक प्रगति विवरण तयार गर्नुपर्नेमा मन्त्रालयले तोकेको ढाँचामा वार्षिक लक्ष्य अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको र सम्पादित कामको विवरण मात्र तयार गरेकोले भौतिक तथा वित्तीय प्रगति प्रतिशत यकिन भएन । नियममा तोकिएबमोजिम प्रगति विवरण तयार गरी कार्यक्रमको प्रगति समीक्षा हुनुपर्दछ ।

६. **संगठन संरचना** - प्रदेश सरकार मन्त्रिपरिषद्को २०७८।८।१५ को निर्णय अनुसार प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ हेरफेर भई श्रम रोजगार तथा यातायात मन्त्रालय स्थापना भएको हो । तत्कालीन सामाजिक विकास मन्त्रालयको कार्य क्षेत्रमा रहेको श्रम रोजगार तथा यातायात क्षेत्रको कार्य जिम्मेवारी रहेको भौतिक योजना तथा यातायात मन्त्रालयको कार्य यस मन्त्रालयमा हस्तान्तरण भई ३५ जना कर्मचारी दरबन्दी राखी चालु खर्च रू.२ करोड ३३ लाख २८ हजार र पूँजीगत खर्च रू.१९ लाख ४५ हजार भएको छ । मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण समेत गरी दरबन्दी यकिन गरी पदपूर्ति गर्नुपर्दछ ।

७. **आवधिक योजना कार्यान्वयन** - बागमती प्रदेशको पहिलो आवधिक योजना २०७६।७७-२०८०।८१ मा श्रम तथा रोजगारी उपक्षेत्रको लागि निर्धारण गरिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि विभिन्न ४ रणनीति र त्यस अन्तर्गत १२ कार्यनीतिहरू तय गरिएकोमा प्रदेश श्रम तथा रोजगार नीति, २०८० तर्जुमा भएको, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक लागु गराउन आवश्यक कार्य गरेको र रोजगार संयोजकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने बाहेकका अन्य कार्यमा उल्लेखनीय प्रगति हुन सकेको देखिँदैन । समग्रमा ४ रणनीतिका १२ कार्यनीतिमध्ये ९ कार्यनीति मात्र कार्यान्वयनमा आएको तथा कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसो आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको व्यहोरा प्रदेश नीति तथा योजना आयोगको आवधिक योजना, मध्यावधि प्रगति समीक्षा प्रतिवेदन, २०७९ मा उल्लेख छ। आवधिक योजनामा उल्लेख भएका लक्ष्यहरूको कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

८. **नीति तथा कार्यक्रम कार्यान्वयन** - बागमती प्रदेशको २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा उद्घोष भएका कार्यक्रममध्ये अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू तथा स्वरोजगार श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनका लागि स्थानीय तहसँगको सहकार्यमा श्रम सूचना प्रणालीको थालनी, श्रमिकहरूको माग र आपूर्ति व्यवस्थापनको लागि श्रम बैंकको व्यवस्था, प्रदेश भित्रका गरिब तथा विपन्न कम्तीमा दश हजार युवालाई रोजगारी प्रदान गर्न मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रम, श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन आवश्यक नीति तर्जुमा, श्रमिकको हकहितको संरक्षण र सम्वर्द्धनको लागि श्रमिक हेल्प डेक्स सञ्चालनमा ल्याईने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यहरूको लागि बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

९. **बजेट वक्तव्यको कार्यान्वयन** - बागमती प्रदेशको आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा श्रम, रोजगार तथा यातायात मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र सम्वर्द्धनको लागि श्रमिक हेल्प डेस्क सञ्चालनमा ल्याईने, विद्युतीय सवारी साधनको प्रयोगलाई बढाउन प्रदेशका मुख्य शहरहरूमा र राजमार्गहरूमा चार्जिङ स्टेशन निर्माण गर्ने लगायतका आवश्यक पूर्वाधारहरू निर्माण गर्न संघीय सरकार र नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्ने, सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधि

स्थापना गर्न संघीय सरकारसँग सहकार्य गर्ने, सवारी भाडा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने व्यहोरा उल्लेख भएकोमा सोको कार्यान्वयन भएको देखिएन । बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **बेरुजु अद्यावधिक** - बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १०१ मा तालुक निकायले आफू अन्तर्गत निकायको बेरुजुको लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले आफू अन्तर्गतका कार्यालयको बेरुजुको लगत तयार गरी अद्यावधिक गरेको देखिएन । नियमावलीमा व्यवस्था भए बमोजिम कानुनको कार्यावन्यन गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, कानुन निर्माण, सङ्गठन संरचना, लक्ष्य प्रगति, बजेट वक्तव्यको कार्यान्वयन लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजु -** यो वर्ष मन्त्रालय तथा मातहत ५ निकायको रू.६२ लाख ८ हजार बेरुजु देखिएकोमा १ निकायले रू.७ लाख ३ हजार फर्स्यौंट गरेकोले रू.५५ लाख ५ हजार बाँकी देखिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

संस्कृति तथा पर्यटन मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार पर्यटन, उद्योग तथा सहकारी सम्बन्धी नीति, कानुन, मापदण्ड, गुरुयोजना समन्वय र नियमन, पर्यटक प्रहरी समन्वय, पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, च्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ४ निकायको निम्नानुसार रू.७ अर्ब ४५ करोड ७८ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६६८६४२	५५१०५०९	८३६७६	१९५०४७	७४५७८७४

उल्लिखित लेखापरीक्षण रकममा साविकको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको विनियोजन रू.३० करोड ५५ लाख २८ हजार, राजस्व रू.३२ करोड ७४ लाख ५३ हजार, धरौटी रू.२ करोड ४ लाख ७ हजार, अन्य कारोबार रू.१९ करोड ४९ लाख ४७ हजार समेत रू.८४ करोड ८३ लाख ३५ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको विनियोजन रू.१० करोड ६३ लाख ६६ हजार, राजस्व रू.५ अर्ब १८ करोड २६ लाख २८ हजार, धरौटी रू.८ लाख ५३ हजार समेत रू.५ अर्ब २८ करोड ९८ लाख ४७ समावेश छ ।

२. **कार्य जिम्मेवारी –** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयलाई तोकिएका कार्यमध्ये प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन, पर्यटक प्रहरी समन्वय, पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाइड, च्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन, सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक संघ संस्थासँग समन्वय र सहकार्य, प्रादेशिक संग्रहालय स्थापना र सञ्चालन तथा व्यवस्थापन, प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, प्राचिन स्मारिक, संग्राहालय, गढी संरक्षण, संभार, अध्ययन अनुसन्धान, उत्खनन् र पुनः निर्माण सम्बन्धी कार्य योजनाबद्ध रुपमा अघि बढाएको देखिएको छैन । नियमावलीले तोकेका विषयहरूको कार्यान्वयन तालिका बनाई कार्यसम्पादन गर्नुपर्दछ ।

३. **बजेट वक्तव्यको कार्यान्वयन -** प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा मन्त्रालयले सम्पादन गर्ने कार्यमध्ये बागमती प्रदेशमा साहसिक तथा पर्वतीय पर्यटनको सम्भायता अध्ययन एवम् रसुवाको क्याङ्गजिङ्गमा वाल क्लाइम्बिङ्ग ट्रेनिङ्ग सेन्टरको भौतिक संरचना निर्माण, दोलखा जिल्लाको पर्यटकीय स्थल जिरी क्षेत्रको एकिकृत गुरुयोजना कार्यान्वयन गर्न नीजि क्षेत्रसँगको सहकार्य गरिने उल्लेख गरेकोमा उक्त नीति तथा कार्यक्रम कार्यान्वयन भएको देखिएन । बजेट वक्तव्यमा उल्लेख गरिएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

४. **लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोके अनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको साथै अन्तर्गत निकायहरूबाट सम्पादित काम समेत समेटी वार्षिक प्रगति विवरण तयार गर्नुपर्नेमा मन्त्रालयले तोकेको ढाँचामा वार्षिक लक्ष्य अनुसारको प्रगति प्रतिवेदन तयार नगरी सम्पादित कामको विवरण मात्र तयार गरेकोले भौतिक तथा वित्तीय प्रगति प्रतिशत यकिन भएन । नियममा तोकिएबमोजिम प्रगति विवरण तयार गरी कार्यक्रमको प्रगति समीक्षा हुनुपर्दछ ।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सभामा प्रस्तुत प्रदेशको २०७९।८० को नीति तथा कार्यक्रममा उल्लेख भएका मध्ये यस मन्त्रालयसँग सम्बन्धित नवीन पर्यटकीय गन्तब्यहरूको गुरुयोजना तयार गरी पर्यटकीय पूर्वाधारहरूको निर्माण, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशसँग समन्वय र सहकार्य गरी देवघाट, मनकामना, बुढीगण्डकी, त्रिवेणी जस्ता स्थलहरूमा पर्यटकीय पूर्वाधारहरूको निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने, प्रदेशभित्रको पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रलाई पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्राम घोषणा गर्ने, प्रदेशभित्रका लोपोन्मुख तथा सिमान्तकृत जाति, समुदायको भाषा, साहित्य लोकोक्तिलाई लिपिबद्ध, अभिलेखीकरण, अध्ययन, अनुसन्धान, संरक्षण, सम्वर्द्धन एवम् विकासका लागि संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी प्रवर्द्धन गर्ने, परम्परागत, मौलिक कला र लोकसंगीत, नृत्य, नाट्य, साहित्य, प्रदर्शनकारी लोककलाहरूको अभिलेखीकरण, संरक्षण, गर्ने लगायतका कार्य भएको देखिएन । कार्यान्वयन योग्य कार्यक्रम मात्र नीति तथा कार्यक्रममा समावेश गरी कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

६. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने र पेस गर्न नसकिने मनासिव कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा उपदफा ४ र ६ बमोजिम म्याद थप हुन सक्ने व्यवस्था छ । वित्तीय विवरण पेस नगरेमा प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत हुन सक्ने व्यवस्था छ । यस मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार नगरेकोले मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । यससम्बन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा सुधार भएको छैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन, प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले ऐनमा उल्लिखित व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन । यस सम्बन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा सुधार भएको पाईएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालय र मातहत कार्यालयहरूबाट सम्पादन हुने कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

८. **योजना तथा कार्यक्रम तर्जुमा** - प्रदेश योजना तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तथा स्रोत समितिले तयार गरेको बजेट सीमा भित्र रही योजना तथा कार्यक्रम प्रस्ताव गरी आयोजना बैङ्कमा समावेश भएको हुनुपर्ने, प्रस्तावित आयोजनाहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयको आवश्यकता र उपलब्ध स्रोतको आधारमा त्रि-बर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र बजेट तयार गरी प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गरी प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २३ बमोजिम आयोजना स्वीकृत गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । उल्लिखित प्रकृया पुरा नगरेका र साना योजना समेतका लागि बजेट विनियोजन भएको छ । प्रदेश नीति तथा योजना आयोगले तर्जुमा गरेको योजना तर्जुमा तथा दिग्दर्शनको पालना गरेर मात्र योजना तथा कार्यक्रमको छनौट, प्राथमिकिकरण तथा सञ्चालन गर्नुपर्दछ।

९. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ सम्म वित्तीय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले जिम्मेवारी र जवाफदेहिता पालना सम्बन्धी अभिलेख राखेको छैन । मातहतका कार्यालयले सम्पादन गरेको कार्यको अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन मन्त्रालयको लागि विभागीय मन्त्री, बेरुजु फस्यौट गर्ने गराउने उत्तरदायित्वको पालना लेखा उत्तरदायी अधिकृत, केन्द्रीय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको हिसाव केन्द्रीय हिसावमा समावेश गरे/नगरेको जाँचवुझ गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्ने जिम्मेवारी कार्यालयमा निकाय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ । विनियोजित बजेटका लक्षित उद्देश्य अनुरुप मन्त्रालयको चालुतर्फ ४८.३९ प्रतिशत र पूँजीगततर्फ ४४.०४ प्रतिशत मात्र खर्च भएकोमा ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता पालनाको सुनिश्चितता गर्न अनुगमन मुल्याङ्कन गरेको देखिएन । तोकिएको जिम्मेवारी पुरा नगरेको सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । मन्त्रालयको लागि यस वर्ष रू.५ करोड ९१ लाख ८२ हजार शुरु विनियोजन भएकोमा रकमान्तरबाट रू.१० करोड ७ लाख ५० हजार थप र रू.४ लाख ५६ हजार घटाई रू.१५ करोड ९४ लाख ७६ हजार बजेट कायम गरेकोमा रू.६ करोड २३ लाख ५३ हजार अर्थात् ३९.०९ प्रतिशत खर्च गरेको छ । विनियोजित रकमको २० प्रतिशतसम्म मात्र रकमान्तर गर्न सकिनेमा १७० प्रतिशतले बढी रकमान्तर गरेको छ। प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

११. **योजनाको कार्यान्वयन** - बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यजिम्मेवारी अन्तर्गत पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, गढी, साँस्कृतिक धरोहरको संरक्षण, उत्खनन् तथा पुर्निर्माण

इत्यादि रहेकोमा यस मन्त्रालय अन्तर्गत रहेको पर्यटन विकास आयोजना, मकवानपुरद्वारा यस वर्ष मन्दिर, गुठी तथा आश्रमहरू ११७, पर्यटकीय पदमार्ग, पार्क तथा पूर्वाधार निर्माण (क्रमागत तथा बहुवर्षिय ठेक्का समेत) ८१, विभिन्न जातजातिको साँस्कृतिक सम्पदा एवम् सालिकहरू सहित गेटहरू ५०, चर्च तथा पूर्वाधार निर्माण १५, मरणघाट तथा कृयापुत्री भवन ५, अध्ययन तथा विस्तृत प्रतिवेदन तयारी-१३ समेत ३०२ योजनाहरू निर्माण गरिएकोमा सो मध्ये १० लाखसम्मका योजना १७२, १० लाख देखि २० लाखसम्म २४ र बाँकी योजना २० लाख भन्दा माथिका रहेका देखिन्छ। निर्माण कार्य सम्झौता संख्या धेरै हुँदा कार्यालयको जनशक्ति वर्षैभरी निर्माण कार्य व्यवस्थापनमा लाग्नुपर्ने साथै स-साना योजना सञ्चालन गर्दा सञ्चालन खर्च वृद्धि हुने र तात्विक लाभ हुने नदेखिदा स-साना छरिएका योजना भन्दा ठूला बजेटका महत्वपूर्ण योजना कार्यान्वन गर्नुपर्दछ ।

साविक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१२. **कार्यजिम्मेवारी** – प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन, व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन, उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन, औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन लगायतका कार्य जिम्मेवारी सहित २०७८।८।१५ मा यस मन्त्रालयको स्थापना भएको हो । सोही वर्ष प्रदेश सरकार, मन्त्रिपरिषद्को २०७९।१०।१० को निर्णयबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई "पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय" मा गाभ्ने निर्णय गरेको देखियो । प्रदेश मन्त्रिपरिषद्को २०८०।५।१८ को निर्णयले साबिकको 'पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय' लाई 'संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय' र 'उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय' नामकरण गरेको देखिन्छ ।

१३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले एकीकृत वित्तीय विवरण तयार नगरेबाट मन्त्रालय र मातहत कार्यालयको यथार्थ आर्थिक अवस्थाको विश्लेषण गर्न सकिएन । यस सम्वन्धी व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा उल्लेख गरेतापनि सुधार भएको छैन ।

१४. **उद्योग दर्ता** - बागमती प्रदेश आर्थिक सर्वेक्षण २०७९।८० अनुसार बागमती प्रदेशको पर्यटन, उद्योग, सहकारी मन्त्रालय मातहत रहेका १३ जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय मार्फत् आर्थिक वर्ष २०७९।८० फागुन मसान्तसम्म ६१२६ नयाँ उद्योग दर्ता भएकोमा गत वर्षको सोही अवधिमा यो संख्या ९८६० रहेको देखिन्छ । साथै नेपालमा २०७९ फागुन मसान्तसम्म ५६९२ वटा उद्योगमा विदेशी लगानी स्वीकृत भएकोमा अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा सबैभन्दा बढी ४६५८ वटा अर्थात् ८१.८ प्रतिशत उद्योगमा विदेशी लगानी स्वीकृत भएको देखिन्छ ।

साविक भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

१५. **मन्त्रालय हेरफेर -** प्रदेश सरकार मन्त्रिपरिषद्को २०७८।८।१५ को निर्णय अनुसार यस मन्त्रालय स्थापना भई कार्य जिम्मेवारी तोकिएकोमा बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को २०७९।१०।१० को निर्णयबाट "भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण" मन्त्रालयलाई "पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय" मा गाभ्ने निर्णय भएकोमा पुनः बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को २०८०।५।१८ को निर्णयले साविकको 'पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय' लाई 'संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय' र 'उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय' नामकरण गरेको देखिन्छ।

१६. **केन्द्रीय प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा केन्द्रीय निकायले मातहत कार्यालयबाट चौमासिक प्रगतिको विवरण लिने र नियम २७ मा भौतिक तथा वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्ने व्यवस्था छ । समीक्षा गर्दा प्रगति कम भएको कारण र जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट प्रगति लिई केन्द्रीय प्रगति विवरण तयार नगरेकोले कार्य उपलब्धि अवस्थाको मूल्याङ्कन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसारको केन्द्रीय प्रगति विवरण तयार गरी सो को समीक्षा मार्फत् देखिएका समस्याको निरुपण गर्नुपर्दछ ।

१७. **सहकारी -** बागमती प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली, २०७६, सहकारी सङ्घ/संस्था दर्ता, सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७७, सहकारी तालिम सम्बन्धी कार्यविधि, २०८० जारी गरिएको छ । संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार हालसम्म बचत तथा ऋण सहकारी संस्था लि. १ हजार ५२४, बहुउद्देश्यीय सहकारी संस्था १ हजार १४३, कृषि सहकारी संस्था लि. २५६, दुग्ध सहकारी संस्था लि. ५०, अन्य (सञ्चार सहकारी समेत) २२१, जिल्ला सहकारी सङ्घ लि. १३ गरी जम्मा ३ हजार २०७ सहकारी सङ्घ/संस्थाहरूको दर्ता भएकोमा यी संस्थाहरूले गरेका कारोबारहरूको अद्यावधिक अभिलेख राखेको छैन । कार्यालयले नियमित रूपमा सहकारी संस्थाहरूको अभिलेख तथा नियमन सहकारी कानुन अनुसार गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम, योजनाको कार्यान्वयन, रकमान्तर लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** मन्त्रालय तथा मातहतका समेत ४ निकायमा रू.१० लाख ३५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.५३ हजार फर्स्यौट गरेकोले रू.९ लाख ८२ हजार बेरुजु देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ साविक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा मातहतका समेत ५ निकायमा रू.३५ लाख ६५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.९६ हजार फर्स्यौट गरेकोले रू.३४ लाख ६९ हजार बेरुजु देखिएको छ । त्यस्तै साविक भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका समेत १ निकायमा रू.७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रू.७ हजार फर्स्यौट गरेकोले लगती बेरुजु बाँकी छैन यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्यक्षेत्र सामाजिक विकास मन्त्रालयको रहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ५ निकायको निम्नानुसार रू.४ अर्ब २५ करोड ८२ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३६५५३१५	४४४३०	२१८२०२	३४०२९९	४२५८२४६

उल्लिखित लेखापरीक्षण रकममा साविकको युवा तथा खेलकुद मन्त्रालयको विनियोजन रू.७९ करोड २८ लाख ७६ हजार, राजस्व रू.१३ लाख ६७ हजार, धरौटी रू.३८ लाख ७० हजार, अन्य कारोबार रू.५७ लाख ३० हजार समेत रू.८० करोड ३८ लाख ४३ हजार समावेश छ ।

२. **अन्य संस्था -** यो वर्ष मन्त्रालय मातहत प्रदेश खेलकुद र प्रदेश युवा परिषदको रू.६९ करोड ७६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार सामाजिक विकास मन्त्रालयका प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, समाज कल्याण र गैर सरकारी संघसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता लगायत २७ वटा कार्य जिम्मेवारी तोकिएकोमा सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि सूचना प्रविधि प्रयोगशाला, विज्ञान तथा विषयगत प्रयोगशालाहरू स्थापना गर्ने, प्रदेश भित्र बसोबास गर्ने लोपोन्मुख र अति सीमान्तकृत समुदायका वनकरीया, चेपाङ, धामी, जिरेल, माझी, दनुवार, सुरेल, बोटे र गन्धर्व लगायतका सूचीकृत समुदायका विशेष कार्यक्रम हुन सकेका छैनन् । कार्यतालिका बनाई तोकिए बमोजिमका जिम्मेवारी पूरा गर्नुपर्दछ ।

४. **आवधिक योजना -** प्रदेश सरकारको पहिलो आवधिक योजना अनुसार राज्यको नीति शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक, सक्षम प्रतिस्पर्धी र नैतिकवान दक्ष जनशक्तिको विकास, समावेशी र समतामुलक एवम् गुणस्तरीय शिक्षा सुनिश्चित गर्न क्रमशः उच्च शिक्षासम्म निःशुल्क बनाउदै प्रादेशिक शैक्षिक योजना, प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रादेशिक प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम,

प्रादेशिक शिक्षा र छात्रवृत्ति सम्बन्धी नीति तथा कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री उत्पादन र वितरण, शिक्षक व्यवस्थापन र क्षमता विकास, माध्यमिक परिक्षा व्यवस्थापन तथा प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन, सबै तहको शिक्षालाई गुणस्तरीय बनाउनु, आर्थिक, सामाजिक रुपले पछाडि परेका सीमान्तकृत समुदाय तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु, पूर्वाधार र लगानीको अनुपातमा शैक्षिक उपलब्धि हासिल गर्नु, संघीय प्रणाली अनुरुप शैक्षिक प्रणालीलाई तहगत सरकारका जिम्मेवारी अनुसार रुपान्तरण गर्नु, शिक्षालाई व्यवसायिक तथा रोजगारमुलक बनाई जिवनोपयोगी र प्राविधिक शिक्षाको बिस्तार गर्नु, महिला शिक्षक अनुपात वृद्धि गर्नु, विद्यालयमा महिला शिक्षक नेतृत्व वृद्धि गर्नु जस्ता क्रियाकलाप सञ्चालन गर्ने कार्यक्रम आवधिक योजनामा भएकोमा उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गरी प्रगति यकिन गरेको छैन।

५. **नीति तथा कार्यक्रम कार्यान्वयन -** प्रदेश सरकारको २०७९।८० नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिको लागि सूचना प्रविधि प्रयोगशाला, विज्ञान तथा विषयगत प्रयोगशालाहरू स्थापना, विश्वका विभिन्न देशका प्रमुख विश्वविद्यालय र कलेजहरूको आवद्धतामा नेपालमै सस्तो सुलभ र गुणस्तरीय शिक्षा उपलब्ध गराउन प्रदेशभित्र सम्भाव्यताका आधारमा ज्ञान ग्राम (नलेज भिलेज) को स्थापना, शिक्षा तथा सामाजिक विकासका क्षेत्रमा स्वयंसेवा गर्न चाहने सरकारी तथा गैरसरकारी क्षेत्रबाट निवृत्त विशेष ज्ञान सीप भएका व्यक्तिहरूलाइ परिचालन गर्ने कार्यक्रम, प्रदेशभित्र बसोबास गर्ने लोपोन्मुख र अति सीमान्तकृत समुदायका बनकरीया, चेपाङ, थामी, जिरेल, माझी, दनुवार, सुरेल, बोटे र गन्धर्व लगायतका सूचीकृत समुदायका लागि विशेष कार्यक्रम ल्याइने, सीमान्तकृत चेपाङ समुदायको आर्थिक सामाजिक रुपान्तरणका लागि मकवानपुर, धादिङ र चितवनको चेपाङ जाति बसोबास क्षेत्रलाई चेपाङ विशेष संरक्षित क्षेत्र बनाउने कार्यक्रम, प्रदेशमा बसोबास गर्ने विपन्न दलित समुदायको जीवनस्तर सुधारका लागि विशेष कार्यक्रम सञ्चालन भएका छैनन् । नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा घोषणा भएका कार्यक्रमबीच तादाम्यता ल्याउनुपर्दछ ।

६. **बजेट वक्तव्यको कार्यान्वयन -** बागमती प्रदेश सरकारको २०७९।८० को बजेट वक्तव्यमा यस प्रदेशमा बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग र समुदायलाई प्राथमिकतामा राखी सामुदायिक क्याम्पस/विद्यालय/शिक्षालयमा कृषि, भेटेरिनरी, सर्भेयर, सिभिल इन्जिनियरिङ र वन विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत छोरी बुहारी छात्रवृत्ति कार्यक्रममा रू.२ करोड १० लाख ३० हजार बजेट व्यवस्था भएको देखिन्छ । मन्त्रालयले छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०७८ प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराएको भए तापनि यस किसिमको छात्रवृत्ति उपलब्ध गराएको देखिएन । उच्च शिक्षामा महिलाहरूको पहुच बढाउन स्नातक र स्नाकोत्तर तहमा महिलालाई छात्रवृत्ति उपलब्ध गराएको, युवा वैज्ञानिक कोषको स्थापना गरी सोबाट २ वटा प्रतिवेदन पेस भएको, नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता, २०७९ मा प्रदेश सहभागिता, विद्यालयहरूको शिक्षकहरूलाई तालिम जस्ता क्रियाकलापहरू कार्यान्वयन भएका छन् । तर, लोपोन्मुख र अतिसिमान्तिकृत समुदायहरू बनकरिया चेपाङ्ग थामी जिरेल लगायतका समुदायलाई आर्थिक तथा सामाजिक उत्थानका लागि चेपाङ्ग विशेष संरक्षित क्षेत्र कार्यक्रम सञ्चालन गर्ने जनाएको, निर्माणाधिन गौतमबुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशाला सम्पन्न गर्न भरतपुर महानगरपालिकासँग सहकार्य गर्न रू.५ करोड विनियोजन भएकोमा निकासा हुन नसकेको, प्रत्येक माध्यमिक विद्यालयमा एक खेलकुद

शिक्षक तोक्ने साथै मुख्यमन्त्रीसँग बालबालिका स्काउट कार्यक्रम आयोजना गर्ने कार्यक्रम सञ्चालन भएको छैन । बजेट तथा कार्यक्रम अनुसार प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

७. **प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ ले तोके अनुसारको ढाँचामा मन्त्रालयले आफूले सम्पादन गरेको कामको मातहत कार्यालयबाट निकायहरूबाट सम्पादित काम समेत समेटी वार्षिक प्रगति विवरण तयार गर्नुपर्नेमा सामाजिक विकास मन्त्रालय आफैंले सम्पादन गरेको कामको तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार नगरेको कारण भौतिक तथा वित्तीय प्रगति यकिन भएन। मन्त्रालय अन्तर्गत निकायहरूको प्रगति भौतिक तर्फ ८२.१३ प्रतिशत र वित्तीयतर्फ ७२.४४ प्रतिशत रहेको छ । मन्त्रालय अन्तर्गतका निकायहरूको स्वीकृत बार्षिक कार्यक्रममध्ये प्रमुख कार्यक्रम अन्तर्गतको प्रदेश विश्वविद्यालय स्थापनाको लागि रू.५० करोड विनियोजन भएको रकम खर्च भएको छैन । लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ मन्त्रालयले जोड दिनुपर्दछ ।

८. **विनियोजन दक्षता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम मन्त्रालयले खर्च सृजना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गरी खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । मन्त्रालयको यस वर्ष संशोधित बजेट रू.३ अर्ब ७८ करोड ३६ लाख ४८ हजार रहेकोमा रू.२ अर्ब ८६ करोड २४ लाख ३९ हजार (७५.६५ प्रतिशत) मात्र खर्च भएको छ । विनियोजित रकम खर्च गरी लक्ष्य प्राप्त गर्नुपर्दछ ।

९. **कानुन तर्जुमा** - मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत यो वर्ष तर्जुमा गरेको २ नियमावली, ८ कार्यविधि, २ निर्देशिका समेत हालसम्म ५ वटा ऐन, ३ नियमावली, १ नीति, २७ वटा कार्यविधि, ६ वटा निर्देशिका र ३ वटा मापदण्ड तथा रणनीति समेत ४४ वटा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ ।

१०. **कार्यक्रम स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा मन्त्रालयले मातहतका कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत आयोजना वा कार्यक्रम स्वीकृत गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम केन्द्रीयस्तरको भएमा मन्त्रालयले नीति तथा योजना आयोगमा जानकारी दिनुपर्नेमा दिएको देखिँदैन । स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्बन्धित निकाय तथा कार्यालयमा पठाउनु पर्नेमा असार महिनामा पनि पटकपटक थप अख्तियारी पठाएको छ। समयमै बजेट बाँडफाँट र कार्यक्रमको प्राथमिकिकरण गरिनुपर्दछ ।

११. **अनुदानको उपयोग** - मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन भएका कार्यक्रमहरूमध्ये राष्ट्रपति महिला सशक्तिकरण परियोजना प्रदेशका प्रत्येक उद्यमी तथा समूहरूलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोगमा रू.४२ लाख ८८ हजार, विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्लास्तरमा रू.५ करोड ४५ लाख १७ हजार, राष्ट्रिय परीक्षा बोर्ड रू.६ करोड १३ लाख ७५ हजार, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) रू.७८ करोड ७७ लाख ७२ हजार, राष्ट्रिय युवा परिषद् रू.१५ लाख ३ हजार, राष्ट्रिय युवा परिचालन रू.३७ लाख ८२ हजार लगायत कार्यक्रमका लागि अनुदान शीर्षकबाट रू.१ अर्ब ९ करोड १७ लाख ८५ हजार खर्च भएकोमा सो अनुदानबाट प्रत्यक्षरुपमा जनताको जीवनस्तरमा गुणात्मक सुधार आउने गरी अनुदान वितरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गरी लक्ष्य अनुसार उद्देश्य हासिल गरिनुपर्दछ।

१२. **आवासीय विद्यालय सञ्चालन अनुदान -** आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद-५ को बुँदा नं. १०(१) मा आवासीय विद्यालय सञ्चालन गर्न चाहने विद्यालयले आवासीय विद्यालय सञ्चालन सम्बन्धी विनियम बनाउनुपर्ने व्यवस्था छ । उक्त विनियममा छात्रावास सम्बन्धी व्यवस्था, स्रोत व्यवस्थापन, सामाजिक परीक्षण तथा विद्यार्थी सहयोगको लागि खाना खाजा सामग्री तथा अन्य व्यवस्था समेट्नुपर्ने उल्लेख छ । त्यस्तै बुँदा नं. १९(१) मा आवासीय विद्यालयले खर्च लेख्दा विनियमावलीमा उल्लेख भएबमोजिम खर्च लेखी विद्यालय व्यवस्थापन समितिको निर्णयबाट प्रमाणित गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले निलकण्ठेश्वर माध्यमिक विद्यालय, दोलखा समेत ४ विद्यालयलाई आवासीय विद्यालय सञ्चालनका लागि रू.१ करोड ४२ लाख १५ हजार अनुदान वितरण गरेकोमा उक्त विद्यालयहरूले आवासीय विद्यालय सञ्चालन सम्बन्धी विनियम एवम् मार्गदर्शन निर्माण गरेको प्रमाण पेस भएन । उक्त अनुदान सदुपयोगको सुनिश्चतता हुनुपर्दछ ।

१३. **प्रदेश विज्ञान प्रविधि कोष -** बागमती प्रदेश मन्त्रिपरिषदबाट २०७५।११।११ गते "युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५" स्वीकृत भई सो बमोजिम प्रदेशभित्र कृषि, उद्योग, पर्यटन, जलवायु तथा वातावरण, जैविक विविधता, जनस्वास्थ्य, जीव-प्रविधि, सूचना प्रविधि, इन्जिनियरिङ, यातायात, नवीकरणीय ऊर्जा, विद्युत-सङ्ग्रह जस्ता क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न वा मानवीय जीवन-पद्धतिलाई सरल तथा सहज बनाउन नयाँ ज्ञान तथा प्रविधि अनुसन्धान, विकास र व्यावसायिकता उपयोग गर्न प्रतिभाशाली नवप्रवर्तक वा नवप्रवर्तक कम्पनीलाई आर्थिक सहयोग तथा वस्तुगत अनुदान उपलब्ध गराउने प्रमुख उद्देश्यसहित युवा वैज्ञानिक प्रोत्साहन कोषको स्थापना भई सञ्चालनमा रहेकोमा युवा वैज्ञानिक प्रोत्साहन कोषबाट हालसम्म पाँचवटा अनुसन्धान प्रस्ताव/आयोजनाहरू छनौट भई अनुसन्धानको कार्य भएकोमा यस वर्ष २ वटा कार्य सम्पन्न भई रू.४३ लाख ६१ हजार खर्च भएको छ । मन्त्रालयले यस वर्ष कोषमा रकम विनियोजन नगरी गत वर्षको मौज्दात रकम रू.२३ करोड ७५ लाख ५८ हजारबाट यस वर्ष रू.४३ लाख ६१ हजार खर्च गरी रू.२३ करोड ३१ लाख ९७ हजार बाँकी रहेको छ । उपयोग नभएको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

१४. **तालिम सञ्चालन -** प्रदेश भित्रका सि.टि.इ.भि.टि अन्तर्गत आङ्गिक तथा साझेदार शिक्षालयहरू र प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा २४ महिने प्रि-डिप्लोमा अप्रेन्टिसीप कार्यक्रमका लागि सञ्चालन भएका प्राविधिक धारका विद्यालयहरूमा ४० जना सहभागीको लागि प्रति विद्यार्थी डाइरेक्ट ट्रेनिङ्ग, प्रति विद्यार्थी खाना खर्चसमेत यस वर्ष ८ वटा प्राविधिक धारका विद्यालयहरूलाई पहिलो किस्ता रू.९१ लाख ७१ हजार निकासा दिएको छ । विद्यार्थी संख्याका आधारमा निकासा दिँदा नियमित रुपमा सो कार्यक्रममा सलग्न रहेका विद्यार्थीहरूको विवरण समेत अद्यावधिक गर्नुपर्दछ ।

१५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७(१) मा कुनै शीर्षकमा बजेट नपुग भएमा विनियोजन ऐनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(३) मा विनियोजित रकमको २० प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाइने उल्लेख छ । यो वर्ष सामाजिक विकास मन्त्रालयको रू.१ अर्ब १९ करोड ६ लाख ५९ हजार शुरु बजेट विनियोजन भएकोमा रू.३२ करोड ६१ लाख ८९ हजार थप

र रू.१ अर्ब ६ करोड २२ लाख २४ हजार घटी भई रू.४५ करोड ४६ लाख २४ हजार बजेट कायम गरेको छ । सो मध्ये रू.९ करोड ६४ लाख ६३ हजार निकासा खर्च गरेको छ । प्रदेश आर्थिक कार्यविधि नियमावलीको परिधिभित्र रही रकमान्तर गर्नुपर्दछ ।

१६. **एक प्राविधिक विद्यालय एक उद्यम -** एक प्राविधिक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ११(५) मा विद्यालयले उद्यम कोषमा मन्त्रालयबाट प्राप्त हुने मुल पुँजी लगानी गरी प्रथम वर्ष कुल पुँजीको १० प्रतिशत, दोस्रो वर्ष २० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष २५ प्रतिशत र पाँचौ वर्ष २५ प्रतिशतको हिसाबले हुन आउने रकम आगामी पाँच वर्षभित्र उद्यम कोषमा जम्मा गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष ५ वटा विद्यालयहरूलाई ६ लाखका दरले अनुदान उपलव्ध गराएकोमा सोही कार्यविधिको बुदाँ नं. २३(४) अनुसार लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था भएको र बुँदा नं. २४ अनुसार गठित अनुगमन टोलीले अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्नेमा दुवै काम भएको पाईएन । अनुदानको सदुपयोग सम्बन्धमा नियमित अनुगमन गरी कार्यक्रमको लक्ष्य हासिल गरिनुपर्दछ ।

शिक्षा विकास निर्देशनालय

१७. **छात्रवृत्ति कार्यक्रम -** बागमती प्रदेशको २०७९।८० को बजेट वक्तव्यको बुँदा नं. १२७ मा उल्लेख भएको तथा कम्पोनेन्ट ७.२.५.२३ को शैक्षिक छात्रवृत्ति कार्यक्रमअनुसार सामुदायिक विद्यालयको कक्षा ११ र १२ वा सो सरहमा प्राविधिक विषय अध्ययन गर्न अल्पसंख्यक लोपोन्मुख अति सीमान्तकृत विपन्न दलित समुदायका छात्रछात्रामध्ये प्रति स्थानीय तह एक जनालाई शैक्षिक छात्रवृत्ति प्रदान गर्न र सामुदायिक क्याम्पसमा अध्ययनरत छात्रालाई प्रदान गरिने छात्रवृत्तिका लागि रू.५ करोड विनियोजन गरेको पाईन्छ । निर्देशनालयले शैक्षिक छात्रवृत्ति कार्यक्रम (कम्पोनेन्ट नं. ७.२.५.२३) वापत प्राविधिक तथा उच्च शिक्षा छात्रवृत्तिको लागि जम्मा ३५०० जना विद्यार्थीलाई वितरण गर्न रू.५ करोड १ हजार विनियोजन भएकोमा ३९८ जनालाई रू.२१ लाख ७९ हजार मात्र उपलब्ध गराएको पाईयो। वार्षिक कार्यक्रममा जम्मा ३५०० जनालाई वितरण गर्ने लक्ष्य रहेकोमा ३९८ अर्थात् जम्मा ११.३७ प्रतिशत मात्र प्रगति भएको छ । बजेट वक्तव्यमा उल्लेख भए अनुसारको प्रगति हासिल गरिनुपर्दछ ।

१८. **विद्यालय बस कार्यक्रम -** सार्वजनिक विद्यालयमा बस खरिद कार्यक्रमका लागि २७ विद्यालयलाई रू.६ करोड ७५ लाख विनियोजन भएकोमा निर्देशनालय र कार्यक्रम सञ्चालन गर्ने विद्यालयबीच भएको सम्झौताको शर्त नं. २ मा जम्मा अनुदान प्रति विद्यालय २५ लाखमध्ये ६० प्रतिशतले हुने रू.१५ लाख सम्झौतापश्चात् र बाँकी ४० प्रतिशतले हुने १० लाख विद्यालयले नियमानुसार बस खरिदको बिल भरपाई लगायतका कागजात पेस गरेपछि अर्थात् कार्य सम्पन्न गरेपछि अनुदान निकासा दिने उल्लेख छ । निर्देशनालयले विद्यालयवाट सम्झौताअनुरुपको ४० प्रतिशत रकम निकासाका लागि माग नभएपछि रू.२ करोड ६७ लाख २ हजार पेश्की जनाई निकासा दिएको छ । विभिन्न २७ विद्यालयले खरिदका लागि स्पेशिफिकेसन तोकि खरिद प्रकृया अगाडि बढाएकोमा बस प्राप्त गरी परिचालन भएको सुनिश्चित हुनुपर्दछ ।

सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङ

१९. **कभर्ड हल निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको काम शुरु नगरेमा, काम सुरु गरी बीचैमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी कार्य पुरा गर्न लाग्ने रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । कार्यालयले थाहा नगरपालिकामा कभर्डहल निर्माणको लागि लागत अनुमान रू.७ करोड ६४ लाख ४६ हजारको निर्माण कार्य रू.४ करोड ९४ लाख ५२ मा एक निर्माण व्यवसायीसँग २०७८।६।११ मा सम्पन्न गर्ने गरी २०७७।६।११ मा सम्झौता गरेको छ ।

उक्त कार्यको म्याद दुई पटक थप गरी सम्पन्न गर्ने अवधि २०७९।४।११ कायम गरीएकोमा प्राविधिक प्रतिवेदन अनुसार २०७८ कार्त्तिकदेखि निर्माण व्यवसायीले काम अगाडि नबढाएको, निर्माण कार्य अगाडि बढाउन पटक पटक ताकेता पत्र पठाउँदा समेत सम्पर्कमा नआएको र जवाफ पनि नपठाएको कारण पेश्की जमानत रू.२८ लाख र कार्य सम्पादन जमानत रू.६२ लाख जफत गरी २०८०।३।१७ मा ठेक्का सम्झौता अन्त्य गरेको छ । निर्माण व्यवसायीले सम्झौता बमोजिम रू.१ करोड ३८ लाख ५२ हजारको काम गरी भुक्तानी लिएको र रू.३ करोड ५६ लाखको काम बाँकी राखेको छ । लागत अनुमान अनुसार सम्पादन हुन बाँकी काम रू.५ करोड ८९ लाख ५२ हजार रहेको छ । ठेक्का तोडेपश्चात निर्माण व्यावसायीलाई कालो सूचीमा राख्ने तथा उक्त सम्पादन हुन बाँकी कामको लागि निज निर्माण व्यावसायीबाट सरकारी बाँकी सरह असूल उपर गरी अधुरो कार्य पूरा गर्ने प्रक्रिया अघि बढाएको देखिएन ।

साविक युवा तथा खेलकुद मन्त्रालय

२०. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले खेलकुद विकास र प्रवर्द्धन, खेलकुद प्रशासन र खेलकुद सम्बन्धी संघ संस्थाको समन्वय र नियमन, राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम, आयोजना सहभागिता र युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा कार्यान्वयन र नियमन एवं युवा र खेलकुद सम्बन्धी अन्य गतिविधि गर्ने कार्य जिम्मेवारी तोकी २०७८।८।१५ मा मन्त्रालय स्थापना भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको २०७९।१०।१२ को पत्रबाट यो मन्त्रालयलाई २०७९।१०।१० मा सामाजिक विकास मन्त्रालयमा गाभ्ने निर्णय भएको छ ।

२१. **संगठन संरचना** - प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०७८।८।१५ को निर्णय अनुसार प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ हेरफेर भई युवा तथा खेलकुद मन्त्रालय स्थापना भएको हो । तत्कालिन सामाजिक विकास मन्त्रालयको कार्य क्षेत्रमा रहेको युवा तथा खेलकुद क्षेत्रको कार्य जिम्मेवारी मन्त्रालयमा हस्तान्तरण भई १८ जना कर्मचारी दरबन्दी राखी रू.९६ लाख ७० हजार पूँजीगत तथा चालु खर्च भएको छ । यसरी स्थापना भएको मन्त्रालय मिति २०७९।१०।१० मा पुनः हेरफेर गरी सामाजिक विकास मन्त्रालयमै गाभिएको हुँदा नयाँ मन्त्रालयको गठन गरेकोले यसमा भएको खर्च औचित्यपूर्ण देखिएन ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम, रकमान्तर, कानुन निर्माण लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - यो वर्ष मन्त्रालय र मातहत समेत ५ निकायमा रू.७ करोड २७ लाख ६२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रू.३ लाख १६ हजार फर्स्यौंट गरेकोले रू.७ करोड २४ लाख ४६ हजार बेरुजु देखिएको छ । सोमध्ये रू.६ करोड ५२ लाख ३५ हजार म्याद नाघेको पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ यो वर्ष साविक युवा तथा खेलकुद मन्त्रालयमा रू.७० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले रू.७० हजार बेरुजु देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

➢ अन्य सस्थातर्फ १ निकाय रू.३ लाख २६ हजार बेरूजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले रू.३ लाख २६ हजार बेरुजु देखिएको छ । यससम्वन्धी विवरण **अनुसूची-१०** मा छ ।

स्वास्थ्य मन्त्रालय

प्रदेश स्तरमा स्वास्थ्य सम्बन्धी योजना तथा नीति निर्माण, कानुन तर्जुमा र कार्यान्वयन, नीतिगत निर्णय, स्वास्थ्य सेवा सम्बन्धी मार्गदर्शन तथा निर्देशिका निर्माण, स्वास्थ्य संस्थाहरूको नियमन, समन्वय र सहयोग गर्न र स्थानीय तहसँग समन्वय गरी प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूति दिने उद्देश्यले बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधन सहित) बमोजिम २०७८।५।१३ को प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार यस मन्त्रालयको स्थापना भएको हो ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत ४४ निकायको निम्नानुसार रू.३ अर्ब ५३ करोड ५१ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
३१३४९१३	३२५६७	९२५५५	२७५०९४	३५३५१२९

२. **अन्य संस्था** - यो वर्ष मन्त्रालय मातहत ८ समितिको रू.३ अर्ब ६१ करोड ४० लाख ५७ हजार र २ संस्थाको रू.६५ करोड ५९ लाख १६ हजारसमेत रू.४ अर्ब २६ करोड ९९ लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

३. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन लगायतको कार्यक्षेत्र तोकिएकोमा कार्यान्वयन अवस्था देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

४. **नीति तथा कार्यक्रम कार्यान्वयन** - नागरिकको मौलिकहकको रुपमा रहेको स्वास्थ्य सेवालाई सहज सुलभ र गुणस्तरीय ल्याउन एवं आपतकालिन अवस्थामा समेत स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी प्रदेश भित्रका जिल्ला अस्पताल स्तरोन्नति गर्ने, स्थानीय तहमा अस्पताल निर्माण गर्ने, विभिन्न ७ अस्पताललाई स्तरोन्नति गरी विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने, कोभिड-१९ जस्ता महामारी तथा संक्रामक रोग विरुद्ध लड्न कम्तीमा ५० बेडको सुविधा सम्पन्न प्रदेशस्तरीय सरूवा रोग अस्पताल स्थापना गर्ने, बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत प्रत्येक स्थानीय तहमा कम्तीमा एक नमुना पोषण केन्द्र स्थापना गर्ने, मकवानपुर, चितवन र ललितपुरस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाई अस्पतालको रूपमा स्तरोन्नति गर्ने लगायतका कार्यक्रमहरू कार्यन्वयन भएका छैनन् । नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा घोषणा भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ।

५. **लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २७ मा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयबाट नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि

तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत विवरण तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले पेस गरेको विवरण अनुसार मन्त्रालय र अन्तर्गत कार्यालय तथा निकायको यो वर्ष पूँजीगततर्फ रू.९२ करोड ३७ लाख ९७ हजार बजेट व्यवस्था भएकोमा रू.६० करोड ४५ हजार खर्च भई ६४.९५ प्रतिशत वित्तीय प्रगति र ७३.९३ प्रतिशत भौतिक प्रगति रहेको छ । मन्त्रालयले लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

६. **ठूला आयोजना -** मन्त्रालयबाट प्राप्त विवरण अनुसार रू.५ करोडभन्दा बढी लागत अनुमान भएका आयोजनाहरूमध्ये बज्रबाराही अस्पताल, चापाँगाउँ ललितपुरको रू.१ करोड ४१ लाख ५० हजार खर्च भई वित्तीय र भौतिक प्रगति क्रमशः३२.४५ र ३५ प्रतिशत, आयुर्वेद स्वास्थ्य केन्द्र भवन, चितवनको रू.१ करोड ६४ लाख २१ हजार खर्च भई ५०.५३ र ५५ प्रतिशत, आयुर्वेद स्वास्थ्य केन्द्र भवन, मकवानपुरको रू.१ करोड १६ लाख ४७ हजार खर्च भई ३५.८४ र ४० प्रतिशत र आयुर्वेद स्वास्थ्य केन्द्र भवन, ललितपुरको रू.४ करोड विनियोजन भएकोमा कार्य भएको छैन । कार्यसम्पन्न गर्न मन्त्रालयबाट प्रभावकारी पहल हुनुपर्दछ ।

७. **आवधिक योजनाको कार्यान्वयन -** आवधिक योजनाले निर्धारण गरेको लक्ष्य बमोजिम बार्षिक नीति तथा कार्यक्रम सञ्चालन गरी उपलब्धी हासिल हुनुपर्दछ । मन्त्रालयले उपलब्ध गराएको विवरण अनुसार कुपोषण प्रभावित जनसंख्या घटाउने, आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार प्रतिशत बढाउने, नवजात शिशुको विशेष उपचार सेवा उपलब्ध भएका स्थानीय तह संख्या बढाउने, स्वास्थ्यकर्मी डाक्टर नर्सको सेवा बढाउने, विशिष्टीकृत उपचारसेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको संख्या बढाउने, ट्रमा सेन्टर सहितको विशिष्टीकृत उपचार सेवा बिस्तार गर्ने, बहुक्षेत्रीय पोषण कार्यक्रम बिस्तार, गर्भवती महिलामध्ये पिएमटीसिटी सेवा पाएका महिला प्रतिशत बढाउने, किशोरी अवस्थाको प्रजनन दर घटाउने, प्रयोगशालाबाट पत्ता लागेका इन्फ्लुएन्जाका बिरामी र नवजात शिशु स्थिरीकरण केन्द्र बिस्तार जस्ता १८ वटा विषयहरूमा लक्ष्य तोकेको भए पनि कार्यक्रम सञ्चालन गरेको देखिएन । पूर्ण खोपको दायरा, स्वास्थ्य बीमामा आवद्धता, वैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको वृद्धि गर्ने जस्ता विषयमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगति भएको देखाएको छ। कम प्रगति हुनु र प्रगति नै नहुनुको समीक्षा गर्नुपर्दछ ।

८. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम मन्त्रालयको चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधार सहित बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । मन्त्रालय र अन्तर्गत निकाय तथा कार्यालयको लागि यो बर्ष चालुतर्फ रू.३ अर्ब ६४ करोड ३ लाख र पूँजीगततर्फ रू.९२ करोड ३८ लाख समेत रू.४ अर्ब ५६ करोड ४१ लाख बजेट विनियोजन भएकोमा चालुतर्फ रू.२ अर्ब ५३ करोड ५० लाख (६९.६३ प्रतिशत) र पूँजीगततर्फ रू.५९ करोड ९८ लाख (६४.९२ प्रतिशत) समेत रू.३ अर्ब १३ करोड ४९ लाख (६८.७२ प्रतिशत) खर्च भएको छ । विनियोजित बजेटको ३१.२८ प्रतिशत खर्च भएको नदेखिएकोले कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेट प्रस्ताव तथा खर्चको आधार किटान गरी विनियोजन तथा खर्च दक्षता बढाउनु पर्ने देखिन्छ ।

९. **मध्यमकालीन खर्च संरचना –** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यमकालीन खर्च संरचना लागु गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १६ अनुसार नेपाल सरकार, प्रदेश सरकार र मातहतका स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक

वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले २०७८।७९ देखि २०८०।८१ सम्मको मध्यमकालीन खर्च संरचना तयार गरेको देखिन्छ। २०७७।७८ को नीति तथा कार्यक्रम र वार्षिक बजेट अनुसार सम्पादन भएका क्रियाकलापका आधारमा तयार गरेको प्रतिवेदन अनुसार स्वास्थ्य मन्त्रालय र अन्तर्गतका ४४ निकाय समेतको २०७९।८० मा चालु र पूँजीगत गरी कुल रू.४ अर्ब ५६ करोड ४१ लाख १७ हजार खर्च हुने प्रक्षेपण गरेकोमा रू.३ अर्ब १३ करोड ४९ लाख (६८.७२ प्रतिशत) खर्च भएको छ । स्वास्थ्य मन्त्रालय र अन्तर्गतबाट सञ्चालन हुने क्रियाकलापको खर्च प्रक्षेपण यथार्थपरक बनाउँनुपर्दछ।

१०. **दरबन्दी र पदपूर्ति** - मन्त्रालय र मातहत ४४ निकायमा अधिकृतस्तर ४२८, सहायकस्तर २८१ र श्रेणीविहीन २०१ समेत ९१० स्वीकृत दरबन्दी मध्ये ३०४ अधिकृतस्तर, २१६ सहायकस्तर र १६२ श्रेणी विहिन समेत ६८२ पदपूर्ति भई २२८ दरबन्दी रिक्त रहेको छ । स्वीकृत दरवन्दी समयमै पूर्ति गर्नुपर्दछ ।

११. **स्वःमूल्याङ्कन व्यवस्था** - प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १९ बमोजिम सार्वजनिक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाको तोकिए बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्याङ्कन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत निजी, सहकारी, सामुदायिक, गैर सरकारी र सार्वजनिक गरी कुल दर्ता भएका स्वास्थ्य संस्थाको अद्यावधिक अभिलेख राखी स्वःमूल्याङ्कन सम्बन्धमा अनुगमन गरिराख्नुपर्नेमा सो अनुरुप गरेको देखिएन । स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन पेस नगरेमा त्यस्तो संस्थालाई प्रदान गरेको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न मन्त्रालयले आदेश दिन सक्ने, तोकिएको गुणस्तर पुरा नगरी सेवा सञ्चालन गरेको पाईएमा सुधारका लागि ३ महिनाको अवधि तोक्न सक्ने व्यवस्था छ । मन्त्रालय अन्तर्गत १३ प्रदेश अस्पताल सहित दर्ता भएका संस्थाको स्वःमूल्याङ्कन प्रतिवेदन प्राप्त गरी सेवा प्रवाहको अवस्था सम्बन्धमा मूल्याङ्कन गरेको देखिएन । स्वास्थ्य सेवामा गुणस्तरीयता कायम गर्न अनुगमन र नियन्त्रण कार्यलाई प्रभावकारी बनाई ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

१२. **स्वास्थ्य संस्था सञ्चालन नवीकरण** - प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १५ अनुसार स्वास्थ्य सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै नवीकरणका लागि मन्त्रालयमा निवेदन दिनुपर्ने, निवेदन प्राप्त भएमा मन्त्रालयले तोकेबमोजिमको दस्तुर लिई ५ वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनको अनुमति नवीकरण गर्न सक्ने व्यवस्था छ । प्रदेशमा २ हजार ७३३ स्वास्थ्य संस्था रहेकोमा नवीकरण अनुमति प्राप्त गरेको संस्थाको अद्यावधिक विवरण राखी सेवा सञ्चालन अनुमति प्राप्त गरेका सबै संस्थाको तोकिएअनुसार नवीकरण गरे नगरेको अनुगमन गर्नुपर्दछ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

१३. **अध्यापन अवस्था** - प्रतिष्ठानले चिकित्सा शास्त्र ऐन, २०७५ बमोजिम चिकित्सा शिक्षा आयोगबाट अनुमति लिई वि. पि. एच. वि., फर्मा, वि.एस.सि. ल्याव मेडिसिन र वि.एस.सि. नर्सिङ समेत ४ वटा विषयहरूमा अध्यापन भईरहेको छ । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७(७) अनुसार प्रतिष्ठानलाई प्राप्त कोटाको ७५ प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने र २५ प्रतिशत शुल्क तिरेर अध्यापन गराउन सकिने व्यवस्था बमोजिम २०७९।८० मा अध्ययन गरेका विद्यार्थीहरूको अवस्था देहायबमोजिम छः

क्र.सं.	विषय	जम्मा कोटा	२०७९		२०८०	
			छात्रवृत्ति	सशुल्क	छात्रवृत्ति	सशुल्क
१	वि पि एच	२०	१५	३	१३	१
२	वि फर्मा	३०	१९	१०	२१	८
३	विएससि ल्याव मेडिसिन	३०	२२	४	१५	७
४	विएससि नर्सिङ	२०	२०८०।२।२५ देखि अनुमति		१५	५
	जम्मा	**१००**	**५६**	**१७**	**६४**	**२१**

२०७९ मा वि. फर्मामा छात्रवृत्तिको कोटामै ३ जना कम भर्ना भएको देखिन्छ । शुल्क तिरेर आउने विद्यार्थी वि. पि. एच. र विएससि ल्याव मेडिसिनमा पनि ५० प्रतिशत अध्ययन गर्न आएको देखिन्छ । २०८० मा पनि निःशुल्क पाउने कोटामै विद्यार्थीको भर्ना हुन सकेको छैन र शुल्क तिरेर अध्ययन गर्नेमा वि. पि. एच. मा जम्मा १ जना मात्र देखिन्छ । लक्ष्य अनुसार विद्यार्थी भर्ना गराई शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१४. **कार्यक्रम सञ्चालन -** प्रदेश गौरवको आयोजनारुपमा स्थापित यस प्रतिष्ठानले एम वि वि एस, वि एस सी नर्सिङ, वि ए एन, मिड वाइफरी, हेल्थ, ब्याचलर अफ फार्मेसी, ब्याचलर अफ मेडिकल ल्याब्रोटरी टेक्नोलोजी, एमडिजिवि, एमडि साईक्याट्रि, एमडि गाईनो ओविएस एनेस्थेसिया, क्लिनिकल साइकोलोजी सञ्चालन गर्ने लक्ष्य लिएकोमा ती विषयहरू मध्ये ४ विषयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेको छ । अन्य विषयको लागि चिकित्सा शिक्षा आयोगले तोकेको ३०० शय्यासम्मको अस्पताल हुनुपर्ने तथा अन्य पूर्वाधारयुक्त मापदण्ड पुरा हुन नसकेकोले शैक्षिक कार्यक्रम सञ्चालन अनुमति प्राप्त गर्न सकेको छैन । शैक्षिक कार्यक्रमतर्फ निर्धारित कोटा मध्ये छात्रवृत्तितर्फ सबै भर्ना हुने र सःशुल्कतर्फ कम संख्यामा भर्ना हुने गरेका कारण चिकित्सा शिक्षा आयोगले यस प्रतिष्ठानलाई निर्धारण गरेको कोटामा पूर्ण रुपमा विद्यार्थीहरू भर्ना भएका छैनन् । प्रतिष्ठानको उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

अस्पतालहरू

१५. **विशेषज्ञको सेवा -** चौतारा अस्पतालले उपलब्ध गराएको विवरण अनुसार अस्पतालमा फिजिसियन, गाइनोकोलोजिष्ट, पेडियाट्रिसियन, अर्थोपेडिक्स सर्जन, फिजियोथेरापिष्ट, एनेस्थेसिया असिस्टेन्ट लगायतका विशेषज्ञ चिकित्सक नहुँदा सो सेवा लिने बिरामीले धुलिखेल वा काठमाडौंसम्म जानुपर्ने बाध्यता रहेको छ । अस्पतालले यो वर्ष फिजिसियन सेवामा करिब ५ हजार, स्त्रीरोग सेवामा करिब ३ हजार ५००, बालरोगमा करिब ४ हजार ५००, हाडजोर्नीमा करिब ३००, फिजियोथेरापी सेवामा करिब १ हजार तथा एनेस्थेसिया सेवाको लागि करिब १ हजार बिरामीले विशेषज्ञ सेवा प्राप्त गर्न नसकेको जनाएको छ । त्यसैगरी अस्पतालमा रहेको मृगौला फेल भएका बिरामीहरूको डायलाइसिस गर्ने हेमोडायलाइसिस मेशिन चलाउन सक्ने तालिमप्राप्त चिकित्सकको अभावमा करिब ३०० बिरामीले सेवा प्राप्त गर्न नसकेको जनाएको छ । अस्पताललाई आवश्यक विशेषज्ञ चिकित्सकको पदपूर्ति गरी सेवा प्रवाहलाई चुस्त र गुणस्तरीय बनाउनु पर्दछ ।

हेटौंडा अस्पताल

१६. **मानव अंग प्रत्यारोपण -** वार्षिक स्वीकृत कार्यक्रम बमोजिम हेटौंडा अस्पतालमा यस वर्ष मानव अंग प्रत्यारोपण कार्यक्रम सञ्चालन गर्न रू.८ करोड ८ लाख ५० हजार विनियोजन भई रू.६ करोड ४७ लाख १४ हजार खर्च भएको छ । कार्यक्रम अनुसार विभिन्न मेसिन उपकरण र फर्निचर खरिद

गरिएपनि सो सेवा उपलब्ध हुन सकेको छैन । कार्यक्रम अनुसार खरिद गरिएको मेसिन उपकरणको प्रयोग गराई सेवाग्राहीलाई प्रभावकारी सेवा पुऱ्याउनु पर्दछ ।

१७. **खरिद विधि -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ को उपनियम १ सँग सम्बन्धित अनुसूची-३ खण्ड (घ) मा जटिल प्रविधियुक्त मालसामान निर्माण स्थलमा आपूर्ति गरी जडान गर्ने, परीक्षण सञ्चालन गर्ने र त्यस्तो मालसामानको सञ्चालन गर्न सम्बन्धित सार्वजनिक निकायमा कर्मचारीलाई तालिम दिने व्यवस्था गर्न डिजाइन, आपूर्ति र जडान कार्यमध्ये कुनै दुई कार्य गर्नको लागि समेत डिजाइन, आपूर्ति र जडान कार्य गर्न सकिने व्यवस्था छ । हेटौंडा अस्पतालले मानव अङ्ग प्रत्यारोपण कार्यक्रम सञ्चालन गर्न कार्यक्रममा स्वीकृत बजेटबाट छुट्टाछुट्टै खरिद प्रकृया अवलम्बन गरी रू.१ करोड ५० लाखको मोडुलर ओटी रू.७० लाखको प्रिफ्याब पार्टेशन र फ्लोरिङ रू.४ करोड ५५ हजारको सि.वि.जि. एनलाइजर, यू.एस.जी. मेसिन, सि.एस.एस.डि. इक्यूपमेन्ट लगायतका सामान तथा सेवा खरिदमा रू.६ करोड ४६ लाख ५५ हजार खर्च गरेको छ । नियमावली बमोजिम खरिद प्रक्रिया अवलम्बन नगर्दा सञ्चालन हुन नसकेको कारण सेवाग्राही उक्त सुविधबाट वञ्चित हुनुको साथै अस्पतालको लगानी समेत प्रतिफल विहिन भएको अवस्था छ । अस्पताल व्यवस्थापनले मानव अङ्ग प्रत्यारोपण सेवा सञ्चालन हुन नसक्नुको कारण पहिचान गरी सेवा प्रवाह गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मकवानपुर

१८. **आवश्यकता पहिचान नगरी खरिद -** स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मकवानपुरले भक्तपुर अस्पतालको लागि रू.७८ लाख ६६ हजारमा ईएनटि मेसिन खरिद गरेको छ । उक्त मेसिन खरिद पश्चात जडानको लागि उपलब्ध गराउँदा भक्तपुर अस्पतालले आफूले नै मेसिन खरिद गरिसकेको र तत्काल आवश्यक नरहेको जानकारी दिएपनि उक्त मेसिन ढिलो गरी जडान गरेको देखियो । स्वास्थ्य उपकरण जस्तो अत्यावश्यक सामग्रीको बजेट व्यवस्थापनदेखि खरिदसम्म आवश्यकता पहिचान गरी वास्तविक आवश्यकताको आधारमा मात्र खरिद गर्ने र जडान गर्नुपर्दछ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, लक्ष्य प्रगति, आवधिक योजनाको कार्यान्वयन, दरबन्दी र पदपूर्ति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छ :

➢ मन्त्रालय तथा मातहत १५ निकायको रू.२ करोड ६६ लाख ८२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ६ निकायले रू.५७ लाख ८१ हजार फर्स्यौंट गरेकोले रू.२ करोड ९ लाख १ हजार बाँकी देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

➢ समितितर्फ ७ अस्पताल विकास समिति र १ अन्य सस्थाको रू.९ करोड २९ लाख २२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट १ निकायले रू.७ लाख ३१ हजार फर्स्यौंट गरेकोले रू.९ करोड २१ लाख ९१ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश सरकारको विकास नीति एवं योजना तथा कार्यक्रम तर्जुमा कार्यलाई लक्ष्यउन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रित बनाउन सहयोग र सल्लाह दिनको लागि प्रदेश सरकारको २०७५।२।२९ को निर्णयबाट प्रदेश नीति तथा योजना आयोग गठन भएको छ ।

१. **सरकारी कार्यालय -** आयोगको निम्नानुसार रू.२ करोड ५७ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२५७४९	०	१९	२०	२५७८८

२. **कार्य सम्पादन -** आयोगले बजेट वक्तव्य, वार्षिक लक्ष्य तथा कार्यक्रम अन्तर्गत कार्य सम्पादन गरी हासिल गरेको उपलब्धिहरूमा योजनाको मध्यावधि समीक्षा गरी सोको प्रतिवेदन प्रकाशित गरेको, आयोगको आन्तरिक नियन्त्रण कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको, प्रदेश तथ्याङ्क ऐन र प्रदेश नीति तथा योजना आयोग ऐनको मस्यौदा तर्जुमा गरेको, २८ वटा स्थानीय तहहरूमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गरी कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको, २२ वटा स्थानीय तहहरूमा पोषणमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेपनि प्रस्तावित बजेट र यथार्थ खर्च तथा कार्यक्रमको प्रगति खुलाई प्रतिवेदन र अन्तर-सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकारबाट प्राप्त योजनाको प्रगति विवरण प्रस्तुत गरेको देखिएन । आयोगको गठन आदेशमा उल्लेख भएबमोजिमको कार्य सम्पादन हुनुपर्दछ ।

३. **कार्य अवधि -** प्रदेशस्तरीय विकासको विज्ञता (Think Tank) विज्ञरुपमा रहने यस आयोगका पदाधिकारीहरूको कार्यकाल आयोग गठन तथा सञ्चालन आदेश बमोजिम ४ वर्षको रहने भएपनि विभिन्न कारणले पदाधिकारीहरूले पूर्णकाल काम हुने गरेको देखिएन। २०७५ मा आयोग गठन भएदेखि पटक-पटक आयोगका पदाधिकारीहरू तथा सचिवहरू फेरिदैं आएका छन् । पदाधिकारीहरू तथा सचिवले पूर्ण अवधि काम गरेको देखिँदैन। पाँच वर्षको अवधिमा उपाध्यक्षसहितको ५ पदाधिकारी रहने आयोगमा ७ जना उपाध्यक्ष, १३ सदस्य र १० जना सचिवले आयोगको कार्य जिम्मेवारी सम्हालेकोले आयोगका पदाधिकारीहरू पटक-पटक फेरिएको अवस्था छ ।

४. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ बमोजिम साधरण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा खर्च सिर्जना हुने स्पष्ट आधारसहित बजेट प्रस्ताव गरी विनियोजन गरिएको रकममा खर्चको दक्षता बढाउनुपर्ने उल्लेख छ । प्रदेश सरकारको विनियोजन विधेयक, २०७९ अनुसार २०७९।८० मा प्रदेश नीति तथा योजना आयोगलाई रू.३ करोड ९० लाख १५ हजार बजेट कायम भएकोमा आयोगले यस वर्ष रू.२ करोड ५७ लाख ४९ हजार खर्च गरी ६६ प्रतिशत खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रमको आधारमा बजेटको प्रस्ताव तथा खर्चको स्पष्ट आधार किटान गरी विनियोजन दक्षतामा प्रभावकारिता ल्याउनुपर्ने देखिएको छ ।

५. **आयोजना छनौट र प्राथमिकीकरण** - प्रदेश सरकारको २०७९।८० को बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार आयोजना तथा छनौटसम्बन्धी मापदण्डको पूर्ण पालना नभएको, पूर्व सम्भाव्यत अध्ययन र तयारी विनाका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने गरेको, बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा योजनाबद्ध रूपमा प्राथमिकता प्राप्त कार्यक्रमहरू छनौट नभई विभिन्न स-साना कार्यक्रमहरूमा बजेट विनियोजित हुने गरेको, अन्तरनिकाय समन्वयको अभावमा आयोजना तथा कार्यक्रममा दोहोरोपना कायमै रहेको, प्रादेशिक महत्व तथा प्रदेश गौरवका आयोजनाहरूको छनौटको मापदण्ड तयार नभएको, बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्डको पूर्णपालना नभएको, आयोजना बैङ्कमार्फत् आयोजना तथा कार्यक्रमको प्रस्ताव प्राथमिकिकरण र छनौट नभएको लगायतका समस्याहरू देखिएका छन् । आयोगले यस सम्बन्धमा प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको विकास गरेको भए तापनि त्यसको उपयोग गरी आयोजना छनौट र प्राथमिकीकरणमा प्रभावकारिता ल्याउन सकेको देखिएन । प्रदेश सरकारको नीति तथा योजना तर्जुमा गर्ने र कार्यान्वयनमा सहजीकरण कार्य समेत आयोगबाट गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यलाई बागमती प्रदेशमा आन्तरिकीकरण गर्नका लागि २०७९।०८० मा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका तयार गरी प्रकाशित गरेको र सोको आधारमा प्रदेश सरकारको २०७६।०७७ देखि २०७८।०७९ सम्मको तीन आर्थिक वर्षको बजेट खर्चको अवस्थालाई दिगो विकास लक्ष्यको दृष्टिकोणमा अध्ययन गरी सुधार गर्नुपर्ने विषयहरू सहितको प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छ । साङ्केतीकरण स्रोत पुस्तिकाको मुख्य उद्देश्य प्रदेश सरकारको बजेटमा समाविष्ट सबै आयोजना र कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य अनुसार साङ्केतीकरण गर्नु २०७६।०७७ देखि २०७८।०७९ सम्ममा प्रदेश सरकारले दिगो विकासको लक्ष्य, बजेट विनियोजन र खर्च गरेको अवस्था पत्ता लगाई सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्नु रहेको थियो । उक्त प्रतिवेदनमा लक्ष्य २, ४, ९ र १७ मा लक्ष्य अनुरूप प्रगति उन्मुख रहेको र लक्ष्य १, ७, १० र १३ मा निकै कम बजेट विनियोजन र खर्च हुने गरेको विषय पहिचान गरिएका छन्। तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

७. **प्रदेश आवधिक योजना** - प्रदेशको चालु आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई ध्यानमा राखिएको छ । यद्यपि यसमा नीति, कार्यक्रम र आयोजनाहरूलाई दिगो विकास लक्ष्यअनुरूप साङ्केतीकरण भने गरिएको छैन। आवधिक योजना अवधिको तीन वर्ष २०७६।०७७ देखि २०७८।०७९ सम्मको दिगो विकास लक्ष्य अनुरूप खर्चको अवस्था सम्बन्धी छुट्टै अध्ययन गरी प्रतिवेदन आयोगको वेबसाईटमा राखिएको छ । यो वर्षको प्रतिवेदन तयार गरेको छैन। सरकारको खर्च सूचना प्रणाली (सिग्यास) मा दिगो विकास लक्ष्यको साङ्केतीकरण गर्ने ठाउँ नभएकोले प्रदेश लेखा नियन्त्रक कार्यालयले दिगो विकास अनुसारको खर्चको अवस्था सार्वजनिक गर्न सकेको छैन । यसतर्फ सुधार हुनुपर्दछ ।

८. **आयोजना बैङ्क** - २०७८।०७९ मा प्रदेशको आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली तयार भएको र सोको सञ्चालनको लागि वार्षिक आयोजना छनौट कार्यविधि, २०७८ को दफा १५(२) बमोजिम २०७९।०८० मा आयोजना बैङ्क सञ्चालन दिग्दर्शनको मस्यौदा तर्जुमा गरिएको छ । नेपाल सरकारको मन्त्रिपरिषद्ले स्वीकृत गरेको आयोजनाको वर्गीकरण तथा मापदण्ड, २०८०, तीन तहको सरकारले आयोजना बैङ्क सञ्चालनका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएका

सुझावहरू र राष्ट्रिय योजना आयोगबाट प्राप्त सुझावसमेतलाई ध्यानमा राखी प्रदेशको आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई परिमार्जन गरेर सञ्चालन गर्नुपर्ने अवस्था रहेको देखियो । यसतर्फ समयमानै कार्य सञ्चालन हुनुपर्दछ ।

९. **आवधिक योजनाको समीक्षा -** आयोगको मध्यावधिक प्रगति समीक्षा प्रतिवेदन, २०७९ अनुसार समीक्षा अवधि २०७९ सम्म कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर १०.३ प्रतिशत हुने अनुमान गरेकोमा ६.७४ प्रतिशत, मानव विकास सूचकाङ्कको लक्ष्य ०.६२४ रहेकोमा ०.६६१, औषत आयू ७४.४ रहेकोमा ७२.०१, गरिबीको दर ८ रहेकोमा १५.३, प्रतिव्यक्ति आयको लक्ष्य ३ हजार ०८७ डलर रहेकोमा २ हजार ४३० र युवा साक्षरता शत प्रतिशत रहेकोमा ९७.२२ प्रतिशत पुगेको देखिन्छ । समष्टिगत रूपमा पहिलो आवधिक योजनामा उल्लिखित अधिकांश लक्ष्यहरूको उपलब्धिहरू अपेक्षा गरे बमोजिम प्राप्त हुन सकेको देखिँदैन ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आयोजना छनौट र प्राथमिकीकरण, विनियोजन दक्षता, आवधिक योजनाको समीक्षा लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु -** आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग गठन हुने व्यवस्था छ । प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तीभरण पाउने पदको नियुक्ति, प्रदेश वा स्थानीय तहको संगठित संस्थाको सेवाका उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गरी कर्मचारीको सेवाका शर्तसम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।

१. **सरकारी कार्यालय -** आयोगको यो वर्ष निम्नानुसार रू.११ करोड ८४ लाख २० हजार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
६९०७६	४८१७३	११७१	०	११८४२०

२. **संगठनात्मक संरचना -** बागमती प्रदेशको संगठनात्मक संरचनामा आयोग र निजी सचिवालय मातहत सचिव र सचिवालय मातहत ३ महाशाखा क्रमशः प्रशासन तथा अनुगमन, परीक्षा र नतिजा प्रकाशन तथा सिफारिस महाशाखा रहेका छन् । प्रशासन महाशाखा अन्तर्गत प्रशासन अनुगमन र सूचना प्रकाशन, कानुन, आर्थिक प्रशासन र सूचना प्रविधि गरी ४ वटा शाखाहरू, परीक्षा महाशाखा अन्तर्गत पाठ्यक्रम तथा परीक्षण प्रविधि, परीक्षा सञ्चालन र लिखित परीक्षा नतिजा तयारी गरी ३ वटा शाखा र नतिजा प्रकाशन तथा सिफारिस महाशाखा अन्तर्गत प्रश्न पत्र परिमार्जन, लिखित परीक्षा नतिजा प्रकाशन र अन्तर्वार्ता तथा सिफारिस गरी ३ शाखाहरू रहेका छन् । आयोगले यस वर्ष ४६ वटा निर्णय गरेको छ ।

३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम विनियोजित रकममा खर्चको दक्षता बढाउनुपर्ने व्यवस्था छ । आयोगको वार्षिक कार्यक्रमको लागि चालुतर्फ विनियोजित बजेट रू.१० करोड ९९ लाख ४२ हजारमा रू.६ करोड २५ लाख ७४ हजार खर्च गरेको छ । पूँजीगततर्फ विनियोजित रू.६८ लाख ९८ हजारमा रू.६५ लाख २ हजार रहेको छ । यो खर्च चालुतर्फ ५६.९१ प्रतिशत र पूँजीगततर्फ ९४.२५ प्रतिशत रहेको छ ।

४. **परामर्श -** आयोगको वार्षिक प्रतिवेदन अनुसार यो वर्ष आयोगले प्रदेश सरकारका विभिन्न निकाय तथा प्रदेशभित्रका स्थानीय तहबाट माग भई आएका विषयमा परामर्श उपलब्ध गराएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा र हेटौंडा उप-महानगरपालिकाको कानुन विपरीत गरिएका बढुवा बदरसम्बन्धी निर्णय, स्थानीय सेवाको (गठन तथा सञ्चालन) सम्बन्धमा बनेको विधेयक प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्तसम्बन्धमा बनेको विधेयक, हेटौंडा उपमहानगरपालिका सेवा गठन तथा सञ्चालन ऐन, २०७९, धुलिखेल नगरपालिकाको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७८ मस्यौदा, भरतपुर महानगरपालिकाको स्थानीय सेवा ऐन २०७९, मस्यौदा लगायतका विषयमा परामर्श दिएको छ।

५. **निरीक्षण** - प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा ८० बमोजिम प्रचलित कानुन तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त बमोजिम नियुक्ति बढुवा र विभागीय कारबाही सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय, कार्यालय र स्थानीय तह समेतको निरीक्षण गर्न सक्ने व्यवस्था बमोजिम प्रदेशका ११९ स्थानीय तहमध्ये बुढानिलकण्ठ नगरपालिका तथा भरतपुर महानगरपालिमा समेत १६ पटक निरीक्षण गरेको छ । स्वीकृत दरबन्दी भन्दा बढी पद तथा संख्यामा कर्मचारी करारमा राखेको लगायत कर्मचारी व्यवस्थापन सम्बन्धमा आयोगका सुझाव कार्यान्वयनमा निर्देशन दिएको छ ।

निरीक्षणमा प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ को अनुसूची-३० बमोजिमको विवरण भरी कतिपय पालिकाले माग आकृति फारम नपठाई करारमा कर्मचारी नियुक्ति गरी काम गराएको र दरबन्दी विवरण उपलब्ध नगराएकोले कुल दरबन्दी यकिन हुन नसकेको अवस्था उल्लेख गरेको छ। कर्मचारी सेवा शर्तसम्बन्धी कानुन तयार गर्दा लोकसेवा आयोगको परामर्श माग नगरेको, आयोगबाट विज्ञापन हुँदा पद रिक्त हुँदाहुँदै पदपूर्तिका लागि माग नगरेको समेत उल्लेख छ ।

६. **नतिजा प्रकाशन** - स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्तहरूको सम्बन्धमा व्यवस्था गर्न बनेको प्रतिस्थापन विधेयक, २०७९ मा गरिएको व्यवस्थाले आयोगले लिएको छैटौं तहका सबै परीक्षाहरू स्थगित गरेको छ । छैटौं तहका लागि खुला लिखित प्रतिष्पर्धाबाट पदपूर्ति हुनुपर्ने आयोगले परामर्श दिएकोमा समायोजन ऐन, २०७५ अनुसार ३ आर्थिक वर्षको छैटौं तहका विभिन्न सेवा समूह संख्या १३९ का लागि उम्मेद्वार बनेका ३ हजार ११२ परीक्षार्थीहरूको विभिन्न विज्ञापनको परीक्षा भई नतिजा हालसम्म प्रकाशन भएको छैन ।

आयोगले यो आर्थिक वर्षमा सहायकस्तर पाँचौदेखि नवौंसम्म १ हजार ८८ पदका लागि विज्ञापन गरेकोमा ४२ हजार ६८७ जनाले दरखास्त पेस गरेकोमा २५ हजार २०८ जना सम्मिलित भई ९९७ जना उत्तीर्ण भएको विवरण प्राप्त भएको छ । परीक्षामा फारम भरेकामध्ये ५९ प्रतिशत मात्र सहभागी भएको र मागको ९१ प्रतिशत उत्तीर्ण भएको देखिन्छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा परामर्श, पाठ्यक्रम निर्माण, दरबन्दी तथा पदपूर्ति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - प्रदेश लोकसेवा आयोगको यो वर्ष लगती बेरुजु देखिएको छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भएबमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने गराउने र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारी समेतलाई कानुनी रायसल्लाह उपलब्ध गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

१. **सरकारी कार्यालय -** कार्यालयको यो वर्ष निम्नानुसार रू.१ करोड ३९ लाख ८७ हजार लेखापरीक्षण सम्पन्न गरिएको छः

(रकम रू. हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१३९८३	०	४	०	१३९८७

२. **कार्य जिम्मेवारी -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ वमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको, संविधान एवं कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, कानूनी राय प्रदान गर्ने, प्रदेश सरकार र मातहतका निकायहरूका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका विषयमा अदालतमा पेस गर्ने व्यवस्था मिलाउने, प्रदेश सरकारको व्यवस्थापन अन्तर्गत हिरासत तथा थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा महान्यायधिवक्तासँग समन्वय गरी अनुगमन गर्ने कार्य मुख्य न्यायाधिवक्ताको रहने गरी तोकिएको छ।

उक्त सम्बन्धमा कार्यालयमा मुद्दाको चाप बढ्दै गएको र फर्स्यौटको अवस्था न्यून रहेकोले न्याय निरुपणमा ढिलाई भएको, कार्यविभाजन नियमावलीले व्यवस्था गरेबमोजिम अन्य कार्यहरूको कार्यान्वयन हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ । यसमा कार्यालयले गर्ने समग्र कार्यमा कार्यसम्पादन नियमावलीमा तोकिएका कार्यहरू कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३. **मुद्दाको अवस्था -** कार्यालयद्वारा २०७५।७६ मा जिम्मेवारी सरी आएका ३ वटा गरी जम्मा १५ वटा मुद्दा रहेकोमा ३ वटा फर्स्यौट भई १२ वटा बाँकी रहेको देखिन्छ भने २०७६।०७७ मा जिम्मेवारी सरी आएका १२ वटा समेत जम्मा ५४ वटा मुद्दा रहेकोमा १३ वटा फर्स्यौट भई ४१ वटा बक्यौता रहेकोमा २०७७।०७८ मा ४६ दर्ता भई १३ वटा मुद्दा फर्स्यौट भई ७४ वटा जिम्मेवारी सरी आएकोमा २०७८।०७९ मा ७५ वटा नयाँ दर्ता भई मुद्दाको संख्या १४९ पुगेकोमा ४४ वटा फैसला भई १०५ वटा लगत सरी आएको छ । त्यस्तै, २०७९।०८० मा जिम्मेवारी सरी आएका १०५ र नयाँ दर्ता ७७ समेत गरी १८२ मुद्दा रहेकोमा ५५ मुद्दा फर्स्यौट भई १२७

वटा मुद्दा बाँकी रहेको देखिन्छ । यसरी हेर्दा प्रत्येक वर्ष यस कार्यालयमा मुद्दाको चाप बढदो अवस्थामा रहेको देखिन्छ । सुरुका वर्षहरूमा कर्मचारी समायोजनसँग सम्बन्धित बढी मुद्दाहरू पर्ने गरेकोमा पछिल्ला वर्षहरूमा क्रमशः प्रदेश सरकारको अधिकार क्षेत्र, कर तथा राजस्व, प्रदेश कानुनको सम्बन्धमा न्यायिक पुनरावलोकनका माग सहितका रिट निवेदनहरू पर्ने गरेको देखिन्छ ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी तथा मुद्दाको अवस्थामा व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजु** - कार्यालयतर्फ यो वर्ष लगती बेरुजु देखिएको छैन ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानून निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ । जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानून निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन् ।

१. **संवैधानिक र कानूनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधीनमा रही गाउँपालिका वा नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानून बनाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कुल ७५३ स्थानीय तहमध्ये बागमती प्रदेशमा ११९ रहेका छन् । गाउँपालिकामा ५ देखि १५ सम्म वडा तथा नगरपालिकामा ९ देखि ३५ सम्म वडा रहने गरी स्थानीय तहको गठन हुने व्यवस्था छ । स्थानीय तहको संख्या सीमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा ३ महानगरपालिका, १ उप-महानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका रहेका छन् ।

४. **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानून उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानून स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानून निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने व्यहोरा गत वर्ष औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकुल हुने गरी आर्थिक कार्यविधिसम्बन्धी कानून बनाउन बाँकी रहेको छ । आर्थिक कारोवार सञ्चालन गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार गरेको देखियो। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानून बनाई लागू गर्नुपर्दछ ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ११९ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रू.४२ अर्ब ६२ करोड ४३ लाख र यो वर्षको आय रू.१ खर्ब १७ अर्ब ५१ करोड ३८ लाख मध्ये रू.१ खर्ब २२ अर्ब २७ करोड ९५ लाख खर्च भएको छ । कुल खर्चमध्ये चालु खर्च रू.५९ अर्ब ८३ करोड ४४ लाख, पूँजीगत खर्च रू.४४ अर्ब ७१ करोड ५७ लाख र वित्तीय तथा अन्य खर्च रू.१७ अर्ब ७२ करोड ९३ लाख गरी रू.३७ अर्ब ८५ करोड ५७ लाख आगामी वर्षको लागि जिम्मेवारी सरेको छ ।

(रकम रू. लाखमा)

क सं	विवरण	संख्या	लेखापरीक्षण अङ्क	बेरुजु		शुरु मौज्दात	संघीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बांडफांट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पूँजीगत खर्च	वित्तीय खर्च	कुल खर्च	मौज्दात बाँकी
				रकम	प्रतिशत												
१	महानगरपालिका	३	४१४५१३	३०२७	०.७३	१७३६६७	५४४२१	४२६०	३६०५१	८५९६०	२७८३५	२०८५२७	९२१०१	८३४२१	३०४६५	२०५९८६	१७६२०७
२	उप महानगरपालिका	१	५६५५७	१०६३	१.८८	१२४४२	१०९९०	८५६	४५३५	२६१८	६३८९	२५३८८	१४०८०	१०६१३	६४७६	३११६९	६६६१
३	नगरपालिका	४१	१०१९२४०	१७८८४	१.७५	१६८६७३	२१८३४३	२७६३१	९९६०३	६६४३८	८१३६०	४९३३७५	२४८८८५	२०५७३२	७१२४८	५२५८६५	१३६१८४
४	गाउँपालिका	७४	९०७६२३	१७२८२	१.९०	७१४६१	२४३५४२	४४७७४	७२२७५	१५८८८	७१३६९	४४७८४८	२४३२७८	१४७३९१	६९१०४	४५९७७५	५९५३५
	जम्मा	११९	२३९७९३३	३९२५६	१.६४	४२६२४३	५२७२९६	७७५२१	२१२४६४	१७०९०४	१८६९५३	११७५१३८	५९८३४४	४४७१५७	१७७२९३	१२२२७९५	३७८५८७

उपरोक्त संघीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकम समेत समावेश छ । यससम्बन्धी विस्तृत विवरण **अनुसूची-१४** मा समावेश छ ।

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष संघीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

क्र सं	अनुदानको किसिम	स्वीकृत बजेट रु			यथार्थ हस्तान्तरण रु		
		संघ	प्रदेश	जम्मा	संघ	प्रदेश	जम्मा
१	समानीकरण	१८२६०६००	१७५००००	२००१०६००	१६८९१२५५	१७४३६१३	१८६३४८६८
२	सशर्त	३५७३०३५७	३३११२८८	३९०४१६४५	३५१३७९०९	२९५००८६	३८०८७९९५
३	विशेष	१४२१२००	७८९३००	२२१०५००	१२९५३८२	६६४९३४	१९६०३१९
४	समपुरक	११४५०००	२८२४०२५	३९६९०२५	१०१३१३२	२३०६३३७	३३१९४६८
५	अन्य	०		०	५०००		५०००
	जम्मा	**५६५५७१५७**	**८६७४६१३**	**६५२३१७७०**	**५४३४२६७८**	**७६६४९७०**	**६२००७६५०**

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८७.६४ प्रतिशत तथा प्रदेश सरकारबाट १२.३६ प्रतिशत हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ११९ स्थानीय तहको २०७९।८० को कुल आन्तरिक आय रू.१७ अर्ब ९ करोड ४ लाख ३६ हजार रहेको छ । स्थानीय तहको आन्तरिक आयले चालु खर्च समेत धान्न नसकेको अवस्था छ। स्थानीय तहको राजस्व क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ ।

९. **खर्च व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा बजेट पेश र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ । बागमती प्रदेशमा रहेका ११९ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रू.५९ अर्ब ८३ करोड ४४ लाख १८ हजार (४८.९३ प्रतिशत), पूँजीगत खर्च रू.४४ अर्ब ७१ करोड ५७ लाख २६ हजार (३६.५७ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रू.१७ अर्ब ७२ करोड ९३ लाख ११ हजार (१४.५० प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम पालिकाले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन ।

१०. **प्रदेश र स्थानीय सरकार बीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा पालिकाले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले पालिकामा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, पालिकाले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, पालिकाले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने, सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र पालिकाबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११९ पालिकाको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ७ हजार ०७७ दफा र लगति १३ हजार २३० दफाबाट रू.६ अर्ब २५ करोड ७२ लाख ३२ हजार बेरुजु औंल्याइएकोमा पालिकाहरूबाट प्राप्त प्रतिकृयाबाट रू.२ अर्ब ३३ करोड १५ लाख ९३ हजार बेरुजु फर्स्यौंट भई रू.३ अर्ब ९२ करोड ५६ लाख ३९ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ ।

(रकम रू. हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**७९७४८४**	**२०.३१**
२. नियमित गर्नुपर्ने	**२६४६७०३**	**६७.४२**
२.१ अनियमित भएको	१४०९४३४	३५.९०
२.२ प्रमाण कागज पेस नभएको	१२२७९०५	३१.२८
२.३ शोधभर्ना नलिएको	९३६४	०.२४
३. पेश्की	**४८१४५२**	**१२.२६**
जम्मा बेरुजु	**३९२५६३९**	**१००.००**

द्रष्टव्यः १. उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन।

लेखापरीक्षण भएका पालिकामध्ये पालिकाको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छः

(रकम रू. हजारमा)

क सं	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेश्कीसमेत बेरुजु	बेरुजुमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेश्की बाहेक बेरुजु प्रतिशत
१	महानगरपालिका	३	४१४५१२८९	३०२६५६	१८७२६४	०.७३	०.२८
२	उप-महानगरपालिका	१	५६५५६४९	१०६३४०	२५४४६	१.८८	१.४३
३	नगरपालिका	४१	१०१९२४०१५	१७८८३७२	१८०५१९	१.७५	१.५८
४	गाउँपालिका	७४	९०७६२३०४	१७२८२७१	८८२२४	१.९०	१.८१
जम्मा		**११९**	**२३९७९३२५७**	**३९२५६३९**	**४८१४५३**	**१.६४**	**१.४४**

१२. **लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत व्यहोरा देखिएका छन् ।
- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, एकीकृत वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरु प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरु स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौंट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ ।

- **सङ्गठन संरचना तथा मानव संशाधन** - कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्स्फर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुनमा व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत व्यहोरा देखिएका छन् ।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम**- केही स्थानीय तहमा तोकिएको समयमा बजेट पेस नभएको, बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ ।

- **आन्तरिक आय** - लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी रकम असुल नगरेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौता अनुसारको रकम असुल नगरेको, प्रदेश कानुन अनुसार राजस्व बाँडफाँट नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका व्यहोरा देखिएका छन् ।

- **खर्च व्यवस्थापन** – आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेश्की रकम म्याद भित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरुको पारिश्रमिक तथा अन्य रकमहरु बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत व्यहोरा देखिएका छन् ।

- **अभिलेख तथा अनुगमन** - स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौट हुन बाँकी पेश्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ । लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे

नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका व्यहोराहरु सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ ।

१३. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - बागमती प्रदेशका ११९ पालिकाको गत वर्षसम्मको कुल बेरुजु रू.२९ अर्ब ३२ करोड ७५ लाख १६ हजार रहेकोमा यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रू.३ अर्ब ८७ करोड १५ लाख ४३ हजार फर्स्यौंट भई रू.२५ अर्ब ४५ करोड ५९ लाख ७३ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रू.३ अर्ब ९२ करोड ५६ लाख ३९ हजार समेत रू.२९ अर्ब ३८ करोड १६ लाख १२ हजार बेरुजु बाँकी रहेको छ ।

१३.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन पालिकाको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश पालिकाहरूले यससम्बन्धी कानून निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ ।

१३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ । पालिकाले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानूनी व्यवस्था गरी बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ ।

परिच्छेद

8



लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

परिच्छेद-४

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका का सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ उपदफा ५ मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश गर्ने व्यवस्था छ । महालेखापरीक्षकले गत वर्षसम्म प्रदेशका ५ वटा प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा दफाबार छलफलसमेत सम्पन्न भएको छ । समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयन नहुनाले सोही प्रकृतिका बेरुजु दोहोरिएको अवस्था छ । सार्वजनिक लेखा समितिको प्रतिवेदन प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट -** यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ २०६ कार्यालयको लेखापरीक्षण भएकोमा १७६ कार्यालयको सैद्धान्तिक दफा १ हजार ३८७ र लगती दफा १ हजार ४६५ बाट रू.९७ करोड ९३ लाख २७ हजार बेरुजु देखिएकोमा २२ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा १० र लगती दफा २६३ को रू.११ करोड २ लाख ९० हजार फर्स्यौंट भई यो वर्षको रू.८६ करोड ९० लाख ३७ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १४ निकायको सैद्धान्तिक दफा १६० र लगती दफा १७४ बाट रू.९ करोड ६६ लाख ४३ हजार बेरुजु देखिएकोमा ३ निकायको लगती दफा १३ को रू.७ लाख ६६ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई यो वर्षको रू.९ करोड ५८ लाख ७७ हजार बाँकी रहेको छ । कानुनबमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **सम्परीक्षण -** गत वर्ष प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको रू.३ अर्ब ३५ करोड २ लाख ५० हजार बेरुजु रहेकोमा रू.३ करोड ४६ लाख ३ हजार सम्परीक्षण भई रू.३ अर्ब ३१ करोड ५६ लाख ४७ हजार बेरुजु बाँकी रहेको छ ।

४. **बेरुजु न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद-५

भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानुन तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, तथा परिचालनलगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण -** प्रदेश सरकारको कार्य जिम्मेवारी पुरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सो को कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोत साधन व्यवस्थापन गरी अनुगमनसमेत गर्नुपर्दछ ।

२. **कानुन तर्जुमा -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूचीअनुसारका आवश्यक सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

३. **कानुन कार्यान्वयन -** प्रचलित कानुनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानुन पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

४. **सेवा/सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनअनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ । कानुनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

संगठन तथा मानव संसाधन व्यवस्थापन

५. **संरचना हेरफेर**- प्रदेश मन्त्रालयहरूको संख्या तथा संरचना पटक पटक थपघट हुँदा कार्य जिम्मेवारीमासमेत हेरफेर भएको छ । जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने तथा जिम्मेवारी र जवाफदेहिता कमजोर हुनेलगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ।

६. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा यथासमयमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माणलगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ।

७. **संगठन संरचना** – संघीय तथा पालिकाबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय

तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

८. **सेवा प्रवाह सार्वजनिक** - सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापनलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

संघीयता कार्यान्वयन

९. **अन्तरतह समन्वय** – नेपालको संविधानको धारा २३५ मा संघ, प्रदेश र पालिकाबीच समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने व्यवस्था छ । विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ अनुसार संघ, प्रदेश तथा पालिकाबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र पालिकाबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ ।

१०. **प्रदेश समन्वय परिषद्** – प्रदेश तथा पालिकाले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनुपर्दछ ।

बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा** - क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागितालगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ ।

१२. **बजेट अनुशासन** - पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमासमेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१३. **विनियोजन दक्षता** - बजेटअनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन । क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजनाअनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१४. **अनुदान उपयोग** - उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धनलगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गरिनुपर्दछ । अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परीपालन बारे अनुगमन गर्नुपर्दछ । अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गरिनुपर्दछ ।

१५. **चालु खर्च नियन्त्रण** - प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ । छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्दछ ।

१६. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रम व्यवस्थापन

१७. **आयोजना व्यवस्थापन** - प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्दछ । दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट बीच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्दछ ।

१८. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन** – संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनुपर्दछ । सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गर्नुपर्दछ ।

खरिद व्यवस्थापन

१९. **नर्म्स -** निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तनअनुसार अद्यावधिक गर्नुपर्दछ । साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्दछ।

२०. **खरिद सम्झौता कार्यान्वयन -** खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वयलगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउनेलगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

२१. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२२. **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिँदा यस्तो परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

२३. **गुणस्तर परीक्षण -** सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजनाअनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ । सम्पन्न आयोजनाको प्रभावसमेत मूल्याङ्कन गर्नुपर्दछ ।

भौतिक पूर्वाधार विकास

२४. **पूर्वाधार विकास -** प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्यलगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्दछ । त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ ।

२५. **जोखिम न्यूनीकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

२६. **सम्पत्ति व्यवस्थापन -** संघबाट प्रदेश तथा पालिकामा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ ।

राजस्व परिचालन

२७. **आन्तरिक राजस्व -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्कलगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

२८. **विभाज्य कोष** – संघ, प्रदेश र पालिकाको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ ।

वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

२९. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यात्मक स्वतन्त्रता र सक्षमता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ ।

३०. **आचारसंहिता पालना** – सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसायलगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ ।

३१. **प्रतिवेदन कार्यान्वयन -** आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका व्यहोराको सम्बन्धमा सयममा कारबाही टुङ्गो लगाई आर्थिक अनुशासन कायम गर्नु, गराउनु पर्दछ ।

३२. **अनुगमन र मूल्याङ्कन -** प्रदेशको वित्तीय प्रशासन र आर्थिक अनुशासन सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्तअनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची – १
(प्रतिवेदनको परिच्छेद-२ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
२०७९।८०

(रकम रू. हजारमा)

सि.नं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजु भएका कार्यालयको संख्या	बेरुजु रकम
१	प्रदेश सभा सचिवालय	१	१	२४८६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	०	०
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	१	११५६३
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	०	०
५	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (साविक)	१५	४	३४६९
६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३७	१८	२६७२३९
७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२२	१८	१७३४३१
८	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (साविक)	२	०	०
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	१६	१५	२४०४५०
१०	युवा तथा खेलकुद मन्त्रालय (साविक)	१	१	७०
११	वन तथा वातावरण मन्त्रालय	२५	१६	७०४९५
१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१४	५	५५०५
१३	संस्कृति तथा पर्यटन मन्त्रालय	४	३	९८२
१४	सामाजिक विकास मन्त्रालय	५	५	७२४४६
१५	स्वास्थ्य मन्त्रालय	४४	११	२०९०१
१६	प्रदेश नीति तथा योजना आयोग	१	०	०
१७	प्रदेश लोक सेवा आयोग	१	०	०
१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	०	०
	जम्मा	२०६	९८	८६९०३७

अनुसूची – १(क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण
२०७९।८०

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या
१.	**प्रदेश सभा सचिवालय**	**१**
१.१.	प्रदेश सभा सचिवालय	१
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**	**१**
२.१	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१
२.२	प्रदेश सुशासन केन्द्र, ललितपुर	०
२.३	जिल्ला समन्वय समिति (१३)	०
३	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**२**
३.१	मन्त्रालय	१
३.२	सञ्चार रजिस्टारको कार्यालय	१
३.३	जिल्ला प्रहरी कार्यालयहरू (१६)	०
४	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**१४**
४.१	मन्त्रालय	१
४.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
४.३	प्रदेश लेखा इकाई कार्यालयहरू	१२
५.	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय** (साविक)	**१५**
५.१	मन्त्रालय	१
५.२	निर्देशनालय	१
५.३	घरेलु तथा साना उद्योग कार्यालयहरू	१३
६	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**	**३७**
६.१.	मन्त्रालय	१
६.२.	निर्देशनालयहरू	२
६.३.	कृषि ज्ञान केन्द्रहरू	७
६.४.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू	८
६.५.	मत्स्य विकास केन्द्रहरू	२
६.६.	उपोष्ण प्रदेशीय बागबानी विकास केन्द्र, त्रिशुली	१
६.७.	कन्दमूल तरकारी विकास केन्द्र, सिन्धुली	१
६.८.	किम्बु नर्सरी विकास केन्द्र, भण्डारा	१
६.९.	कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, भण्डारा	१
६.१०.	पशु सेवा तालिम केन्द्र, लगनखेल	१
६.११.	पुष्प विकास केन्द्र, गोदावरी	१
६.१२.	प्रजनन पिढी विजकोया श्रोत केन्द्र, धुनीवेशी	१
६.१३	बाखा विकास फार्म, चिल्लाङ्ग	१

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या
६.१४	बाली संरक्षण प्रयोगशाला, हरिहरभवन	१
६.१५	बिउ विजन प्रयोगशाला, हेटौडा	१
६.१६	मसलाबाली विकास केन्द्र, पाचँखाल	१
६.१७	माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौडा	१
६.१८	मौरीपालन विकास कार्यक्रम, भण्डारा	१
६.१९	व्यवसायिक ग्रेनेज केन्द्र, चित्तापोल	१
६.२०	शितोष्ण फलफूल रुटस्टक विकास केन्द्र, बोच	१
६.२१	शितोष्ण बागबानी नर्सरी केन्द्र, दामन	१
६.२२	पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना आयोजना कार्यान्वयन इकाई	१
७	**खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय**	**२२**
७.१	मन्त्रालय	१
७.२	खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू	५
७.३	जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालयहरू	१३
७.४	भूमिगत र लिफ्ट जलस्रोत तथा सिँचाइ कार्यालय	२
७.५	नारायणी लिफ्ट खगेरी सिंचाइ व्यवस्थापन डिभिजन कार्यालय, चितवन	१
८	**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय** (साविक)	**२**
८.१	मन्त्रालय	१
८.२	सहकारी प्रशिक्षालय, भरतपुर	१
८.३	मालपोत कार्यालय (२३)	
८.४	नापी कार्यालय (२३)	
९	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**१६**
९.१	मन्त्रालय	१
९.२	निर्देशनालय	१
९.३	पूर्वाधार बिकास कार्यालयहरू	६
९.४	शहरी विकास तथा भवन कार्यालयहरू	५
९.५	प्रादेशिक सडक डिभिजन कार्यालयहरू	२
९.६	प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना	१
१०	**संस्कृति तथा पर्यटन मन्त्रालय**	**४**
१०.१	मन्त्रालय	१
१०.२	पर्यटन विकास आयोजना, मकवानपुर	१
१०.३	उपत्यका पर्यटन कार्यालय	१
१०.४	पर्यटन विकास आयोजना, इकाइ कार्यालय	१
११	**वन तथा वातावरण मन्त्रालय**	**२५**
११.१	मन्त्रालय	१
११.२	निर्देशनालय	१
११.३	डिभिजन वन कार्यालयहरू	१५
११.४	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	७

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय संख्या
११.५	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ललितपुर	१
१२	**युवा तथा खेलकुद मन्त्रालय** (साविक)	**१**
१२.१	मन्त्रालय	१
१२.२	प्रदेश युवा परिषद्	
१२.३	प्रदेश खेदलकुद विकास परिषद्	
१३	**श्रम, रोजगार तथा यातायात मन्त्रालय**	**१४**
१३.१	मन्त्रालय	१
१३.२	यातायात व्यवस्था कार्यालयहरू	११
१३.३	व्यवसायिक तथा सीप विकास तालिम केन्द्र	२
१४	**सामाजिक विकास मन्त्रालय**	**५**
१४.१	मन्त्रालय	१
१४.२	निर्देशनालय	१
१४.३	सार्वजनिक निर्माण कार्यान्वयन इकाई	२
१४.४	शिक्षा तालिम केन्द्र	१
१५	**स्वास्थ्य मन्त्रालय**	**४४**
१५.१	मन्त्रालय	१
१५.२	निर्देशनालय	१
१५.३	स्वास्थ्य तालिम केन्द्र, काठमाडौं	१
१५.४	आयुर्वेद औषधि उत्पादन केन्द्र	१
१५.५	स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र	१
१५.६	जिल्ला आयुर्वेद कार्यालय	१३
१५.७	स्वास्थ्य कार्यालय	१३
१५.८	टोखा अस्पताल, काठमाण्डौं	१
१५.९	बकुलहर अस्पताल, चितवन	१
१५.१०	बज्रवाराही अस्पताल, ललितपुर	१
१५.११	मेथिनकोट अस्पताल, काभ्रेपलाञ्चोक	१
१५.१२	जनस्वास्थ्य प्रयोगशाला, काभ्रेपलाञ्चोक	१
१५.१३	अस्पतालहरू (८)	८
१६	**प्रदेश नीति तथा योजना आयोग**	**१**
१६.१	प्रदेश नीति तथा योजना आयोग	१
१७	**प्रदेश लोक सेवा आयोग**	**१**
१७.१	प्रदेश लोक सेवा आयोग	१
१८	**मुख्य न्यायाधिवक्ता कार्यालय**	**१**
१८.१	मुख्य न्यायाधिवक्ता कार्यालय	१
	जम्मा	**२०६**

अनुसूची - २

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

प्रदेश कार्यालयको लेखापरीक्षण रकम

२०७९।८०

(रकम रू. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१.	प्रदेश सभा सचिवालय	१	१८६६०६	१	१८६६०६	१	२८०	१	२८०	१	२४२२	१	२४२२	०	०	०	०	१८९३०८
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	३४९९५४	१	३४९९५४	१	२०५५	१	२०५५	१	२६६४	१	२६६४	१	२५४५	१	२५४५	३५७२१८
३.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	५०२३६२	२	५०२३६२	२	१२३०१	२	१२३०१	२	५६८९४	२	५६८९४	२	२९३३७९	२	२९३३७९	८६४९३६
४.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१४	८४१०५८५	१४	८४१०५८५	१४	७३७४५७८	१४	७३७४५७८	१४	१५९०३	१४	१५९०३	१४	१३९५५	१४	१३९५५	१५८१५०२१
५.	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (साविक)	१५	३०५५२८	१५	३०५५२८	१५	३२७४५३	१५	३२७४५३	१५	२०४०७	१५	२०४०७	१५	१९४९४७	१५	१९४९४७	८४८३३५
६.	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३७	२६७०७६०	३७	२६७०७६०	३७	१३१०९८१	३७	१३१०९८१	३७	१३२२१४	३७	१३२२१४	३७	१०३९६८	३७	१०३९६८	४२१७९२३
७.	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२२	७७४२९५१	२२	७७४२९५१	२२	१३४१७	२२	१३४१७	२२	८२६७२०	२२	८२६७२०	२२	१४८७३	२२	१४८७३	८५९७९६१
८.	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (साविक)	२	१०६३६६	२	१०६३६६	२	५१८२६२८	२	५१८२६२८	२	८५३	२	८५३	०	०	०	०	५२८९८४७
९.	भौतिक पूर्वाधार विकास मन्त्रालय	१६	१५३७२०९५	१६	१५३७२०९५	१६	६२२३८०२	१६	६२२३८०२	१६	१५९७६५७	१६	१५९७६५७	१६	५४१०	१६	५४१०	२३१९८९६४
१०.	युवा तथा खेलकुद मन्त्रालय (साविक)	१	७९२८७६	१	७९२८७६	१	१३६७	१	१३६७	१	३८७०	१	३८७०	१	५७३०	१	५७३०	८०३८४३
११.	वन तथा वातावरण मन्त्रालय	२५	२५५४६२३	२५	२५५४६२३	२५	१५९६१८	२५	१५९६१८	२५	१५८६८२	२५	१५८६८२	२५	२७९९१४	२५	२७९९१४	३१५२८३७
१२.	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१४	५०४३५४	१४	५०४३५४	१४	६६६४७८९	१४	६६६४७८९	१४	२००१६	१४	२००१६	०	०	०	०	७१८९१५९
१३.	संस्कृति तथा पर्यटन मन्त्रालय	४	१२५६७४८	४	१२५६७४८	४	४२८	४	४२८	४	६२४१६	४	६२४१६	१	१००	१	१००	१३१९६९२
१४.	सामाजिक विकास मन्त्रालय	५	२८६२४३९	५	२८६२४३९	५	४३०६३	५	४३०६३	५	२१४३३२	५	२१४३३२	५	३३४५६९	५	३३४५६९	३४५४४०३
१५.	स्वास्थ्य मन्त्रालय	४४	३१३४९१३	४४	३१३४९१३	४४	३२५६७	४४	३२५६७	४४	९२५५५	४४	९२५५५	४४	२७५०९४	४४	२७५०९४	३५३५१२९
१६.	प्रदेश नीति तथा योजना आयोग	१	२५७४९	१	२५७४९	०	०	०	०	१	१९	१	१९	१	२०	१	२०	२५७८८
१७.	प्रदेश लोक सेवा आयोग	१	६९०७६	१	६९०७६	१	४८१७३	१	४८१७३	१	११७१	१	११७१	०	०	०	०	११८४२०
१८.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१३९८३	१	१३९८३	०	०	०	०	१	४	१	४	०	०	०	०	१३९८७
	जम्मा	**२०६**	**४६८६१९६८**	**२०६**	**४६८६१९६८**	**२०४**	**२७३९७५००**	**२०४**	**२७३९७५००**	**२०६**	**३२०८७९९**	**२०६**	**३२०८७९९**	**१८४**	**१५२४५०४**	**१८४**	**१५२४५०४**	**७८९९२७७१**

अनुसूची-३
(प्रतिवेदनको परिच्छेद-१ दफा १ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण
२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	वक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	अस्पताल विकास समितिहरू	८	८	०	८	३६१४०५७	-
२	प्रदेश सुशासन केन्द्र ललितपुर	१	१	०	१	१२२१०५	-
३	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	१	०	१	४९७४१२	-
४	पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट	१	१	०	१	१५८५०४	-
५	प्रदेश खेलकुद विकास परिषद्, हेटौडा	१	१	०	१	५८३१५६	-
६	प्रदेश युवा परिषद्, मकवानपुर	१	१	०	१	१०६९२०	-
७	प्रदेश दुग्ध विकास बोर्ड	१	१	०	१	१५३२७७	-
	जम्मा	**१४**	**१४**	**०**	**१४**	**५२३५४३१**	**-**

अनुसूची - ४

(प्रतिवेदनको परिच्छेद १ दफा १.२ सँग सम्बन्धित)

आय-व्यय हिसाब तयार गर्ने अन्य संस्था तथा समितिका लेखापरीक्षण रकम बेरुजु र सञ्चालन नतिजा २०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	संस्थाको नाम	जिल्ला	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तिको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	**अस्पताल विकास समितिहरू**			**३६१४०५७**	**८२०९१**	**१५०८२९**	**८९३५४६**	**६८९०४५**	**२५८२०४**	**१८४०७९५**	**१९०९८८**	**८४९७०८**	**४११४७३**	**३२१०९३**	**१७७३२६२**	**६७५३३**	**२१८३६२**
१.१	हेटौडा अस्पताल विकास समिति	मकवानपुर	२०७९।८०	१२६४११२	७१५४७	७१८२९	४३२२००	२१११२७	०	६४३३२७	०	४०९६५८	२१११२७	०	६२०७८५	२२५४२	९४३७१
१.२	सिन्धुली अस्पताल विकास समिति	सिन्धुली	२०७९।८०	३१०६४३	७६२	१०३०	२५५४१	१२९५०६	४७९	१५५५२५	१५३२	३३१८८	२५८५५	९४५४३	१५५११८	४०८	१४३७
१.३	रामेछाप अस्पताल विकास समिति	रामेछाप	२०७९।८०	१६६६५७	२२२	५३९७	१८८०२	६५३९७	३०	८४२२९	६५३९७	१६५००	०	५३०	८२४२८	१८०१	७१९८
१.४	रसुवा अस्पताल विकास समिति	रसुवा	२०७९।८०	८८०६६	११६१	१९४६	०	३६०६८	८३२४	४४३९२	०	४३६७४	०	०	४३६७४	७१८	२६६४
१.५	भक्तपुर अस्पताल विकास समिति	भक्तपुर	२०७९।८०	९५३८७८	७०६७	५६८२१	३१२९१८	३३९१६	१५२०९७	४९८९३१	११७५५७	१४७७१५	१३४६७५	५५०००	४५४९४७	४३९८४	१००८०५
१.६	धादिङ्ग अस्पताल विकास समिति	धादिङ	२०७९।८०	३८३१८५	०	४१६७	८३७९६	१०६५५९	१६६३	१९२०१९	०	७६९८२	७६२५	१०६५५९	१९११६६	८५२	५०२०
१.७	त्रिशुली अस्पताल विकास समिति	नुवाकोट	२०७९।८०	२३३८४३	३७०	५३२५	०	३०३२४	८४८९८	११५२२२	०	११८६२१	०	०	११८६२१	-३३९८	१९२६
१.८	चौतारा अस्पताल विकास समिति	सिन्धुपाल्चोक	२०७९।८०	२१३६७४	९६२	४३१४	२०२९०	७६१४७	१०७१३	१०७१५०	६५०२	३३७०	३२१९१	६४४६०	१०६५२४	६२६	४९४०
२	**समिति तथा अन्य संस्था तर्फ**			**१६२१३७४**	**१३७९६**	**७६२३६**	**२१८९९**	**४१६०८७**	**३५९२८०**	**७९७२६६**	**२४५७०३**	**४०४०२६**	**१०३३९४**	**७०९८६**	**८२४१०८**	**-२६८४२**	**४९३९४**
२.१	प्रदेश सुशासन केन्द्र ललितपुर	ललितपुर	२०७९।८०	१२२१०५	०	२६७	०	६०५०३	६७९	६११८२	६०५०३	०	०	४२०	६०९२३	२५८	५२६
२.२	प्रदेश युवा परिषद्, मकवानपुर	मकवानपुर	२०७९।८०	१०६९२०	३२६	०	०	५२८६	४८१७५	५३४६०	०	४८३१५	२७०६	२४३९	५३४६०	०	०
२.३	प्रदेश खेलकुद विकास परिषद्, हेटौडा	मकवानपुर	२०७९।८०	५८३१५६	०	५६३	१३६७	८०५५	२८५३७०	२९४७९२	०	२४६६५९	१८९९	३९८०५	२८८३६४	६४२८	६९९२
२.४	पशुपति चौलागाई स्मृति अस्पताल, चरिकोट	दोलखा	२०७९।८०	१५८५०४	१०१००	७१३८	२०५३२	५८७३१	०	७९२६३	३३५०३	४०६४०	०	५०९९	७९२४१	२२	७१५९
२.५	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हैटौडा	मकवानपुर	२०७९।८०	४९७४१२	०	५२४३३	०	२१०१३३	२१०८६	२३१२१९	७८३१८	६८४११	९८७८८	२०६७६	२६६१९३	-३४९७३	१७४६०
२.६	प्रदेश दुग्ध विकास बोर्ड	मकवानपुर	२०७९।८०	१५३२७७	३३६०	१५८३४	०	७३३७९	३९७१	७७३५०	७३३७९	०	०	२५४८	७५९२७	१४२३	१७२५७
	कूल जम्माः			**५२३५४३१**	**९५८७७**	**२२७०६५**	**९१५४४६**	**११०५१३१**	**६१७४८४**	**२६३८०६१**	**४३६६९०**	**१२५३७३३**	**५१४८६७**	**३९२०७९**	**२५९७३७०**	**४०६९१**	**२६७७५६**

अनुसूची - ५

(प्रतिवेदनको परिच्छेद २ दफा ४.६ सँग सम्बन्धित)

पेश्की बाँकीको विवरण

२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	गतसम्मको पेश्की	यो वर्ष फर्स्यौंट	गत वर्ष सम्मको बाँकी	यो वर्ष थप	कुल जम्मा
१.	सरकारी कार्यालय तर्फ	८०७४३०	०	८०७४३०	१८१५८२	९८९०१२
२.	समिति तथा अन्य संस्था तर्फ	१९७५	०	१९७५	३७६५	५७४०
जम्मा		**८०९४०५**	**०**	**८०९४०५**	**१८५३४७**	**९९४७५२**

अनुसूची - ६

(प्रतिवेदनको परिच्छेद २ दफा ४.७ सँग सम्बन्धित)

कुल असुली विवरण
२०७९।८०

(रकम रू. हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कूल जम्मा
१.	**सरकारी कार्यालय तर्फ**	**२७२०२**	**४४९२४**	**१२५६**	**७३३८२**
१.१	प्रदेश सभा सचिवालय	१०११	०	०	१०११
१.२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	०	०	०
१.३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१२	०	०	१२
१.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	०	०	०	०
१.५	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (साविक)	१७	१	४००	४१८
१.६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	४४	९३	३३०	४६७
१.७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	१६९९	०	५२६	२२२५
१.८	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (साविक)	०	०	०	०
१.९	भौतिक पूर्वाधार विकास मन्त्रालय	२२४३४	३५०	०	२२७८४
१.१०	युवा तथा खेलकुद मन्त्रालय (साविक)	०	०	०	०
१.११	वन तथा वातावरण मन्त्रालय	२२६	४४१७३	०	४४३९९
१.१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	४२	०	०	४२
१.१३	संस्कृति तथा पर्यटन मन्त्रालय	४०६	०	०	४०६
१.१४	सामाजिक विकास मन्त्रालय	१८१	०	०	१८१
१.१५	स्वास्थ्य मन्त्रालय	११०१	३०७	०	१४०८
१.१६	प्रदेश नीति तथा योजना आयोग	०	०	०	०
१.१७	प्रदेश लोक सेवा आयोग	२९	०	०	२९
१.१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०	०
२.	**समिति तथा अन्य संस्था तर्फ**	**१८८२**	**०**	**७०६७**	८९४९
	जम्मा	**२९०८४**	**४४९२४**	**८३२३**	**८२३३१**

अनुसूची - ७

(प्रतिवेदनको परिच्छेद २ दफा ४.८ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०७९।८०

(रकम रू. हजारमा)

सि.नं.	मन्त्रालय/निकायको नाम	असूल गर्नुपर्ने		असूल भएको		असूल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१.	**सरकारी कार्यालय तर्फ**	**५०**	**२७०**	**०**	**०**	**२७०**
१.१	प्रदेश सभा सचिवालय	०	०	०	०	०
१.२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	०	०	०	०
१.३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	०	०	०	०	०
१.४	आर्थिक मामिला तथा योजना मन्त्रालय	०	०	०	०	०
१.५	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (साविक)	१	२१	०	०	२१
१.६	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	११	२९	०	०	२९
१.७	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	३४	१७१	०	०	१७१
१.८	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (साविक)	०	०	०	०	०
१.९	भौतिक पूर्वाधार विकास मन्त्रालय	२	२२	०	०	२२
१.१०	युवा तथा खेलकुद मन्त्रालय (साविक)	०	०	०	०	०
१.११	वन तथा वातावरण मन्त्रालय	१	१	०	०	१
१.१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	०	०	०	०	०
१.१३	संस्कृति तथा पर्यटन मन्त्रालय	१	२६	०	०	२६
१.१४	सामाजिक विकास मन्त्रालय	०	०	०	०	०
१.१५	स्वास्थ्य मन्त्रालय	०	०	०	०	०
१.१६	प्रदेश नीति तथा योजना आयोग	०	०	०	०	०
१.१७	प्रदेश लोक सेवा आयोग	०	०	०	०	०
१.१८	मुख्य न्यायाधिवक्ताको कार्यालय	०	०	०	०	०
२.	**समिति तथा अन्य संस्था तर्फ**	१	२७	०	०	२७
	जम्मा	**५१**	**२९७**	**०**	**०**	**२९७**

अनुसूची - ८

(प्रतिवेदनको परिच्छेद १ दफा २.४ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०७९।८०

(रकम रू. हजारमा)

राजस्व संकेत	राजस्व शीर्षक	रकम
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	५,४८८,६९६
११४११	बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	६,८२९,६८०
११४२१	बाँडफाँट भई प्राप्त हुने अन्त शुल्क	२,४८०,६२९
११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	६,१४५,६६८
११४७१	बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	५,८४१
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	१७,०९२
११६११	व्यवसायले भुक्तानी गर्ने	६२,७९९
१४१५१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	१,६३४
१४१५३	बाँडफाँट भई प्राप्त वन रोयल्टी	०
१४१५४	बाँडफाँट भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी	०
१४१५६	बाँडफाँट भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी	०
१४१५७	बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	६५८,८३९
१४१५८	बाँडफाँट भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी	०
१४१५९	अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी	२,३३१
